## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक विश्वनाथ शर्मा ढकालको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह एम.ए. दोस्रो वर्ष दसौं पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरिएको छ ।

### १.३ विषयपरिचय

विश्वनाथ ढकाल नेपाली भाषा र साहित्यका क्षेत्रमा आफ्नो छुट्टै पहिचान राख्ने व्यक्ति हुन् । उनको जन्म गण्डकी अञ्चल तनहुँ जिल्ला भानु गा.वि.स. वडा नं. ३ चुँदी रम्घाको मध्यपुरमा वि.सं. २००४ असोज ४ गते भएको हो । ढकाल नेपाली साहित्यमा कवि, निबन्धकार, प्रबन्धकार तथा समालोचक हुन् । नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको जन्म थलो चुँदी-रम्घामा पिता विष्णुभक्त ढकाल र माता विष्णुदेवी (कपिला) को कोखबाट जन्मेका पाँच सन्तानमध्ये प्रथम पुत्रका रूपमा उनको जन्म भएको थियो । विश्वनाथ ढकालको औपचारिक अध्ययन संस्कृतबाट प्रारम्भ हुन्छ । उनले नेपाली साहित्यबाट स्नातकोत्तर तह तथा शुक्लयजुर्वेदमा आचार्यसम्मको अध्ययन पूरा गरेका छन् । विश्वनाथ ढकालको बाल्यकाल खास अभावविना नै बितेको थियो । ढकाल वि.सं. २०२८ बाट जागिरे जीवनमा प्रवेश गरे र आजीवन प्रशासनिक क्षेत्रमा आबद्ध रहिरहे । उनले जागिरे जीवनका सिलसिलामा शिक्षा मन्त्रालय, पुरातत्व विभाग, श्रम मन्त्रालय, स्वास्थ्य मन्त्रालय आदि क्षेत्रमा रही मनाङ, सिन्धुपाल्चोक, डोल्पा, सुर्खेत, कास्की जिल्लाहरूमा राष्ट्र र जनताका सेवा गरेको पाइन्छ ।

विश्वनाथ ढकाल प्रशासनिक क्षेत्रमा मात्र सीमित भएनन्, साहित्यमा पनि उनको रुचि निकै रह्यो । कविता, निबन्ध तथा समालोचना र राजनीतिमा उनी सक्रिय हुन पुगे । सुभाषित, छन्दोबद्धता, प्राकृतिक विषयवस्तु, गूढार्थप्रदान गर्ने शब्दको चयन उनको कवितात्मक विशेषता देखिन्छ भने समसामयिक विषयलाई छर्लङ्ग पार्नु उनको समोलोचकीय विशेषता देखिन्छ । उनका निबन्धमा इतिवृत्ति वर्णन, सुललित वाक्य र भाषाशैली अनि रोचक प्रसङ्ग उल्लेख्य पक्षका रूपमा देखा पर्दछन् । उनका रचनामा वर्णन गरिएका तथ्यहरू इतिहासका रूपमा समेत अध्ययन गर्न सकिन्छ । उनको 'डोल्पाली सेरोफेरो' पुस्तकाकार कृति र विभिन्न पत्रपत्रिकामा कविता, समालोचनात्मक लेखहरू प्रकाशित छन् । नेपाली भाषा साहित्य तथा प्रशासनमा उल्लेख्य योगदान गरेको ठहर गरी विभिन्न सम्मानले सम्मानित ढकालको निधन २०६१ असोज ५ गते भारतमा भयो ।

## १.४ समस्याकथन

विश्वनाथ ढकाल एक कुशल प्रशासक हुनाका साथै साहित्यकार हुन् । उनले कविता, निबन्ध र समीक्षाहरू रचना गरेका छन् । उनको जीवनी, व्यक्तित्व, साहित्यिक योगदान र कृतित्वको समग्र पक्षमा अध्ययन तथा मूल्याङ्कन आजसम्म हुन सकेको छैन । अतः उनको जीवनीको खोज गर्नु, साहित्यिक रचनाहरूको अध्ययन-विश्लेषण गर्नु यस शोधकार्यको मुख्य समस्या रहेको छ । त्यसैले यस शोधपत्रमा निम्नलिखित समस्यात्मक प्रश्नहरूलाई लिइएको छ-

(क) विश्वनाथ ढकालको जीवनका प्रमुख घटनाहरू के-के हुन्, तिनीहरूले के कस्तो मोड लिएका छन् र उनको व्यक्तित्व कस्तो पाइन्छ ।

(ख) उनको लेखनयात्रा कस्तो पाइन्छ ?

(ग) उनका फुटकर कवितामा के-कस्ता प्रवृत्ति पाइन्छन् ?

(घ) उनका समालोचनात्मक लेख र निबन्ध कृतिमा के-कस्ता प्रवृत्ति पाइन्छन् ?

माथि उल्लिखित मूल समस्यासँग तथा अन्य समस्याहरूमा केन्द्रित रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य विश्वनाथ शर्मा ढकालका साहित्यिक रचनाको खोजी गरी तिनीहरूको मूल्याङ्कन गर्नु रहेको छ । यस शोधपत्रका मुख्य उद्देश्यहरू निम्नलिखित रहेका छन्-

(क) विश्वनाथ शर्मा ढकालको जीवनीका प्रमुख घटना र मोडहरूको चर्चा गर्दै व्यक्तित्वलाई स्पष्ट पार्नु,

(ख) उनको लेखनयात्रालाई स्पष्ट पार्नु,

(ग) उनका फुटकर कविताको विश्लेषण गर्नु,

(घ) उनका समालोचनात्मक लेख र निबन्ध कृतिको विश्लेषण गर्नु,

यिनै उद्देश्य परिपूर्ति गर्नका लागि प्रस्तुत शोधपत्र केन्द्रित छ ।

## १.६ पूर्वकार्यको समीक्षा

विश्वनाथ ढकाल नेपाली साहित्यका साहित्यसाधक हुन् । उनका सम्बन्धमा केही विद्वान्हरूले साना-साना टिप्पणीका रूपमा छोटा वाक्यांश विभिन्न सन्दर्भमा प्रस्तुत गरे तापनि महत्वपूर्ण रूपमा वा महत्व दिएर उनको साहित्यिक पक्षको, जीवनी र व्यक्तित्वको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन कसैले गरेका छैनन् । उनका बारेमा हालसम्म केही टिप्पणी मात्र प्रकाशमा आएका छन् । यसैले विश्वनाथ शर्मा ढकालको जीवनी, व्यक्तित्व, कृतित्वका

सम्बन्धमा चर्चा गरिएका लेखरचनाहरूलाई कालक्रमिक रूपमा पूर्वकार्यको विवरणका रूपमा प्रस्तुत गरिएको छ ।

(क) मोतीप्रसाद भण्डारीले डोल्पाली सेरोफेरो (२०३५) पुस्तकको मन्तव्यमा ढकालको सत्प्रयासको मुक्त कण्ठले प्रशंसा गर्दै प्रकृतिको उपवन डोल्पाको प्राकृतिक सौन्दर्यको छटालाई मनमोहक र सरस रूपले वर्णनमा मूर्त रूप दिन सफल हुन सक्नु विश्वनाथको लेखनीको कुशलता हो भनी खुलेर प्रशंसा गरेका छन् ।

(ख) जनकलाल शर्माले सोही पुस्तकमा डोल्पाको विषयमा नेपाली लेखकको यस्तो जाँगर देख्दा भित्रैदेखि मनमा आनन्द लाग्नु स्वभाविक कुरा हो भन्दै सोही पुस्तकका सम्बन्धमा उनको प्रशंसात्मक टिप्पणी गर्दै योगदानको चर्चा गरेका छन् ।

(ग) डिल्लीराम मिश्रले नेपाल अधिराज्यमा तनहुँ (२०५७) पुस्तकमा विश्वनाथ शर्मालाई तनहुँका कलमजीवी व्यक्ति भनी उल्लेख गरेका छन् ।

(घ) नेपाली राष्ट्रिय दैनिक, साप्ताहिक (कान्तिपुर, द राइजिङ्ग नेपाल, हिमालय टाइम्स) पत्रिकाहरूमा ढकालको मृत्युप्रति विभिन्न पक्षबाट श्रद्धाञ्जली भाव व्यक्त गरिएको छ ।

## १.७ शोधकार्यको औचित्व, महत्त्व र उपयोगिता

नेपाली साहित्यमा महत्वपूर्ण योगदान दिने विश्वनाथ शर्मा ढकालका जीवनी तथा व्यक्तित्व, कृतित्वको चर्चा अहिलेसम्म कसैले पनि गरेको पाइँदैन । नेपालको दुर्गम क्षेत्रका रीतिरिवाज र संस्कृतिको चिन्तन गरी आफ्ना विचार रचनामा प्रस्तुत गरेका ढकालको जीवनवृत्त र विविध व्यक्तित्वका साथै उनका साहित्यिक लेख रचनाको खोजी तथा मूल्याङ्कन यस शोधपत्रको महत्वपूर्ण पक्ष रहेको छ । नेपाली साहित्यमा उनको योगदानको प्रथमपटक गरिएको यस

विश्लेषणले विश्वनाथका विषयमा अध्ययन अनुसन्धान गर्ने, जान्न खोज्ने र चाख राख्ने जो कोही व्यक्ति, सङ्घ संस्थाका लागि यो शोधपत्र थप उपयोगी बन्न पुगेको छ । उनको जीवनी अरू मानिसका लागि समेत पथप्रदर्शक बन्न सक्ने हुँदा, उनले रचना गरेका कृतिहरू सूचीबद्ध गरी ढकालको योगदानको चर्चा गर्नु यस शोधपत्रको औचित्व, महत्व र उपयोगिता रहन गएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

शोधनायक विश्वनाथ ढकाल दिवङ्गत भइसकेका छन् र उनले आफ्नो जीवनका बारेमा केही लेखेका छैनन् । अतः उनका आफन्त तथा साथीहरूबाट प्राप्त सूचनाहरू नै उनको जीवनीका प्रमुख सूचना बन्न पुगेका छन् । यसैगरी ढकालका अनेक रचनाहरू अनुपलब्ध छन् । कतिपय रचनाहरूको प्रकाशित मिति र शीर्षक मात्र ढकालले आफ्नो डायरीमा लेखेका छन्, मूल अंश भने अज्ञात नै छ । उनका प्राप्त प्रकाशित रचनाहरूको मात्र यहाँ अध्ययन गरिएको छ । उनका कतिपय रचनाहरू विना रम्घालीका नामबाट पनि सार्वजनिक छन् । तसर्थ यस शोधकार्यमा उपलब्ध सूचना र सामग्रीहरूका आधारमा उनको जीवनी र व्यक्तित्वको रेखाङ्कन मात्र गर्दै प्राप्त साहित्यिक लेखहरूको विश्लेषण-मूल्याङ्कनमा मात्र सीमित रहेको छ ।

## १.९ सामग्रीसङ्कलनविधि

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलनका क्रममा पुस्तकालीय अध्ययनका साथै अन्तर्वार्ता र विषयविशेषज्ञहरूसँग पनि सम्पर्क गरिएको छ । आवश्यक सामग्रीहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । यस कार्यमा उनका विषयमा व्यक्तिगत रूपमा व्यक्त विचार, पत्रपत्रिकामा प्रकाशित विभिन्न लेख, रचना, सूचना, विज्ञप्तिपत्र, टिप्पणी, समीक्षा समालोचनालाई पनि आवश्यक सामग्रीका रूपमा लिँदै यो शोधपत्र तयार पारिएको छ ।

## १.१० विधि/विश्लेषण

यो शोधपत्र तयार पार्दा जीवनीपरक, प्रभावपरक, विधासिद्धान्त, वर्णनात्मक पद्धतिका साथै विश्लेषणात्मक अध्ययन पद्धति समेत अपनाइएको छ । यी प्रक्रिया अवलम्वन गर्दै सामग्री सङ्कलन गरी ती सामग्रीको सूचीकरण र तिनको व्यवस्थापन नेपाली भाषासम्बन्धी लेखको विश्लेषणमा व्याख्यात्मक विधि प्रयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

हरेक कार्य व्यवस्थित ढङ्गबाट पूरा गर्न तथा सुसङ्गठित रूप प्रदान गर्न एउटा निश्चित मार्ग अवलम्बन गरिन्छ । प्रस्तुत शोधपत्रलाई पनि व्यवस्थित ढङ्गबाट पूरा गर्न सजिलो होस् भन्नका लागि पाँच परिच्छेदमा विभाजन गरी मुख्य शीर्षकमा विषयवस्तुलाई विभाजन गरी उपशीर्षकसमेत छुट्याएर अध्ययन, अनुसन्धान र विश्लेषण गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

यस परिच्छेदमा शोधकार्यको परिचय दिने क्रममा शोधपत्रको शीर्षक, प्रयोजन, विषयपरिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य, महत्व र उपयोगिता, सीमाङ्कन, सामग्री सङ्कलन, शोधविधि तथा रूपरेखा आदि उपशीर्षक निर्धारण गरिएको छ ।

दोस्रो परिच्छेदः विश्वनाथ ढकालको जीवनी र व्यक्तित्व

यस परिच्छेदमा विश्वनाथ ढकालको जीवनको आद्योपान्त वर्णन गरिएको छ । यसमा उनको जन्म र नामकरण, वंशपरम्परा र पारिवारिक पृष्ठभूमि, बाल्यकाल तथा किशोरावस्था, युवावस्था, शिक्षादीक्षा, विवाह तथा दाम्पत्यजीवन, व्यक्तिगत रुचि तथा स्वभाव, भ्रमण, सम्मान तथा पुरस्कार, साहित्यिक प्रेरणा प्रभाव र कृति, सामाजिक तथा राजनैतिक जीवन, पारिवारिक वियोगावस्था जागिरे जीवन र बसोबास, देहावसान, जीवन दर्शन तथा

व्यक्तित्वका विविध पाटा, सार्वजनिक शारीरिक, सामाजिक, साहित्यिक, धार्मिक, चिन्तनशील व्यक्तित्वको निर्धारण गरिएको छ ।

तेस्रो परिच्छेद : विश्वनाथ शर्मा ढकालको लेखनयात्रा

यस परिच्छेदमा सुरुदेखि वि.सं. २०२६ सम्म ढकालको लेखनयात्रा पहिलो चरण, २०२७ देखि २०३४ सम्म दोस्रो चरण र २०३५ देखि जीवनावधिसम्म तेस्रो चरणमा वर्गीकरण गर्दै जीवनी, व्यक्तित्व र साहित्यिक रचनाहरूको अन्तर्सम्बन्ध देखाई निष्कर्षसमेत दिइएको छ ।

चौथो परिच्छेद : विश्वनाथ शर्मा ढकालका फुटकर कविताहरूको अध्ययन

यस परिच्छेदमा विश्वनाथ ढकालका फुटकर कविताहरूको अध्ययन गरिएको छ । यसमा उनका कविताहरू हिमालयकी कली, मुनाको यादमा, एक गीत, जीवन : एक वटवृक्ष असार पन्ध्र रहेका छन् र तत्वगत रूपमा यी कविताको अध्ययन यस परिच्छेदमा गरिएको छ ।

पाँचौं परिच्छेद : फुटकर लेखहरू र पुस्तकाकार कृतिको अध्ययन

यस परिच्छेदमा विश्वनाथ शर्मा ढकालका विभिन्न विषयसँग सम्बन्धित लेख र निबन्ध सङ्ग्रहको अध्ययन गरिएको छ । यसमा पृथ्वी राजमार्ग : एक सरसरी दृष्टिमा, शुभकामना छ एक बहुमुखी नारी व्यक्तित्वलाई, प्रजातन्त्रमा निर्दलीयता, प्रेरणाकी प्रतिमूर्ति श्री ५ बडामहारानी, नेपाली साहित्यमा तनहुँको देन, नेपालको इतिहासमा शाहवंश र श्री ५ वीरेन्द्र, नयाँ शिक्षा योजनामा राष्ट्रिय विकास सेवा, शाहवंश र श्री ५ वीरेन्द्र, भानुभूमि चुँदी-रम्घा, नयाँ शिक्षा नीतिका अतिरिक्त कार्यकलाप, नेपालमा आयुर्वेदीय चिकित्साको विश्लेषण र निष्कर्षसमेत दिइएको छ ।

छैटौं परिच्छेद : निष्कर्ष

यस परिच्छेदमा शोधपत्रको निचोड वा निष्कर्ष प्रस्तुत गरिएको छ । यस क्रममा विश्वनाथ ढकालका विशेषता र योगदानको मूल्याङ्कनसमेत गरिएको छ । शोधपत्रको अन्त्यमा सन्दर्भसामग्री सूची समावेश गरिएको छ ।

## दोस्रो परिच्छेद

# विश्वनाथ ढकालको जीवनी र व्यक्तित्व

## २.१ विश्वनाथ ढकालको जीवनी

### २.१.१ जन्म र नामकरण

विश्वनाथ शर्मा ढकालको जन्म वि.सं. २००४ असोज ४ गते[१] तदनुसार २० सेम्टेम्बर १९४७ इस्वीका दिन पिता विष्णुभक्त ढकाल र माता विष्णुदेवी ढकाल (कपिला) का कोखबाट ज्येष्ठ पुत्रका रूपमा हालको गण्डकी अञ्चल, तनहुँ जिल्ला, भानु गाउँ विकास समिति, वडा नम्बर-३ चुँदी-रम्घा (मध्यपुर) गाउँको घरमा भएको हो ।[२] जन्मनक्षत्र अनुसार विश्वनाथ शर्मा ढकालको न्वारनको नाम लेखनाथ ढकाल हो । पिता विष्णुभक्त ढकालले आफ्ना सबै छोराहरूको नामको अन्त्यमा 'नाथ' जोड्ने गरेका हुँदा विश्वनाथको नाममा पनि सो शब्द जोडिएको देखिन्छ ।

### २.१.२ वंशपरम्परा र पारिवारिक पृष्ठभूमि

उपमन्यु गोत्र भएका ढकालवंशका व्यक्तिहरू नेपाल अधिराज्यका विभिन्न ठाउँका अतिरिक्त भारत, भुटान, बर्मा, युरोपका कतिपय देशहरू र अमेरिकामा समेत धेरथोर मात्रामा छरिएर रहेका छन् ।[३] प्राचीन आर्यहरूको मूल थलो भारतवर्ष भए पनि भ्रमणका सिलसिलामा आर्यहरू ठूलो सङ्ख्यामा पहाडी खण्ड अछाम जिल्लामा बसाइँ सरेको जानकारी पाइन्छ । यसै क्रममा अछाम जिल्लामा पर्ने ढाँकु गाउँमा बसोबास गर्ने ब्राह्मणहरूलाई ढकाल भनिएको

---

[१] २०२६/३/३ मा प्रमुख जिल्ला अकिकारीको कार्यालय तनहूँले विश्वनाथ ढकाललाई दिएको नेपाली नागरिकताको प्रमाणपत्र अनुसार ।

[२] दुर्गाभक्त ढकालबाट प्राप्त जानकारी ।

[३] सोमराज ढकालबाट प्राप्त जानकारी ।

पाइन्छ ।[४] ठोस प्रमाण प्राप्त हुन नसके तापनि अछामको ढाँकुबाटै यस वंशपरम्पराका पितापुर्खा स्याङ्जा जिल्लाका विभिन्न ठाउँमा आई बसोबास गरेको उल्लेख वंशावलीहरूमा पाइन्छ ।[५]

प्राचीन समयमा तत्कालीन बाइसे चौबीसे राजाहरूमध्येका तनहुँसुरका एक राजाले आफ्नो राजपरिवारमा ढकाल वंशपरम्पराका मानिस फलिफाप सिद्ध मानेर उनीहरूलाई आफ्नो दरवारको निकट रतनपुर गाउँमा बसोबास गराएको अनुश्रुति पाइन्छ ।[६] तिनै पुर्खाका पाँचौ पुस्ताका सन्तान हर्षबर्द्धन रतनपुरबाट तनहुँ चुँदी रम्घामा आई बसोबास गरेका थिए ।[७] चुँदी-रम्घाका ढकालहरूको वंशपरम्परामा हर्षवर्द्धनपछि एक दुई पुस्तापछिका दशरथबाट प्रारम्भ हुन्छ । दशरथ विश्वनाथका छैठौं पुस्ता अघिका पुर्खा थिए । उनीपछि क्रमशः छविलाल, रविलाल, हरिहर, नारायणदत्त, विष्णुभक्त हुँदै विश्वनाथको वंश परम्परा अगाडि बढेको छ ।[८] विशवनाथ ढकालका पितापुर्खाहरू प्राचीन समयमा राजकुलमा धार्मिक कार्यका लागि आउने जाने गर्दथे ।[९] राजपरिवारसँग निकट रहेर पूजाआजा, यज्ञकर्ममा सक्रिय भएका कारण उनीहरू विद्या आर्जनमा पनि समर्थ थिए ।[१०] राजपरिवार नै तिनीहरूको आम्दानीको स्रोत थियो । राजपरिवारले दिएको बिर्ता र त्यसको आम्दानीले उनीहरूको आर्थिक अवस्था बलियो भएको बुझिन्छ ।[११]

नेपाल अधिराज्य र अन्यत्र छरिएर रहेका ढकालहरू त्रिप्रवर र पञ्चप्रवरगरी दुई वर्गमा विभाजित रहेको जानकारी पाइन्छ । विश्वनाथ

---

४ ऋषिभक्त ढकालबाट प्राप्त जानकारी ।

५ ढकाल वंशावलीमा उल्लेख ।

६ ऐजन ।

७ ऐजन ।

८ ऋषिभक्त ढकालबाट प्राप्त जानकारी ।

९ ऐजन ।

१० ऐजन ।

११ ऐजन ।

ढकालको प्रवर पञ्चप्रंवर देखिन्छ । बडामहाराजाधिराज पृथ्वीनारायण शाहले शास्त्रार्थ गराउँदा कुलनाथ ढकालले सबैलाई पराजित गरेका कारण राजाले उनलाई पञ्चप्रवर कायम गरिदिएको र उनलाई १४७ ठाउँमा बिर्तासमेत दिएको किम्बदन्ती पाइन्छ ।[१२] ढकालहरू जुनसुकै प्रवरका भए पनि उनीहरूको पूजाआजा, कुलपूजालगायत अन्य धार्मिक विधिविधान भने एउटै किसिम र प्रवृत्तिको रहेको जानकारी पाइन्छ ।[१३]

विश्वनाथ ढकालका पितापुर्खाहरूले घरमा र खेतबारीमा काम गर्नका लागि कमारा-कमारीहरू राखेको बुझिन्छ ।[१४] यसबाट उनका पितापुर्खाहरूको पारिवारिक पृष्ठभूमि उच्चमध्यम किसिमको रहेको देखिन्छ । उनका पिता विष्णुभक्त ढकाल पनि मालपोत कार्यालयमा काम गर्थे । मुखियाबाट जागिरमा प्रवेश गरेका विष्णुभक्त पछि सुब्बासम्म भएका थिए । सरकारी जागिरमा रहेका कारण उनमा प्रभुत्व र हैकमवादी नीति देखिन्थ्यो । उनी छोराछोरीहरूप्रति पनि कडाइका साथ प्रस्तुत हुन्थे । बाबुको त्यस प्रकारको स्वभावबाट विश्वनाथ ढकाल पछिसम्म पनि कायल रहन्थे ।[15]

विष्णुभक्त ढकालका चार छोरा र एक छोरी रहेका छन् । अहिले सबै सन्तान अलग-अलग ठाउँमा बसोबास गरेका छन् ।[१६] जेठा छोरा विश्वनाथ ढकाल हुन् । उनको बसोबास काठमाडौंको ज्ञानेश्वरमा थियो । हाल श्रीमती र छोरी सोही ठाउँमा बसोबास गर्दछन् । माहिला छोरा शान्तिनाथ ढकाल पहिले सरकारी सेवामा नोकरी गर्दथे । हाल त्यस पेसालाई छाडी ठेक्कापट्टासम्बन्धी काम गरी काठमाडौंको सिनामङ्गलमा बसोबास गर्दै आएका छन् ।[१७] अर्का छोरा

---

१२ दुर्गाभक्त ढकालबाट प्राप्त जानकारी ।

१३ ढकाल वंशावलीमा उल्लेख ।

१४ ऋषिभक्त ढकालबाट प्राप्त जानकारी ।

१५ दुर्गाभक्त ढकाल, पूर्ववत् ।

१६ ऋषिभक्त, पूर्ववत् ।

१७ ऋषिभक्त ढकालबाट प्राप्त जानकारी ।

कृतिनाथ ढकाल स्वास्थ्यकर्मीका रूपमा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा प्राध्यापन गर्दथे । स्थायी बसोबास काठमाडौंको सामाखुसी थियो ।[१८] कान्छा छोरा जगन्नाथ ढकाल पहिले वाणिज्य बैंकमा पहिले काम गर्दथे र पछि कानुन सेवामा प्रवेश गरी जिल्ला न्यायधीशको गरिमामय पदमा रहेका थिए ।[१९] विश्वनाथ ढकालका तीन भाइमध्ये कृतिनाथ र जगन्नाथको निधन विश्वनाथ ढकालका साथ एउटै दुर्घटनामा परी भएको थियो ।[२०]

### २.१.३ बाल्यकाल तथा किशोरावस्था

विश्वनाथ शर्मा ढकालको बाल्यकाल आफ्नै जन्मथलो तनहुँको चुँदी-रम्घाकै परिवेशमा बितेको थियो । ढकालले बाल्यावस्थामा आमा, बुबा, हजुरआमा तथा मामाघरका हजुरबुबाबाट पर्याप्त माया र ममता पाएका थिए ।[२१] धार्मिक-साँस्कृतिक चाड-पर्व, रीतिरिवाज र परम्परा भएको चुँदी-रम्घामा ब्राह्मण, क्षेत्रीलगायत अन्य जनजातिसमेत रहेका छन् । ढकालको बालमस्तिष्कमा त्यसको प्रभाव धेरथोर अवश्य परेको थियो ।[२२] ८ वर्षको उमेरमा सनातन हिन्दू वैदिक विधिपूर्वक ढकालको चूडाकर्म/ब्रतबन्ध आफ्नै घर चुँदी-रम्घामा भएको हो ।[२३] ढकालले गायत्रीमन्त्र आफ्नै हजुरबुबा नायायणदत्तबाट प्राप्त गरेका थिए ।[२४]

विश्वनाथ ढकालमा हुने बिरुवाको चिल्लो पात भनेझैं बाल्यकालदेखि नै स्मरणशक्ति अत्यन्त तेज थियो ।[२५] उनी संस्कृतका विभिन्न श्लोकलगायत रामायणका कतिपय श्लोकहरू नहेरीकन मुखाग्र वाचन गर्न सक्दथे । यसरी

---

[१८] सदीक्षा ढकालबाट प्राप्त जानकारी ।

[१९] सन्देश ढकालबाट प्राप्त जानकारी ।

[२०] ऐजन ।

[२१] राजेन्द्रदेव आचार्यबाट प्राप्त जानकारी ।

[२२] ऐजन ।

[२३] दुर्गाभक्तबाट प्राप्त जानकारी ।

[२४] ऋषिभक्त, पूर्ववत् ।

[२५] ऋषिभक्त ढकालबाट प्राप्त जानकारी ।

विश्वनाथले छरछिमेकलाई बाल्यकालमै अपूर्व क्षमता प्रस्तुत गरी आश्चर्यचकित पार्दथे । कसै कसैले त उनको त्यो क्षमताको कदर गरी पुरस्कारस्वरूप पैसासमेत दिन्थे ।[२६] विश्वनाथमा सानैदेखि स्पष्ट रूपले बोल्न सक्ने, आफ्ना कुराहरू नडराइकन प्रस्ट रूपमा राख्न सक्ने क्षमता थियो । त्यतिमात्र नभई, के बाल, के युवा, के वृद्ध सबैसँग घुलमिल हुन सक्ने स्वभावसमेत विश्वनाथमा बाल्यकालमा नै विकास भएको थियो ।[२७]

सामान्यतया बाल्यावस्था र युवावस्थाबीचको विकासात्मक अवस्थालाई किशोरअवस्था भनिन्छ । यो अवस्था तेह्र-चौध वर्षपछि प्रारम्भ हुन्छ ।[२८] वि.सं. २००४ देखि वि.सं. २०२८ सम्म विश्वनाथ ढकालको जीवन गाउँ रम्घा ( मध्यपुर) र बेसी चुँदीमा बितेको थियो । उनको परिवार वैशाख महिनादेखि कार्त्तिक महिनासम्म रम्घा डाँडाको मध्यपुर भन्ने ठाउँमा शिखर कटेरीमा र मङ्सिरदेखि चैत महिनासम्म चुँदी बेसीको घरमा बस्तथ्यो । यसैले विश्वनाथ शर्मा ढकाल पनि परिवारसँग गाउँ र बेसी गर्ने गर्दथे ।[२९] विश्वनाथ ढकाल वि.सं. २०१७ सालमा आठ कक्षाको परीक्षा दिन काठमाडौं नआउँदासम्म उनको किशोरावस्था यसरी नै बितेको थियो ।

### २.१.४ युवावस्था

विश्वनाथ ढकाल किशोरावस्थामा नै अध्ययनका निम्ति काठमाडौं आइसकेका थिए । उनी रानीपोखरीस्थित संस्कृत प्रधान पाठशालामा पढ्दा पढ्दै २०१८ सालमा तीनधारा पाठशाला (संस्कृत छात्राबास) मा भर्ना भइसकेका थिए । उनले पूर्वमध्यमा (एस.एल.सी.) देखि शास्त्री (बी.ए.) तह सम्मको पढाइ त्यही बसेर पूरा गरेका थिए ।[३०] फलतः उनको युवावस्था छात्राबासमा बितेको

---

[२६] ऐजन ।

[२७] भव्देव आचार्यबाट प्राप्त जानकारी ।

[२८] शर्मा एन्ड शर्मा, शिक्षा मनोविज्ञान, काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिष्ट्रिव्यटर्स, २०५५, पृ ६८ ।

[२९] दुर्गाभक्त ढकालबाट प्राप्त जानकारी ।

[३०] ऐजन ।

थियो । उनी दसैं तिहारको बिदामा मात्र गाउँमा जाने गर्दथे । २०२१ सालमा गाउँमा गएका बखत स्याउला काट्न जङ्गल गएको बेला रुखबाट खसेर उनको खुट्टा भाँचिएको थियो ।[३१] फलतः विश्वनाथलाई हवाईजहाजमा काठमाडौं ल्याई उपचार गराइयो । केही दिन अस्पताल भर्नापछि उनी तीनधारा संस्कृत छात्राबासमा नै आई बस्न थाले । लगभग चार महिना जतिको निरन्तर उपचारले उनी हिँड्न सक्ने भए ।[३२] एकातर्फ यस समयमा ढकालका पीडादायी दिन रहे भने अर्कातर्फ कतै जान नसक्ने हुँदा छात्राबासमा नै बसी विभिन्न विषयसँग सम्बन्धित पत्रपत्रिका, पुस्तकहरू पढी दिन काट्न विवश भए । उनलाई गहन अध्ययनशील बनाउने काम त्यही घटनाले गऱ्यो । विश्वनाथ यही समयमा उत्तरमध्यमा परीक्षामा असफल हुन पुगे ।[३३] १ वर्ष आफू असफल भएको समय सदुपयोग गरी उनले विभिन्न साहित्यिक गतिविधिमा लाग्ने, अध्ययन अनुसन्धान गर्ने र सिर्जनात्मक लेख रचनाहरू लेख्न थाले । आफ्नो पढाइलेखाइको कमजोरीलाई अत्यन्त मजबुत गराउने उर्वर समय ढकालको त्यही थियो ।[३४] विश्वनाथ ढकालको दाम्पत्य जीवन प्रवेश, साहित्यिक कृतिको रचनासमय, जागिरे जीवनप्रवेश तथा जीवनको अर्को मोडमा लागेको समय यही थियो ।[३५]

---

[३१] ऐजन ।

[३२] ऐजन ।

[३३] ऐजन ।

[३४] ऐजन ।

[३५] ऋषिभक्त, पूर्ववत् ।

### २.१.५ शिक्षादीक्षा

विश्वनाथ ढकालको परिवार शिक्षित थियो । उनका पिता विष्णुभक्त ढकाल सरकारी सेवामा काम गर्दथे । शिक्षित हुनु तथा शिक्षाप्रतिको सकारात्मक सोचाइका कारण उनले छोराछोरीहरूलाई सानै उमेरदेखि पढ्ने व्यवस्था मिलाएका थिए । ढकालको प्रारम्भिक शिक्षारम्भ आफ्नै घर र मामाघरका हजुरबुबाबाट भएको थियो भने उनको औपचारिक शिक्षा रम्घाको भाषा पाठशालामा भएको थियो ।[३६] यो भाषा पाठशाला थियो, तर गुरुहरूले त्यहाँ संस्कृत पढाउनुहुन्थ्यो ।[३७] त्यसबखत उनको परिवार केही समय गाउँमा र केही समयसम्म बेसीमा सर्दथ्यो । परिवार बेसीमा बस्दा विद्यालय पढ्न जङ्गलको उकालो बाटो पार गर्नु पर्दथ्यो । उनी सहपाठी साथीहरू गोपीनाथ आचार्य, रामप्रसाद आचार्य, दुर्गाभक्त ढकाललगायत अन्य साथीहरूसँग भेट हुने ठाउँमा खरीले मितिसमेत लेखेर स्कुल गएको सङ्केत गरी आउने जाने गर्दै उनले आफ्नो अध्ययनलाई अगाडि बढाएका थिए ।[३८] विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी कक्षा आठ सम्मको पढाइ हुने सो विद्यालयमा एउटा समूहमा एकजनाले पाठ कण्ठस्थ गरी गुरुलाई सुनाउनु पर्थ्यो भने अरूले गुरुलाई पाठ सुनाउने साथीलाई आफ्नो पाठ बुझाउनु पर्थ्यो । विश्वनाथ ढकाल आफ्ना साथीहरूमाझ गुरुलाई पाठ सुनाउने र अरूको पाठ सुन्ने/बुझ्ने व्यक्ति थिए ।[३९]

विश्वनाथ ढकाल वि.सं. २०१७ मा आठ कक्षाको परीक्षा  दिन काठमाडौं स्थित रानीपोखरी संस्कृत पाठशाला आएका थिए भने अध्ययनलाई अगाडि बढाउने क्रममा २०१८ सालमा तीनधारा संस्कृत पाठशालामा भर्ना भएका थिए । [४०] उनले पूर्वमध्यमा (एस.एल.सी.) वि.सं. २०१९ मा तृतीय श्रेणीमा उत्तीर्ण गरे । त्यसपछि ढकाल उच्च अध्ययनका लागि नेपाल राजकीय संस्कृत

---

[३६] राजेन्द्रदेव, पूर्ववत् ।

[३७] दुर्गाभक्त, पूर्ववत् ।

[३८] दुर्गाभक्त ढकालबाट प्राप्त जानकारी ।

[३९] ऐजन ।

[४०] ऐजन ।

महाविद्यालय (वाल्मीकि विद्यापीठ) मा भर्ना भए । विश्वनाथले सोही महाविद्यालयबाट वि.सं. २०२२ मा उत्तरमध्यमा तह प्रथम श्रेणीमा उत्तीर्ण गरे । ढकालले यसै बीचमा वि.सं. २०२३ मा नन्दी रात्रि मा.वि. बाट एस.एल.सी. परीक्षा पनि पास गरे । उनले शास्त्री तहको परीक्षा वि.सं. २०२४ मा पूरा गरे । ढकालले आफ्नो अध्ययनप्रतिको रुचिलाई निरन्तरता दिँदै संस्कृततर्फ आचार्य तहमा र नेपाली विषयतर्फ एम.ए. मा एकैसाथ भर्ना भए । उनले वि.सं. २०२६ मा नेपाली एम.ए. द्वितीय श्रेणीमा उत्तीर्ण गरे भने २०३१ मा आचार्य पूरा गरे ।[41] त्यसबखत संस्कृत महाविद्यालय पनि त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालित रहेको हुँदा उनले दुवै परीक्षा त्रि.वि. बाट पूरा गरेका थिए ।

विश्वनाथ ढकालले आफ्नो अध्ययनशील व्यक्तित्वलाई औपचारिक रूपमा विद्यालय र क्याम्पस तहमा मात्र सीमित राखेका छैनन् । ढकाल प्रशासनिक क्षेत्रमा प्रवेश गरिसकेपछि पनि सोही पेसासँग सम्बन्धित आफ्नो अध्ययनलाई अझ परिष्कृत र सूक्ष्म तुल्याएका छन् । शिक्षा मन्त्रालय कर्मचारी प्रशासन महाशाखा, प्रशासन व्यवस्था विभाग, प्रशासन प्रशिक्षण केन्द्र हरिहरभवनबाट वि.सं. २०३० भदौ ७ गतेदेखि २०३० कार्तिक ७ गतेसम्म सञ्चालित सेवाकालीन तालिममा प्रथम श्रेणीमा उत्तीर्ण भई ढकालले आफ्नो अध्ययन निकै सूक्ष्मतासम्म पुऱ्याएका छन् ।[42] यसैगरी नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट वि.सं. १९५२ फागुन २३ देखि चैत ३० सम्म श्री ५ को सरकारका द्वितीय श्रेणीका अधिकृतहरूका लागि सञ्चालित कार्यप्रभावकारिताका लागि मानव व्यवस्थापन विषयक प्रशिक्षण कार्यक्रममा भाग लिएर उनले सो परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरेका छन् ।[43] उनले आफ्नो अनौपचारिक अध्ययनलाई जीवनभर निरन्तरता दिएको जानकारी पाइन्छ । उनी साहित्यिक

---

[४१] ऐजन ।

[४२] विश्वनाथ ढकाललाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबाट दिइएको शैक्षिक प्रमाणपत्रमा उल्लेख ।

[४३] ऐजन ।

कृतिहरू, पत्रपत्रिकाहरू, प्रशासन र विविध विषयसँग सम्बन्धित पुस्तकहरू बेलुका अबेरसम्म नै बसेर नियमित रूपमा अध्ययन गर्दथे ।[४४]

### २.१.६ विवाह तथा पारिवारिक जीवन

विश्वनाथ ढकालको विवाह १६ वर्षको उमेरमा वि.स. २०२० वैशाख १३ गते गण्डकी अञ्चल, लमजुङ जिल्ला, धमिलीकुवा वडा नम्बर २ बस्ने काशीनाथ पराजुली र राधिका पराजुलीकी छोरी जमुना पराजुलीसँग हिन्दू वैदिक विधिपूर्वक सम्पन्न भएको थियो ।[४५] जमुनाले दुर्गाकवच, चण्डी, रामायण, महाभारत वाचन गर्न सक्दथिन् । जमुना (पराजुली) ढकालले औपचारिक शिक्षा भने प्राप्त  गरेकी थिइनन् ।[४६] जमुना र विश्वनाथको विवाह फुपूदिदी अम्बिकादेवीले गराएकी थिइन् ।[४७] विवाहपछि केही वर्ष चुँदी-रम्घामा वस्दा पतिपत्नी सँगै बसेका थिए भने पढाइ सकेपछि जागिरका सिलसिलामा देशका विभिन्न ठाउँमा बस्दा पतिपत्नी सँगै बस्ने गरेका थिए ।

विश्वनाथ शर्मा ढकाल र उनकी श्रीमती जमुनाका कोखबाट दुई छोरी र एक छोरा गरी तीन सन्तानको जन्म भएको छ । जेठी छोरी कल्पना वि.सं. २०२५ पुस ९ गते जन्मेकी थिइन् भने अर्की छोरी अनुपमा २०४० असोज २२ गते जन्मेकी हुन् । ढकालका एक मात्र छोरा प्रकाशको जन्म २०३० असार ३० गते शनिबार दिन भएको हो ।[४८] छोरी कल्पनाको विवाह पर्वत जिल्ला निवासी रामप्रसाद उपाध्याय (सुवेदी) सँग भएको छ । छोराछोरीसहित सपरिवार चितवन जिल्लाको भरतपुरमा स्थायी बसोबास गर्दै आएकी कल्पना सुवेदी हाल क्यानडामा बस्छिन् । विश्वनाथ ढकालका छोरा प्रकाश ढकालले अन्तर्जातीय

---

[४४] जमुना ढकालबाट प्राप्त जानकारी ।

[४५] ऐजन ।

[४६] ऐजन ।

[४७] ऐजन ।

[४८] ऐजन ।

विवाह गरेका छन् । प्रकाशले अन्तर्जातीय विवाह गरेका भए पनि सो विवाह विश्वनाथ ढकालले हिन्दू वैदिक विधिपूर्वक गरिदिएका थिए ।[४९] प्रकाश ढकालका दुई सन्तान सुप्रिया र प्रियाना छन् । उनी हाल क्यानडामा आफ्नो परिवारसहित बस्दै आएका छन् । विश्वनाथकी कान्छी छोरी अनुपमा ढकाल आमासँग काठमाडौं ज्ञानेश्वरमा बस्छिन् । उनी स्नातक तह तेस्रो वर्षमा अध्ययनरत छिन् ।

विश्वनाथले ४१ वर्षको दाम्पत्य जीवन व्यतित गरेको देखिन्छ । दाम्पत्य जीवनका अवधिमा कहिल्यै पति-पत्नीका बीच मनोमालिन्य नभएको जमुना बताउँछिन् ।[५०] विश्वनाथ ज्यादै शान्त, विनम्र, सरल र सन्तोषी स्वभावका व्यक्ति थिए ।[५१] त्यसैले जमुनाले आफ्नो श्रीमान् रिसाएको कहिल्यै देख्नुपरेन । यी दुवै पति-पत्नीका बीच पारस्परिक सहयोगको भावना थियो । श्रीमान् सामाजिक कार्यमा बढी व्यस्त रहने भएकाले जमुनाले सन्तान र घरव्यवहारमा निकै ध्यान पुऱ्याउँथिन् ।[५२] छोराछोरीको पढाइलेखाइ तथा घरव्यवहार चलाउनु, हजुरबुबा-हजुरआमाको हेरचाह गर्नु, निकै कठिन नै भए पनि कुनै कमी महसुस हुन नदिई विश्वनाथले आफ्नो कर्तव्य पूरा गरेका थिए ।[५३] सरकारी सेवामा जागिरे ढकाल शिक्षित भएका हुनाले त्यस परिस्थितिमा सहज, स्वतःस्फूर्त रूपमै जिम्मेवारी पूरा गरेको बुझिन्छ । वि.सं. २०४० तिरबाट ढकाललाई मधुमेह रोगले सताउन थाल्यो तर पनि उनले आफन्तजनको सहयोग र सहानुभूति लिँदै आफूले पनि सक्दो सहयोग हृदयदेखि नै गर्दै आफ्नो दाम्पत्य जीवन बिताएका थिए ।[५४] आफ्ना सन्तानले शिक्षा-दीक्षा प्राप्त गरी घरव्यवहारमा लागेकामा ढकाल खुशी

---

[४९] ऋषिभक्र ढकालबाट प्राप्त जानकारी ।

[५०] जमुनादेवी, पूर्ववत् ।

[५१] ऋषिभक्त, पूर्ववत् ।

[५२] ऐजन ।

[५३] ऋषिभक्त ढकालबाट प्राप्त जानकारी ।

[५४] अनुपमा ढकालबाट प्राप्त जानकारी ।

थिए ।[५५] दिनमा अफिसमा विभिन्न व्यक्तिहरूसँग र विहान बेलुका घरमा परिवारका साथ आफ्नो दिनचर्या बिताउँदै आएका विश्वनाथ फुर्सत भएसम्म आफन्तजनहरूलाई भेट्ने, खुसीयाली बाँड्ने गर्दै समय बिताउँदै आएका थिए ।[५६] घरमा बसेर सासू, ससुराको सेवा, सन्तानको स्याहार-सुसार र भरणपोषणमा संलग्न जमुना ढकाल र विश्वनाथ ढकालको दाम्पत्य जीवन ४१ वर्षको छोटो, सुखद र सफल रहेको बुझिन्छ ।

### २.१.७ सामाजिक तथा राजनैतिक जीवन

मानिस सामाजिक प्राणी भएकाले उसले समाजमा जे जति गर्छ त्यो व्यक्ति, समाज र राष्ट्रका लागि गर्दछ । विश्वनाथ ढकाल पनि सानैदेखि समाजसेवातर्फ अग्रसर रहेको पाइन्छ । उनले विद्यालय तथा विश्वविद्यालयमा कमजोर तथा परीक्षामा असफल विद्यार्थीहरूलाई हृदयदेखि नै सक्दो सहयोग गरेको पाइन्छ ।[५७] आदर, सम्मान, माया र मित्रवत् व्यवहार सबैलाई गर्ने विश्वनाथले सहयोग साटासाट गरी बस्नु राम्रो हो भन्ने राम्ररी बुझेका र आफूले आर्जन गरेको ज्ञानलाई व्यवहारमा उतार्न सफल हुँदै गएको बुझिन्छ ।[५८]

विश्वनाथ ढकाल आफ्नो विद्यार्थीकालदेखि नै राजनीतिमा रुचि राख्दथे । गण्डकी छात्र समितिसँग सम्बन्धित भई प्रजातान्त्रिक गतिविधिमा क्रियाशील ढकाल बाल्मीकि विद्यापीठमा छात्र सङ्घमा सदस्यका रूपमा रही काम गरेका थिए ।[५९] तीनारा संस्कृत पाठशालामा बस्ने आचार्य तहका विद्यार्थीहरूलाई राजनीतिक क्रियाकलापमा सक्रिय भएको आरोप लगाइ २०२५ मा त्यहाँ नराख्ने निर्णय गर्नुका पछाडि विद्यार्थीहरू यिनै विद्यार्थी सङ्गठनहरूमा लाग्नु थियो ।

---

[५५] जमुना, पूर्ववत् ।

[५६] काशीराज सुवेदीबाट प्राप्त जानकारी ।

[५७] दुर्गाभक्त ढकालबाट प्राप्त जानकारी ।

[५८] ऐजन ।

[५९] ऐजन ।

यसप्रकार विश्वनाथ ढकाल पार्टी राजनीतिमा प्रत्यक्ष रूपमा संलग्न नभए पनि राष्ट्रियता प्रजातन्त्र र समाजवादलाई आफ्नो चिन्तन बनाइ विद्यार्थी राजनीतिमा भने निरन्तर सक्रिय रहेको देखिन्छ ।

### २.१.८ जागिरे जीवन र बसोबास

विश्वनाथ शर्मा ढकालको जागिरे जीवन वि.सं. २०२८ बाट आरम्भ भई जीवनको अन्तिम अवस्थासम्म क्रियाशील रहन्छ ।[६०] ढकालले विभिन्न कार्यालयका प्रशासनसम्बन्धी काममा आफ्नो जागिरे जीवन बिताएका छन् । प्रारम्भमा शिक्षा प्रशासन (शिक्षा मन्त्रालय) मा काम गरेका ढकालले २०३७ सालसम्म सोही क्षेत्रमा मातहतका कार्यालयहरू कास्की, सिन्धुपाल्चोक, सुर्खेत, मनाङ र डोल्पा जिल्लामा काम गरेका छन् ।[६१] उनले वि.सं. २०३७ असोज १५ देखि वि.सं. २०४३ सम्म शिक्षा मन्त्रालयअन्तर्गतकै पुरातत्व विभाग काठमाडौंमा काम गरेका छन् ।[६२] यस अवधिमा गोर्खादरबार पुनर्निर्माणमा उनको निकै देन रहेको देखिन्छ ।[६३] विश्वनाथ ढकालले वि.सं. २०४३ मा उपसचिव पदोन्नति पाएका छन् र त्यसपछि श्रम मन्त्रालयमा सरुवा भएका छन् ।[६४] श्रम मन्त्रालयमा करिब १ वर्ष जति रहेर पुनः शिक्षा मन्त्रालयमा सरुवा भएका छन् र वि.सं. २०५२ सम्म शिक्षामन्त्रालयमा नै रहेका छन् ।[६५] त्यसपछि उनी २०५२ मा स्वास्थ्य मन्त्रालयमा सरुवा भएका छन् र त्यहाँ कार्यरत रहेकै अवस्थामा दिवङ्गत भएका छन् ।[६६] यसरी ढकालले जागिरे जीवनका क्रममा विभिन्न क्षेत्रमा कार्यरत हुने मौका पाएको देखिन्छ ।

---

[६०] दुर्गाभक्त ढकालबाट प्राप्त जानकारी ।

[६१] जमुना ढकाल, पूर्ववत् ।

[६२] पुरातत्व विभाग काठमाडौको हाजिरी रेकड विवरण अनुसार ।

[६३] जमुना ढकाल, पूर्ववत् ।

[६४] श्रम मन्त्रालयको हाजिरी रेकर्डमा उल्लेख ।

[६५] राजेश माथेमाबाट प्राप्त जानकारी ।

[६६] स्वास्थ्य मन्त्रालय आन्तरिक प्रशासनको हाजिरी रेकर्ड अनुसार

विश्वनाथ ढकालको जन्म थलो चुँदी रम्घा भए पनि उनका पिताप विष्णुभक्त चितवनमा जागिरे हुँदा त्यहाँ जग्गा जमिन खरीद गरेका थिए । उनको सपरिवार २०२३ सालतिर चितवन बसाईं सरेका बुझिन्छ । यसै गरी विश्वनाथ ढकालले जागिरे जीवनका क्रममा काठमाडौंको हालको घर जग्गा खरीद गरी घर निर्माण गरेका हुँदा उनको स्थायी बसोबास काठमाडौं बन्न पुगेको देखिन्छ ।

### २.१.९ भ्रमण

मानिस नयाँ-नयाँ ठाउँको दृश्यावलोकन गर्न र प्रकृतिसँग रमाउन चाहने प्राणी हो । विश्वनाथ ढकालले नेपाल अधिराज्यका विभिन्न स्थानहरूका साथै विविध प्रयोजनका सिलसिलामा थुप्रै राष्ट्रहरूको भ्रमण गरेका छन् ।[६७] स्वदेश भ्रमणमा सुरुमा उनी शैक्षिक भ्रमण तथा पछि जागिर जीवनमा मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चलका विभिन ठाउँमा घुमेका थिए ।[६८] विश्वनाथ ढकालले कार्यशाला, गोष्ठी, सेमिनार तथा भाषिक साँस्कृतिक अध्ययन अनुसन्धानका लागि देशका अधिकांश महत्वपूर्ण ठाउँहरूमा र जागिरकै सिलसिलामा हिमाल, पहाड, तराईका ग्रामीण र मुख्य सहरी क्षेत्रमा स्वदेशको भ्रमण गरेका थिए ।[६९]

विश्वनाथ शर्मा ढकाल नेपाल बाहिर भारतका विभिन्न सहरहरू कलकत्ता, बनारस, कागद्वीप, दिल्ली आदि सहरहरूमा भ्रमण गरेको बुझिन्छ । यसका अतिरिक्त ढकालले सन् १९९९ को फरवरीमा एक हप्ते सेमिनारका लागि नेपाली प्रतिनिधि मण्डलको सदस्यका रूपमा पाकिस्तान भ्रमण गर्ने अवसर प्राप्त गरेका थिए ।[७०] विश्वनाथ ढकाल सन् १९९९ को जुनमा तीन

---

[६७] राजेश माथेमाबाट प्राप्त जानकारी ।

[६८] काशीराम सुवेदी, पूर्ववत् ।

[६९] ऐजन ।

[७०] सन् 1-2-1999 मा जिल्ला प्रशासन कार्यालय काठमाडौंद्वारा जारी ढकाललाई दिइएको राहदानीमा उल्लेख ।

हप्ताका लागि मलेसियाको भ्रमण गरेका थिए । श्रीलङ्काको भ्रमण सन् २००० को अप्रिलमा र सन् २००० को अप्रिलमै थाइलेन्डको राजधानी बैंकक भ्रमण गरेका थिए ।[७१] यसै गरी उनले सन् २००० को सेप्टेम्बरमा संयुक्त राज्य अमेरिका त्यसपछि स्पेन र फ्रान्सको समेत भ्रमण गरेका थिए ।[७२]

### २.१.१० साहित्यिक प्रेरणा र प्रभाव

तत्कालीन नेपालको प्रारम्भिक शिक्षा संस्कृत रहेको र त्यसमा पनि विश्वनाथ ढकाल ब्राह्मण कुलमा जन्मेकाले यिनको अध्ययनको सुरुवात संस्कृत शिक्षाबाट हुन्छ । उनी सानै उमेरदेखि चण्डी, शतक, वेद, पुराण आदि वाचन गर्दथे र तिनका श्लोक कण्ठस्थ सुनाउँथे ।[७३] संस्कृतमै शिक्षा आरम्भ र संस्कृतका विभिन्न साहित्यिक पौराणिक कृतिहरूको अध्ययनको प्रेरणा र प्रभाव यिनका लेख-रचनामा परेको देखिन्छ ।

विश्वनाथ शर्मा ढकालको सार्वजनिक लेखनारम्भ तनहुँबाट काठमाडौं आएपछि मात्र भएको देखिन्छ । यिनको प्रारम्भिक सार्वजनिक लेखनमा काठमाडौं तीनधारा पाठशालाको साहित्यिक वातावरण, त्यहीँ हुने साहित्यिक गोष्ठी, साहित्यकार/साहित्यसर्जकहरूसँगको भेटघाट, प्रकाशनको केही सुविधा आदिका कारणले पनि प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । यसैगरी नेपाली भाषा र साहित्यप्रतिको अनुरागले आफ्ना मनका भावनालाई यिनी लेखनमार्फत् सार्वजनिक गराउन प्रवृत्त भएका थिए ।[७४] तत्कालीन नेपाली ग्रामीण जन-जीवनमा विद्यमान रैतीप्रथा, सामाजिक शोषण, गरिबी, अन्याय, अत्याचार, कुप्रथा, जातिगत भेदभाव आदि विरुद्धको सचेत आग्रह पनि यिनको साहित्यिक लेखनले तत्कालीन नेपाली जनजीवनबाट प्राप्त गरेको प्रेरणा र प्रभाव हो ।

---

[७१] ऐजन ।

[७२] ऐजन ।

[७३] ऋषिभक्त ढकालबाट प्राप्त जानकारी ।

[७४] दुर्गाभक्त ढकालबाट प्राप्त जानकारी ।

यिनका रचनामा देखिने विश्वबोध, कुरीति विरुद्धको आक्रोश तथा चिन्तन-मननमा पनि नेपाली ग्रामीण सामन्ती शोषण प्रवृत्ति, विश्वयुद्धले निम्त्याएको विपत्ति तथा शासक र शासितको चिन्तन वेदान्त दर्शनकै प्रभाव हो । यिनका प्राप्त प्रकाशित कविताहरू प्राकृतिक छटाको वर्णन तथा समाजका लागि गर्नुपर्ने कार्यबाट प्रेरित देखिन्छन् ।

नेपाली साहित्यका आदिकवि भानुभक्त, कविशिरोमणि लेखनाथ लगायत कतिपय विदेशी साहित्यकारको प्रभाव र प्रेरणा ढकालमा भएको बुझिन्छ । विश्वनाथ ढकाल सिर्जनाका क्षेत्रमा कविता, लेख, निबन्ध, समालोचना जस्ता विभिन्न विधामा अग्रसर भएका छन् । यस्ता रचनाहरूका सिर्जनामा उनी विभिन्न व्यक्ति, घटना र परिवेशबाट प्रेरित र प्रभावित भएका छन् । आफ्ना बुबाआमा, हजुरबुबा, गुरुहरू तथा समकालीन कविहरूबाट समेत ढकालले प्रेरणा र प्रभाव ग्रहण गरेका छन् ।

### २.१.११ सम्मान तथा पुरस्कार

आफ्नो जीवनको महŒवपूर्ण समय साहित्यसाधना, सामाजिक कार्य तथा सरकारी पदमा संलग्न रही राष्ट्रसेवामा समर्पित गर्ने विश्वनाथ ढकाल विभिन्न पुरस्कार तथा पदकहरूबाट पुरस्कृत एवं सम्मानित भएका छन् । अध्ययनतर्फ विशेष रुचि राख्ने ढकालकको विद्यालय तहको पढाइ सन्तोषजनक नै थियो ।[ठछ] ढकालले सानै उमेरमा रामायणका श्लोक कुशलरूपमा कण्ठस्थ वाचन गरेबाट नगद पुरस्कारले समेत सम्मानित हुन्थे ।[ठट] विश्वनाथ शर्मा ढकाल कविता प्रतियोगिताहरूमा सक्रिय रूपले भाग लिई आफ्नो बौद्धिकता प्रस्तुत गरी पुरस्कृत भएका छन् ।[ठठ] वि.सं. २०२३/५/१८ गते संस्कृत छात्राबासद्वारा

[७५] दुर्गाभक्त ढकालबाट प्राप्त जानकारी ।

[७६] ऋषिभक्त ढकाल पूर्ववत् ।

[७७] शारदाप्रसाद पण्डितबाट प्राप्त जानकारी ।

आयोजित साहित्य सम्मेलनमा विश्वनाथ शर्मा ढकालको 'पृथ्वीकी प्राण प्रतिभा' भन्ने कविताले द्वितीय स्थान हाँसिल गरेको छ । वि.सं. २०२३ भाद्र १५ मा 'राष्ट्रिय रङ' शीर्षकको उनको कविता द्वितीय भएको छ । ढकालको राप्ती साहित्य समितिद्वारा २०२३/७/२७/७ बारका दिन आयोजित कविता प्रतियोगितामा 'प्रजातन्त्रको घामपानी' शीर्षकको कविता प्रथम भएको छ । गण्डकी छात्र समिति काठमाडौंको आयोजनामा २०२४ जेठ ९, १०, ११ गते पोखरामा आयोजित गण्डकी अञ्चलव्यापी बहृत् साहित्य सम्मेलनको कविता प्रतियोगितामा विश्वनाथ शर्मा ढकालको 'हिमालयकी कली' शीर्षकको कविता पद्यतर्फ द्वितीय भएको छ । राजकीय संस्कृत महाविद्यालयद्वारा आयोजित २०२४ भाद्र ३ गते 'मुनाको यादमा' शीर्षकको कविता ढकालको तृतीय भएको छ । गण्डकी छात्र समिति काठमाडौंद्वारा मोती जयन्तीको उपलक्ष्यमा वि.सं. २०२५ भाद्र १६ गते आयोजित साहित्य सम्मेलनमा विश्वनाथको 'मुनाको यादमा' शीर्षकको कविता विशेष पुरस्कृत भएको छ । राजकीय संस्कृत महाविद्यालय छात्रसमितिद्वारा आयोजित छात्रहरूको सम्मेलनमा उनको राजकीय संस्कृत महाविद्यालयको १५ औं र १६ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित साहित्यसम्मेलनमा क्रमशः 'मायालुसित' र 'समय लम्कीरहेछ' शीर्षकका कविता द्वितीय र प्रथम स्थानमा आएका छन् । यसरी विश्वनाथ शर्मा ढकालले साहित्यिक गतिविधिमा सक्रिय रूपले सहभागी भई विभिन्न प्रतियोगितामा आफ्ना रचनाहरू प्रस्तुत गरेको बुझिन्छ । ती प्रतियोगिताहरूबाट उनलाई प्रशंसापत्र, पदक, नगदपुरस्कार, पुस्तक लगायत प्रमाणपत्रहरू पुरस्कार स्वरूप मिलेको छ ।[७८]

विश्वनाथ शर्मा ढकाल आफ्नो जागिरे जीवनमा पनि पुरस्कृत र सम्मानित भएका छन् । ढकाले प्रशासन व्यवस्था विभाग, प्रशासन प्रशिक्षण

---

[७८] विभिन्न मितिमा ढकाललाई प्रदान गरिएका प्रमाणपत्रहरूमा उल्लेख ।

केन्द्र हरिहरभवनबाट तीनवटा प्रमाणपत्र प्राप्त गरेका छन् । सेवाकालीन तालिमहरूमा पनि प्रथम श्रेणीमा उत्तीर्ण गरेबापत उनलाई प्रशंसापत्र प्रदान गरिएको छ । विश्वनाथ शर्मा ढकाल नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा वि.सं. २०५२ फागुन २३ गते देखि चैत ३० सम्म श्री ५ को सरकार राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूका लागि सञ्चालित कार्यप्रभावकारिताका लागि मानव व्यवस्थापन विषयक प्रशिक्षण कार्यक्रममा प्रथम-श्रेणीमा उर्त्तीण भएका थिए र त्यसमा उनलाई प्रमाणपत्र प्रदान गरिएको छ । विश्वनाथ शर्मा ढकाल पुरातत्व विभागमा सहसचिवका रूपमा कार्यरत रहँदा सुम्पिएको काम प्रशंसनीय ढङ्गले गरेबापत प्रबल गोरखा दक्षिण बाहुको मान पदवीले सम्मानित भएका छन् ।[ठढ] विश्वनाथ शर्मा ढकाल शिक्षा मन्त्रालयमा सहसचिवका रूपमा कार्यरत रहँदा सुप्रबल गोरखा दक्षिणबाहुको मानपदवीले सम्मानित भएका छन् । त्यस्तै सुविख्यात त्रिशक्ति पट्ट परम सुप्रसिद्ध गोरखा दक्षिणबाहुले उनलाई सम्मान गरिएको देखिन्छ । ढकालले नेपाली भाषा, साहित्यमा तथा प्रसासनिक क्षेत्रमा गरेको योगदान अनुरूप अझै उनको कदर हुन सकेको देखिन्न

### २.१.१२ व्यक्तिगत रुचि तथा स्वभाव

#### २.१.१२.१ रुचि

प्रत्येक व्यक्तिका आ-आफ्नै रुचि हुन्छन् । सबै व्यक्तिका आ-आफ्नै सबै रुचिअनुसार जीवन सहजरूपमा अगाडि बढ्न सकेको हुँदैन । आफ्ना इच्छा आकांक्षालाई सङ्कुचित गर्न पनि परिस्थितिले बाध्य पारेको हुन सक्छ । विश्वनाथ शर्मा ढकालको रुचि विविध क्षेत्र र विषयसँग रहेको बुझिन्छ । उनी खेलकुद तथा मनोरञ्जनात्मक कार्यक्रमहरूलाई निकै समय दिन्थे । टेलिभिजनका समाचारमूलक तथा अन्य कार्यक्रमहरूलाई नियमित जसो समय

---

[७९] प्रधानमन्त्री तथा राजदरबारसम्बन्धी एवं अध्यक्ष विभुषण समिति प्रमुख सचिवालयद्वारा प्रदान प्रशंसापत्रमा उल्लेख ।

छुट्याउँथे । उनी नयाँनयाँ स्थानको भ्रमण गर्न अत्यन्त लालयित हुन्थे ।[८०] आफ्नो प्रशासनसम्बन्धी पेशा, राष्ट्रिय हित र त्यतैतिर संलग्न रहने विश्वनाथ ढकालको खास रुचि अध्ययन, अनुसन्धान र राष्ट्रिय समसामयिक विषयमा चिन्तन मनन गर्नु हो । सामूहिक कार्यप्रति रुचि राख्ने विश्वनाथमा सबै स्तरका मान्छेसँग समान किसिमको आत्मीय सम्बन्ध स्थापित गर्ने खुबी थियो ।[८१]

उनी निजी फाइदालाई हेरी कुनै पनि काम गर्न रुचाउँदैनथे । उनको राजनीतिक रुचिको कारण वैचारिक स्वतन्त्रता र राष्ट्रवादी चिन्तन थियो ।[८२] प्रत्येक जातिको साँस्कृतिक विकासलाई ढकाल निकै महत्व दिन्थे । प्रशासनमा भ्रष्टाचार, शोषण र कुआचरणप्रति विमुख उनी धार्मिक कट्टरता, रुढिवादी मान्यता, जातिगत भेदभाव, राजनैतिक शोषणका विरोधी हुन् ।[८३] प्राय:जसो औपचारिक पोसाकमा हिँड्न मन पराउने विश्वनाथ ढकालको विशेष रुचि नाट्यशास्त्रमा थियो । सानै उमेरदेखि उनी नाटकहरू हेर्न जाने गर्थे ।[८४]

विश्वनाथ ढकालको गीत सङ्गीतमा खुबै रुचि थियो । विशेष गरी लोक तथा दोहरी गीतहरू सुन्न र सुनाउन निकै लालयित हुन्थे ।[८५] नेपालका स्थानीय क्षेत्रहरूमा निकै प्रचलित त्यस्ता गीतहरू सुन्नासाथ अवसर मिलेमा ढकाल नाँच्न तम्सिहाल्थे ।[८६] हिन्दी सिनेमा तथा पाकिस्तानी गजलकारका गजलहरू पनि उनी अति मन पराएर सुन्थे ।

विश्वनाथ ढकाल मौसम र आवश्यकताअनुसारका खानेकुरामा बढी झुकाव राख्थे । दूध, माछा, मासुका साथै उनी दालभात, अचारयुक्त सादा नेपाली खानामा रुचि राख्दथे । उनी हरियो साग, गान्टेमुला, आलुबोडी,

---

[८०] अनुपमा ढकालबाट प्राप्त जानकारी ।

[८१] दोलखबहादुर गुरुङबाट प्राप्त जानकारी ।

[८२] काशीराज, पूर्ववत् ।

[८३] राजेन्द्रदेव, पूर्ववत् ।

[८४] राजेन्द्रदेव आचार्यबाट प्राप्त जानकारी ।

[८५] अनुपमा, पूर्ववत् ।

[८६] जमुना, पूर्ववत् ।

तितेकरेला बढी मन पराउँथे ।[ङठ] ढकाल भोज भतेरहरूमा सहभागी बन्दा हल्का पेय पदार्थहरू लिन्थे तर धूम्रपानमा बाहेक अरू कुरामा उनको आदत भने बसेको थिएन ।[ङड] विश्वनाथ ढकाललाई शारीरिक रूपमा मधुमेय (सुगर) रोगको समस्या थियो जसले गर्दा गुलिया खाद्यपदार्थहरू खानमा मन गर्दैनथे र शरीरले पनि सहँदैनथ्यो ।

देशविदेशको भ्रमण गर्नु, त्यहाँका साँस्कृतिक र भाषिक अध्ययन गर्नु, देशको तर्फबाट प्राज्ञिक बौद्धिक सहभागिता जनाउनु तथा देशविदेशका प्राकृतिक र कृत्रिम आधुनिकताको दृश्यावलोकनप्रति पनि ढकालको रुचि थियो भन्ने कुरा ढकालले भ्रमण गरेका विभिन्न प्रसङ्गबाट र उनको देहावसान भ्रमणकै सिलसिलामा भएकोबाट पुष्टि हुन्छ । समग्रमा साहित्यिक तथा वैचारिक अध्ययन विश्वनाथ ढकालको प्राज्ञिक रुचि थियो भने आफन्तजनहरूलाई समेट्दै तिनीहरूका प्रगतिपथमा लैजानमा मद्दत गर्ने र सो वातावरण निर्माण गर्ने तर्फ उनको विशेष रुचि रहेको थियो ।

### २.१.१२.२ स्वभाव

विश्वनाथ ढकाल सानैदेखि सरल र मिजासिलो स्वभावका थिए । उनी केटाकेटी अवस्थामा पनि खेलकुदमा भन्दा सिक्नेतर्फ केन्द्रित रहन्थे ।[ङढ] ढकालको बाल्यकालीन स्वभावमा उनको जन्मथलोको प्रभाव देखिन्छ । चुँदी रम्घा पहिलेदेखि नै बढी शिक्षित वर्ग भएको ठाउँ हुँदा ढकालको उठबस त्यस्तै व्यक्तिहरूसँग रहेको थियो जसले गर्दा सेवा नै धर्म हो भन्ने भावना ढकालमा बाल्यकालदेखि नै उत्पन्न भएको थियो ।[ङण] पिता विष्णुभक्त ढकालमा अलि कडा किसिमले प्रस्तुत हुने स्वभाव थियो जसले गर्दा विश्वनाथमा कायलता

---

[८७] ऐजन ।

[८८] भवदेव आचार्यबाट प्राप्त जानकारी ।

[८९] दुर्गाभक्त ढकाल, पूर्ववत् ।

[९०] राजेन्द्रदेव, पूर्ववत् ।

देखिन्थ्यो ।[९१] विश्वनाथ सबैलाई कर्म गर्न अर्थात् कर्म गर्न प्रोत्साहित तुल्याउने सहयोगी भावनाले ओतप्रोत थिए ।[९२] सबै वर्गलाई आफन्तजस्तै व्यवहार गर्ने मिलनसार, संवेदनशील र अत्यन्त सहयोगी ढकालले साथीहरूप्रति अत्यधिक मिलनसारिता र विश्वास देखाउँदा उनी आफ्ना सहकर्मीबाट कहिलेकाहीँ बौद्धिक शोषणमा पनि पर्दथे ।[९३] घरका तथा बाहिरका सबै मान्छेलाई समान भावले हेर्ने ढकालमा अरूप्रति दया, माया र स्नेह थियो ।[९४] उनको असल र दया मायाकारी भावना मुख्यतः गाउँ र राष्ट्रका लागि थियो । ढकालमा हरेक किसिमका मानिससँग छिट्टै घुलमिल हुन सक्ने खुबी र सबैमाथि विश्वास गरिहाल्नु उनको कमजोरी पनि थियो ।[९५] विश्वनाथ ढकाल विनयशील सहिष्णु हुँदाहुँदै पनि अनावश्यक झन्झटबाट भने पर भाग्न खोज्दथे ।[९६] उनी रिसाएको र खुशी भएको बाहिरबाट  हेर्दा थाहा पाइदैनथ्यो ।[९७]

प्रत्येक व्यक्तिलाई काम गर्दा प्रोत्साहित गर्ने, झैं-झगडा र आपसी वैमनस्य तथा व्यक्तिगत स्वार्थबाट सधैँ डाढा रहने ढकालका बोलीमा मृदुपना, मानवतावादी चिन्तक, बौद्धिक तीव्रता भएर पनि सरलता, दृढ व्यावहारिकता, कर्तव्यप्रतिको निष्ठा र इमान्दारी, अरूप्रतिको सहयोगी भावना, कार्यप्रतिको लगनशीलता, मिलनसारिता ढकालका स्वभावका मूलभूत पाटाहरू हुन् ।[९८] ढकालमा आफूले गरेको गल्ती महशुस स्वीकार गर्ने स्वभाव थियो । यो उनको विशेष गुण हो ।[९९] पुस्तकलगायतका अन्य चिजबीजको रखाइलाई व्यवस्थित

---

[९१] भवदेव, पूर्ववत् ।

[९२] दोलखबहादुर गुरुङ पूर्ववत् ।

[९३] ऐजन ।

[९४] गौरी ढकालबाट प्राप्त जानकारी ।

[९५] खगेन्द्रबहादुर बस्नेतबाट प्राप्त जानकारी ।

[९६] राजेन्द्रदेव आचार्यबाट प्राप्त जानकारी ।

[९७] ऐजन ।

[९८] ऐजन ।

[९९] जमुनादेवी ढकालबाट प्राप्त जानकारी ।

ढङ्गले राख्ने र निकै वर्षपछि पनि सोही ठाउँबाट जस्ताको तस्तै रूपमा निकाल्ने उनको आदत थियो ।[१००]

भित्री तहमा अतुलनीय विद्वता भए पनि बाहिरी धरातलमा सरल स्वभभावले भरिपूर्ण ढकालको प्रखर देशभक्ति र बौद्धिक क्षमता उनको स्वभावको मूल पहिचान हो ।[१०१] ढकालको स्वभाव स्पष्ट वक्ता र निडर किसिमको थियो । निर्णय लिनुपर्दा तुरुन्तै लिन सक्ने स्वभाव उनमा थियो ।[१०२] विश्वनाथ ढकालमा परिवारजन, आफन्त, इष्टमित्रहरू सबैलाई समेट्दै लैजाने र सामान्य स्तर (निम्न, मध्यम) मा दाम्पत्य जीवन बिताएकाहरूलाई आर्थिक अवस्था उच्च बनाउने वातावरण मिलाउन निकै तल्लीन हुने स्वभाव थियो ।[१०३] पहिले निर्णय गर्ने र पछि पछुताउने किसिमको स्वभाव ढकालको नभएको बुझिन्छ । कहिलेकाहीँ छोराछोरीहरूलाई केही चर्को बोलेपनि पछि तुरुन्त सम्झाउन थाल्ने स्वभाव उनमा थियो ।[१०४] सरकारी उच्च पदमा रहेर काम गरेका ढकालमा म ठूलो हूँ भन्ने भावनाको गर्व थिएन । चाहिनेभन्दा बढी प्रशंसा पाउँदासमेत उनमा घमण्ड उत्पन्न हुँदैनथ्यो ।[१०५]

विश्वनाथ सामाजिक रूपले परम्परा निर्वाह गर्ने, हठधर्मी किसिमका थिएनन् । कुनै पनि सामूहिक छलफल तथा भैपरी आउने कार्यमा हाजिर नहुने उनको स्वभाव थिएन ।[१०६] आदरणीय व्यक्तित्व माथिको सम्मान, साना र समकालीनहरूमा मैत्रीपूर्ण र स्नेहशील व्यवहार, युवापुस्ताका सोचहरूसँग विश्वनाथ समावेशी थिए । तल्लो पुस्ता (नयाँ पुस्ता) सँग उनी खुला हृदयले

---

[१००] ऐजन ।

[१०१] काशीराम सुवेदी, पूर्ववत् ।

[१०२] दुर्गाभक्त, पूर्ववत् ।

[१०३] ऋषिभक्त, पूर्ववत् ।

[१०४] जमुनादेवी, पूर्ववत् ।

[१०५] खगेन्द्रबहादुर बस्नेत, पूर्ववत् ।

[१०६] राजेन्द्रदेव आचार्य, पूर्ववत् ।

व्यवहार गर्दथे ।[107] विश्वनाथ ढकालमा रुढिवादी परम्परा र प्रवृत्तिलाई सहज स्वीकार गर्न नसक्ने स्वभाव समेत थियो ।[108] समग्रमा एकान्त प्रेमभन्दा सामूहिक कार्यप्रतिको आस्था, धार्मिक, कट्टरता भन्दा मानवसेवा, राजनीतिक खिचातानी भन्दा राष्ट्रप्रेम यिनका मूलभूत गुणहरू हुन् ।

### २.१.१३ पारिवारिक वियोगावस्था

मृत्यु संसारको सर्वव्यापी नियम भए पनि यसले व्यक्तिको जीवनमा गम्भीर चिन्ता र शोक उत्पन गराइदिन्छ । विश्वनाथ ढकालका पिता विष्णुभक्त ढकालको मृत्यु वि.सं. २०३९ (विश्वनाथ ३५ वर्षको हुँदा) मा भएको हो ।[109] बहुलाएको कुकुरले टोकेको गाईलाई सुम्सुम्याउँदा रेबिजका कीटाणु सङ्क्रमण भई विष्णुभक्तमा उक्त रोग प्रवेश गरेको थियो । उनी झोक्की, निडर स्वभावका भएकाले तत्काल उनले रोगका बारेमा ध्यान दिएनन् । पछि इन्जेक्सन लगाउँदा रियाक्सन भई ब्रेन ह्याम्लेजबाट काठमाडौंको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा देहावसान भयो । यस घटनाले गर्दा विश्वनाथ केही दिनसम्म निकै मर्माहत देखिन्थे ।[110] वि.सं. २०५२ सालमा आमा विष्णुदेवीको पनि निधन भयो । पिता र माताको वियोगको पीडा खपेका ढकाल आमाको निधनको ९ वर्ष पछि संसारबाट सदाका लागि बिदा भए ।

### २.१.१४ देहावसान

विश्वनाथ ढकाल आफ्ना परिवारजनसहित तीर्थव्रत गर्ने ध्येयले निजी भ्रमणको सिलसिलामा भारतका विभिन्न धार्मिक मठ-मन्दिर पुग्ने लक्ष्यका साथ वि.सं. २०६१ कार्त्तिकमा घरबाट निस्केका थिए ।[111] सोही भ्रमणका क्रममा

---

[107] ऐजन ।

[108] ऋषिभक्त, पूर्ववत् ।

[109] भवदेव आचार्य, पूर्ववत् ।

[110] ऋषिभक्त ढकाल, पूर्ववत् ।

[111] सन्देश ढकालबाट प्राप्त जानकारी ।

कलकत्ताको कागद्वीप भन्ने ठाउँमा मोटर दुर्घटना परी घटनास्थलमै वि.सं. २०६१ कार्तिक ५गते ५७ वर्षको उमेरमा आफ्नी धर्मपत्नी जमुनादेवी, छोरा, बुहारी, छोरीहरू, भाइबहिनी (परिवार) आफन्तजन तथा सिङ्गो धर्तीलाई छोडेर परमधाम भए ।[११२] विश्वनाथ एक्लै परमधाम भएनन् आफ्ना भाइहरू कृतिनाथ र जगन्नाथलाई सँगै लिएर गए । ढकालको पञ्चभौतिक शरीरको अन्त्य यसरी अकल्पनीय रूपमा भयो । ढकाल यस अघि पनि भारत भ्रमणकै क्रममा मोटर दुर्घटना परेका थिए । दैवको लीला त्यसबखत केही घन्टा अचेत अवस्थामा रही उपचारपछि त्यतिखेर होस् खुलेको थियो ।[११३] तर यसपटक भने एउटै परिवारका चारजना सदस्य एउटै दुर्घटनाको शिकार बन्न पुगे ।

ढकालको मृत्युको घटनाले शोक विह्वल भएका अनेकौं राष्ट्रिय तथा स्थानीय साहित्यिक, शैक्षिक, प्राज्ञिक तथा सामाजिक संघ संस्थाहरूले श्रद्धाञ्जली व्यक्त गरे । उनको दुर्घटनामा परी मृत्यु भएको खबर सरकारी तथा नीजि सञ्चारमाध्यमबाट प्रमुखताका साथ प्रशारण गर्दै देश र समाजका लागि ढकालले गरेको योगदानको स्मरण गरियो । देशका प्रमुख राष्ट्रिय दैनिक, साप्ताहिक तथा स्थानीय पत्रपत्रिकामा उनको मृत्युमा श्रद्धाञ्जली तस्विरसहित छापियो ।[११४]

### २.१.१५ जीवनदर्शन

विश्वनाथ शर्मा ढकालको जीवनदर्शन पूर्वीय चिन्तन परम्पराबाट प्रभावित थियो । उनी आत्मज्ञान विना जीवन सफल हुँदैन भन्ने ठान्दथे ।[११५] उनी सामाजिक समानताका पक्षपाती थिए । आत्मज्ञान प्राप्त गर्न सक्नु र

---

११२ ऐजन ।

११३ अनुपमा ढकाल, पूर्ववत् ।

११४ शान्तिनाथ ढकालबाट जानकारी ।

११५ राजेन्द्रदेव आचार्य, पूर्ववत् ।

सबैको आत्मालाई चिन्न सक्नु नै जीवनको सर्वोत्कृष्ट उपलब्धि हो भन्ने उनको आदर्श थियो ।[११६] उनी मूलतः पूर्वीय दर्शनप्रति आस्थावान् व्यक्ति भएकाले बौद्धदर्शन, शाङ्ख्यदर्शन र योगको समेत प्रभाव उनमा परेको थियो । उनलाई आफन्त, आफ्नो देश, आफ्नो जाति र आफ्ना आदर्शप्रति आगाध आस्था थियो । उनी मानवकल्याणका लागि काम गर्नुपर्छ भन्ने विचार राख्दथे ।[११७] यसरी उनका जीवनजगत्सम्बन्धी उपयुक्त धारणा र दृष्टिकोणलाई हेर्दा उनी मूलतः एक आदर्शवादी व्यक्तिका रूपमा देखा पर्दछन् ।

आफ्नो जीवनकालभरि साहित्य, समाजसेवा, भाषा, शिक्षा, पुरातŒव तथा स्वास्थ्य लगायत अनेक क्षेत्रमा सक्रिय विश्वनाथ ढकालका सम्बद्ध हरेक क्षेत्रका बारेमा मौलिक धारणा एवं मन्यता देखिन्छन् । उनी धर्ममा कट्टर देखिँदैनन् । मानवसेवालाई नै जीवनको ठूलो धर्म ठान्दछन् ।[११८]

विश्वनाथ ढकाल एक पुरातत्वविद् पनि हुन् । राष्ट्रको प्राण र सार नै संस्कृति हो । यसको सुदृढीकरणको अभावमा विदेशी संस्कृतिको नकारात्मक र मानसिक उपनिवेशवादको स्थिति पैदा हुन्छ भन्ने ढकालले आर्थिक, सामाजिक, साँस्कृतिक विकासलाई सँगसँगै लागी यसमा आधुनिकीकरण गरेमा मात्र देशको सर्वाङ्गीण विकास गर्न सकिने धारणा राख्थे ।[११९] साँस्कृतिक मिश्रणलाई महत्व दिने ढकालले आफ्नो छोराको अन्तर्जातीय विवाहलाई सहजरूपमा स्वीकार गरेका थिए । विश्वनाथ ढकाल कला, साहित्यलाई उच्च स्थानमा राख्थे । साहित्यका माध्यमबाट समाज, संस्कार, संस्कृति र पर्यावरणको अवगत गराउन सजिलो पर्ने उनका प्रकाशित रचनाहरूको अध्ययनबाट साहित्यिक धारणा अवगत हुन्छ । उनी जीवन सँधै क्रियाशील रहनुपर्छ, अरूलाई सहयोग गर्नुपर्छ

---

[११६] दोलखबहादुर गुरुङ, पूर्ववत् ।

[११७] राजेन्द्रदेव आचार्य, पूर्ववत् ।

[११८] ऐजन ।

[११९] ऐजन ।

र जीवनका प्रयत्नहरू सार्थक हुनपर्छ भन्ने मान्यता राख्दथे ।[120] समग्रमा बौद्धिक, व्यक्तित्व, सरल जीवन, रसमयी स्वभाव नै विश्वनाथको जीवनदर्शन देखिन्छ ।[121]

## २.२ विश्वनाथ शर्मा ढकालको व्यक्तित्व

### २.२.१ पृष्ठभूमि

व्यक्तित्व शब्दले व्यक्तिविशेषको निजीपन वा अरूलाई प्रभावित पार्ने गुण, व्यक्तिविशेषमा निहित विशेषता आदिलाई बुझाउँछ ।[122] कुनै पनि व्यक्तित्व उसले आफ्ना जीवन अवधिमा गरेका विभिन्न कार्यहरू तथा जीवनका आरोह, अवरोह र जीवन भोगाइका आधारमा निरूपण गर्न सकिन्छ । व्यक्तित्व निर्माणमा व्यक्तिको पारिवारिक, सामाजिक, साँस्कृतिक, आर्थिक एवं राजनैतिक पृष्ठभूमिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, साथ-सङ्गत र जीवनजगतप्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । व्यक्तिको व्यक्तित्वलाई मूलतः दुई किसिमले हेर्न सकिन्छ । निजी व्यक्तित्व र सार्जजनिक व्यक्तित्व ।

व्यक्तिका निजी व्यवहारसँग सम्बद्ध कुराहरूलाई निजी व्यक्तित्व भनिन्छ । यसमा व्यक्तिका आन्तरिक र बाह्य व्यक्तित्व पर्दछन् । समाजअनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नुलाई सार्वजनिक व्यक्तित्व भनिन्छ । सार्वजनिक व्यक्तित्व भित्रै व्यक्तिका साहित्यिक र साहित्येत्तर व्यक्तित्व समाहित हुन्छन् । विश्वनाथ ढकालले वि.सं. २००४-२०६१ का बीच जम्मा ५७ वर्षको जीवनकालमा धेरै महत्वपूर्ण कार्यहरू गरेका छन् । नेपाली साहित्यको समुन्नतिका लागि अथक मेहनत गरेका ढकालले राष्ट्र र राष्ट्रियता तथा नेपाली

---

[120] काशीराम, पूर्ववत् ।

[121] राजेन्द्रदेव, पूर्ववत् ।

[122] बालकृष्ण पोखरेल र अन्य (सम्पा.) नेपाली बृहत् शब्दकोश, (काठमाडौं: ने.रा.प्र.प्र., २०४०) पृ. १२४५ ।

भाषाका लागि विभिन्न क्षेत्रमा विशिष्ट काम गरेका छन् । यी कुराहरूलाई ध्यानमा राखी उनको योगदानका आधारमा व्यक्तित्वका विविध पाटाहरूको चर्चा गरिएको छ ।

### २.२.२ निजी व्यक्तित्व

व्यक्तिका आनीबानी व्यवहारसँग सम्बन्धित व्यक्तित्व नै निजी व्यक्तित्व हो । निजी व्यक्तित्वले सार्वजनिक व्यक्तित्वमा प्रभाव पार्दछ । निजी व्यक्तित्वले व्यक्तिको बाहिरी आकारप्रकारका साथै आन्तरिक आचरण शील-स्वभाव आदिको ज्ञान गराउने भएकाले यसलाई पनि दुई भागमा विभाजन गरेर हेर्न सकिन्छ । बाह्य व्यक्तित्व र आन्तरिक व्यक्तित्व ।

#### २.२.२.१ बाह्य व्यक्तित्व

विश्वनाथ शर्मा ढकालको शारीरिक व्यक्तित्व गहुँगोरो वर्ण, न त निकै मोटो न निकै दुब्लो ठिक्कको शरीर, सामान्य, सफा र आकर्षक पहिरन, कालो कपाल र मीठो बोली, सालाखालामा खाइलाग्दो चिटिक्क परेको निकै प्रभावशाली र आकर्षक थियो ।[१२३] उनी सानो छदा दुब्ला पातला थिए, अध्ययन सँगसँगै कार्यक्षेत्रमा प्रवेश गरेपछि उनको शारीरिक व्यक्तित्व (मोटाइ) सरदर मान्छेका रूपमा विकसित भयो ।[१२४] पछिल्लो सयममा विश्वनाथ शर्मा ढकालको उचाइ १.५७ मिटर थियो ।[१२५] शारीरिक अवस्थाप्रति सधैँ ख्याल राख्ने ढकाल सरल, मृदृभाषी र अत्यधिक मिलनसार स्वभावका र त्यक्तिकै उच्च गम्भीर र उच्च मनोबलयुक्त पनि देखिन्थे । उनी जस्तोसुकै काम गर्दा पनि अत्यन्त धैर्यका साथ कार्यप्रति लगनशील रहन्थे र जस्तोसुकै परिस्थितिमा पनि तुरुन्तै

१२३ राजेश माथेमाबाट प्राप्त जानकारी ।

१२४ दुर्गाभक्त, पूर्ववत् ।

१२५ विश्वनाथ ढकालको नाममा जारी राहदानीमा उल्लेख ।

निर्णय लिई फत्ते गर्दथे ।[१२६] मौसम अनुसारको सफा कपडा लगाउनु र चिटिक्क परेर बस्नु विश्वनाथको निजी प्रवृत्ति थियो भने कुनै काम थालेपछि त्यसलाई निरन्नरता दिएर सिध्याउने स्वभाव पनि उनमा थियो ।[१२७]

### २.२.२.२ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व व्यक्तिमा अन्तर्निहित गुण, स्वभाव र समग्रमा उसले जीवनमा गरेका महत्वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छ । विश्वनाथ ढकालको आन्तरिक व्यक्तित्व केलाउँदै जाँदा यिनमा सानै उमेरदेखि कल्पनामा डुब्ने, सहपाठी एवं दौतरीसँग सहयोग आदान-प्रदान गर्ने र छरछिमेक तथा आफन्तहरूको सम्बन्धमा जिज्ञासा राख्ने बानी रहेको थाहा हुन्छ ।[१२८] मन, वचन र व्यवहारद्वारा कसैप्रति अनादर नगर्नु, सङ्लो राष्ट्रिय चित्र छातीमा अङ्कित गर्नु, लक्ष्यप्राप्तिका लागि अथक परिश्रम र अनवरत प्रयास गर्दै रहनु, जनजाति, भाषाभाषीप्रेममा आत्मसमर्पण गर्नसमेत पछि नहट्नु ढकालका अनुकरणीय आन्तरिक व्यक्तित्वका पक्ष देखिन्छन् ।[१२९] विश्वनाथ ढकालको आन्तरिक व्यक्तित्वका दुई पक्ष महत्वपूर्ण देखिन्छन् - चिन्तनशील व्यक्तित्व र धार्मिक व्यक्तित्व ।

### (क) चिन्तनशील व्यक्तित्व

विश्वनाथ ढकाललाई चिन्तनशील व्यक्तित्वका रूपमा पनि लिन सकिन्छ किनभने उनका हरेक कृतिहरूमा चिन्तनशील भाव प्रखररूपमा प्रकट भएको पाइन्छ । उनका रचनाहरूमा पाइने तार्किकता, बौद्धिकता, कल्पनाशीलता नै चिन्तनशील व्यक्तित्वका परिचायक हुन् । ढकालका विभिन्न मितिमा विभिन्न

---

[१२६] दुर्गाभक्त ढकाल, पूर्ववत् ।

[१२७] राजेन्द्रदेव आचार्य, पूर्ववत् ।

[१२८] विश्वराजबाट प्राप्त जानकारी ।

[१२९] विष्णुराज कार्कीबाट प्राप्त जानकारी ।

पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरू पनि चिन्तशील व्यक्तित्वका रूपमा आएका छन् ।[१३०]

### (ख) धार्मिक व्यक्तित्व

विश्वनाथ शर्मा ढकालको पुर्खादेखि नै आस्तिक परिवार देखिन्छ । पूजापाठ र तीर्थव्रत गर्ने चलन ढकालका बाबुबाजेका पालादेखि उनको समयसम्म चलेको छ । हिन्दू संस्कारको पूर्ण पालना गर्ने, घरायसी परम्पराको प्रभाव विश्वनाथ ढकालमा पनि परेको बुझिन्छ । आफ्नो अध्ययन संस्कृत भएको र त्यही अनुसारका यज्ञकर्महरूमा विश्वनाथ पटक पटक सहभागी भई पाठ वाचन गरेका थिए ।[१३१] आफ्ना संस्कार, रीति, परम्परालाई आधुनिकीकरण गर्दै लैजानु पर्छ भन्ने ढकालको उमेर बढ्दै जाँदा धर्मप्रति आस्था अझै बढ्दै गएको बुझिन्छ ।[१३२] उनको जीवनको अन्त्य पनि धार्मिक तीर्थयात्राका क्रममा भएबाट उनी सनातन धर्मप्रति आस्था राख्दथे भन्ने देखिन्छ तर धार्मिक कट्टरता भने उनको स्वभाव थिएन । छोराको अन्तर्जातीय विवाहलाई स्वीकारेबाट उनी मानव धर्मका विपक्षमा थिएनन् भन्ने देखिन्छ ।

## २.२.३ सार्वजनिक व्यक्तित्व

समाजसँग सम्बन्धित भएर रहेको कुनै पनि व्यक्तिको व्यक्तित्व सामाजिक व्यक्तित्व हो । विश्वनाथ ढकाल समाजमा तथा सामाजिक सङ्घ संस्थाहरूमा संलग्न रहेका तथ्यहरूबाट उनको सामाजिक व्यक्तित्व स्पष्ट हुन्छ । सङ्घसंस्थाका माध्यमबाट मात्र नभई सामान्य व्यक्तिगत रूपमा पनि समाज सेवाप्रति गहिरो अभिरुचि राख्ने ढकाल बाल्यकालदेखि सहयोगी भावना राख्ने तथा समाज, देश र समग्र राष्ट्रहितका लागि केही गर्नुपर्छ भन्ने भावना

---

[१३०] राजेन्द्रदेव आचार्य, पूर्ववत् ।

[१३१] दुर्गाभक्त ढकाल, पूर्ववत् ।

[१३२] जमुना ढकाल, पूर्ववत् ।

भएका व्यक्ति हुन् । निःसहाय तथा गरिबहरूलाई सहयोग गर्ने जनजातीय संस्कृति एवं भाषा जोगाउने कार्यमा उनी प्रत्यक्ष अप्रत्यक्षरूपले संलग्न हुँदै आफ्नो सामाजिक, साँस्कृतिक व्यक्तित्वको पहिचान गराएका हुन् । संस्कृति र भाषा हाम्रो पहिचान हो यसको संरक्षण नगरे हाम्रो अस्तित्व नै मेटिन्छ । त्यसैले हामीले हाम्रो भाषा र संस्कारलाई जोगाउनु पर्छ भन्ने उनको मान्यता देखिन्छ ।[ञघघ]

मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमै घुलमिल भएर बस्न चाहन्छ । समाजमा रहेर सामाजिक कार्यहरूमा लागिरहने कार्यबाटै व्यक्तिको सार्वजनिक व्यक्तित्व बन्दछ । विश्वनाथ ढकालले आफ्नो ५७ वर्षको उमेरमा नेपाली साहित्यिक क्षेत्रका साथै समुन्नत भविष्यको कामना अनुरूप उनले समाजलाई श्रव्य एवं दृश्यका माध्यमबाट धेरै कुरा दिएका छन् । उनका यस सार्वजनिक व्यक्तित्वका यी दुई महत्वपूर्ण पाटा छन् । साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व ।

### २.२.३.१ साहित्यिक व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व पत्ता लगाउन त्यस व्यक्तिका साहित्यिक कृतिहरूको अध्ययन गर्नुपर्ने हुन्छ । साहित्यका कविता, आख्यान, निबन्ध, नाटक, लोकसाहित्यिक र भाषाका विविध विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्व प्रकट हुन्छ । विश्वनाथ शर्मा ढकालको साहित्यिक व्यक्तित्वलाई पनि उनका प्रकाशित लेख रचनाहरूको विधागत सापेक्षताका आधारमा छुट्याउनु पर्ने हुन्छ । साहित्यका स्रष्टा र द्रष्टा व्यक्तित्वभित्र अन्तर्निहित ढकालका पाटाहरू निम्न छन् -

#### (क) कवि व्यक्तित्व

---

[१३३] राजेश माथेमा, पूर्ववत् ।

विश्वनाथ शर्मा ढकाल आफ्नो विद्यालय तह अध्ययनको अवस्थादेखि नै कविता लेख्ने अभ्यास आरम्भ गरेको बुझिन्छ । वि.सं. २०२४ को 'विवेक बिन्दु' वर्ष १ बिन्दु १ गण्डकी छात्र समितिको वार्षिक मुखपत्र (गण्डकी अञ्चल साहित्य सम्मेलन विशेषाङ्क) पत्रिकामा विश्वनाथ ढकालको 'हिमालयकी कली' शीर्षकको कविता प्रकाशित भएको छ । यही नै उनको प्रथम प्रकाशित कविता मानिएको छ । यसपछिका अन्य अङ्कहरूमा र अन्य विभिन्न पत्रपत्रिकामा ढकालका कविताहरू प्रकाशित भएका छन् । यिनै कविताहरूका आधारमा ढकालको कवि व्यक्तित्व निर्धारण गर्न सकिन्छ । कविताहरूमा छन्दबद्ध पद्यात्मक कविता ढकालले रचना गरेका छन् । विभिन्न समयका कविताप्रतियोगितामा विश्वनाथका कविताहरू पुरस्कृत, विशेष पुरस्कृत भएबाट उनको कुशल कवि व्यक्तित्व हुन् भन्ने स्पष्ट हुन्छ । सङ्ख्यात्मक भन्दा पनि गुणात्मक दृष्टिले उनका कविताहरू महत्वपूर्ण देखिन्छन् ।

### (ख) गीतकार व्यक्तित्व

विश्वनाथ ढकालको व्यक्तित्व पहिचान गराउने विभिन्न पक्षहरूमध्ये गीतकार व्यक्तित्व पनि एक हो । उनको 'एक गीत' शीर्षकको गीत वि.सं. २०२६ को 'विवेक बिन्दु' पत्रिकामा प्रकाशित छ । विश्वनाथ शर्मा ढकाल (तनहुँ चुँदी रम्घा) का नामबाट प्रकाशित सो गीतमा देश र समाजका उन्नतिका निम्ति एकजुट भएर अघि बढ्ने सन्देश पाइन्छ । उनको गीत देशभक्तिको भावनाले ओतप्रोत छ ।

### (ग) लेखक व्यक्तित्व

विश्वनाथ शर्मा ढकालको व्यक्तित्वका विविध पाटाहरूमध्येको अर्को सशक्त पक्ष लेखक व्यक्तित्व पनि हो । ढकालले लेखेका लेखहरू मध्ये सगरमाथा साप्ताहिक पत्रिकाको वर्ष १, अङ्क ४ (२०२७) मा 'पृथ्वी राजमार्ग एक सरसरी दृष्टिमा' पहिलो प्रकाशित लेख हो । वि.सं. २०३० वैशाख ४ गते ढकालको 'शाहवंश र श्री ५ वीरेन्द्र' शीर्षकको लेख काठमाडौंबाट प्रकाशित सगरमाथा

साप्ताहिक पत्रिकामा प्रकाशित छ । सोही पत्रिकाको २०३० भदौ १५ मा उनको 'नयाँ शिक्षा नीतिमा अतिरिक्त क्रियाकलाप' शीर्षकको लेख प्रकाशित छ । त्यस्तै विभिन्न पत्रपत्रिकाहरूका विविध विषयमा ढकालका लेखहरू प्रकाशित भएको छ । विना रम्घाली नामबाट समेत विश्वनाथका लेखहरू प्रकाशित भएका छन् ।[134] "नेपालमा आयुर्वेदीय चिकित्सा" शीर्षकको उनको लेख प्रकाशित छ । यी विभिन्न विषय र क्षेत्रसँग सम्बन्ध रही ढकालको कलम चलेबाट उनी लेखक व्यक्तित्वका रूपमा पनि चिनिन्छन् ।

### (घ) निबन्धकार व्यक्तित्व

विश्वनाथ ढकालको साहित्यिक व्यक्तित्वमध्येको अर्को पक्ष निबन्धकार व्यक्तित्व हो । डोल्पा जिल्लाको विषयलाई समेटेर उनले 'डोल्पाली सेरोफेरो' शीर्षकको निबन्धकृति तयार पारेका छन् । वि.सं. २०३५ मा प्रकाशित सो पुस्तकमा विविध शीर्षकका १३ वटा निबन्ध समेटिएका छन् र सबै वर्णनात्मक ढङ्गमा रचिएका छन् । यसर्थ विश्वनाथ ढकालको साहित्यिक व्यक्तित्व निजात्मक विधाअन्तर्गत निबन्धका श्रेणीमा पनि राखेर अध्ययन गर्न सकिन्छ । अनुभूति र अनुभवले आत्मपरक विचारको लेप पाएका उनका निबन्धात्मक रचनामा वस्तु वर्णन प्रस्तुत भएका छन् । विशेषगरी आञ्चलिक परिवेश, अनुभूति र अनुभवको विचार आफ्ना निबन्धमा प्रस्तुत गरेका छन् । उनका निबन्धमा कतिपय स्थानमा रहस्यात्मक लोक कथाको वर्णनात्मक रोचकता पनि पाइन्छ ।

### (ङ) सम्पादक व्यक्तित्व

विश्वनाथ ढकालका विविध व्यक्तित्वका पाटाहरूमध्ये सम्पादक व्यक्तित्व पनि अर्को पाटो हो । उनले वि.सं. २०२४ मा गण्डकी छात्र समितिको वार्षिक मुखपत्र विवेक बिन्दु (वर्ष १, बिन्दु १) को गण्डकी अञ्चल साहित्य सम्मेलन विशेषाङ्कको सम्पादक मण्डलमा रही काम गरेका छन् । उनले सम्पादन गरेका

---

[134] राजेन्द्रदेव आचार्य, पूर्ववत् ।

अन्य कृतिका जानकारी प्राप्त नभए पनि साहित्यिक गतिविधिमा केन्द्रित प्रस्तुत पत्रिकाको सम्पादकका आधारमा पनि ढकालको सम्पादक व्यक्तित्व स्थापित हुन सक्दछ ।

### २.२.३.२ साहित्येत्तर व्यक्तित्व

साहित्य इतर व्यक्तित्वका रूपमा विश्वनाथ ढकालको जीवन प्रशाासनका विभिन्न प्रशासनिक कार्यहरूमा संलग्न भई बितेकोबाट समेत् स्पष्ट हुन्छ । सार्वजनिकअन्तर्गत साहित्येत्तर तथा द्रष्टा व्यक्तित्व उनको जीवनको अर्को पाटो हो । ढकाल सार्वजनिक पदमा रही धेरै लामो समयसम्म प्रशासनमा काम गरेका छन्, यसबाट सार्वजनिक तर साहित्येत्तर व्यक्तिका रूपमा उनलाई लिन सकिन्छ ।

**(क) प्रशासक व्यक्तित्व**

विश्वनाथ शर्मा ढकालका विविध व्यक्तित्वका पाटाहरूमध्येको अर्को एक हो प्रशासक व्यक्तित्व । उनले नेपाल सरकारका विभिन्न तहमा रहेर प्रशासनिक भूमिका जिम्मेवारीपूर्वक निर्वाह गरेका छन् । ढकालले प्रशासनिक जिम्मेवारी सम्हाल्ने क्रममा सर्वप्रथम लोकसेवा आयोगमार्फत् शिक्षा मन्त्रालयमा प्रवेश गरी प्रशासकका रूपमा काम गरेका थिए । उनले प्रशासक, निरीक्षक लगायतका जिम्मेवारी वहन गर्दै जि.शि.अ. भई आफ्नो कार्यक्षेत्र अगाडि बढाए । प्रशासक व्यक्तित्वका रूपमा मनाङ, सिन्धुपाल्चोक, डोल्पा लगायतका विभिन्न जिल्लामा जिल्ला शिक्षा अधिकारीका रूपमा रही आफ्नो कुशल प्रशासक व्यक्तित्व सिद्ध गरेका छन् । उनी केही समय पुरातत्व विभागमा रहँदा नेपालका सांस्कृतिक सम्पदाको जगेर्नामा क्रियाशील रहेका वछन् । यसैगरी श्रम र स्वास्थ्य मन्त्रालयमा समेत कार्यभार सम्हाल्दै आफ्नो प्रशासक व्यक्तित्वलाई विविध क्षेत्र र विषयसँग जोड्दै अझ सबल बनाएका छन् । उनी नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) का सहसचिव जस्तो प्रशासक व्यक्तित्व बन्न सफल भएका थिए ।

प्रशासनिक क्षेत्रमा कार्य गर्दै आएका ढकालका लागि कर्तव्यप्रति निष्ठा लगनशीलता, कार्यदक्षता तथा इमान्दारिता जस्ता गुणहरू सहजसाध्य हुनु स्वभाविक छ र यसैबाट यिनको प्रशासक व्यक्तित्वको उचाइ वृद्धि भएको छ । प्रशासनको कार्यक्षेत्र व्यापक र चुनौतीपूर्ण रहने हुनाले हरेक कार्यहरू गर्दा सचेतता साथै कार्यकुशलता अपरिहार्य हुन्छ भन्ने विचार ढकालमा पाइन्छ ।[135] जति उच्च ओहदामा पुगिन्छ त्यति नै कार्यगत चुनौतीहरू थप जटिल हुन्छन् । ढकाल आफ्नो कार्यक्षेत्रको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्दै प्रशासकीय क्षेत्रमा चम्किँदै आएका हुनाले उनको प्रशासनिक व्यक्तित्व तिखारिएको स्पष्ट हुन्छ ।

### २.२.४ निष्कर्ष

विश्वनाथ ढकाल व्यक्ति एक व्यक्तित्व अनेक भएका व्यक्तिव हुन् । नेपाली साहित्यमा उनी कवि, निबन्धकार तथा समालोचनात्मक लेख लेखक हुन् । कविअन्तर्गत उनी पद्यमा कविता रचना गर्ने र कविताको फुटकर रूपमा कलम चलाउने व्यक्तित्व देखिन्छन् । निबन्धकारका रूपमा ढकालको व्यक्तित्व प्रबन्धात्मक वस्तुवर्णन हो भने समालोचनाका क्षेत्रमा ढकाल समसामयिक घटनाहरूको व्याख्या गर्नु हो । प्रशासनमा निकै लामो समयसम्म काम गरेर ढकालले आफूलाई प्रशासक व्यक्तित्वका रूपमा स्थापित गराएका छन् । हर पक्षमा चिन्तन मनन गर्नु, पत्रिकाको सम्पादकका रूपमा काम गर्नु, गीतको रचना गर्नु, ढकालका व्यक्तित्वका विविध पाटा हुन् । यसर्थ विश्वनाथ ढकाल व्यस्त जागिरे जीवनका अतिरिक्त साहित्यिक गतिविधिमासमेत संलग्न व्यक्तित्व हुन् ।

[१३५] खगेन्द्रबहादुर बस्नेत, पूर्ववत् ।

### तेस्रो परिच्छेद

# विश्वनाथ ढकालको लेखनयात्रा

## ३.१ लेखनयात्राको पृष्ठभूमि

विश्वनाथ शर्मा ढकालको लेखक व्यक्तित्व नेपाली भाषा र साहित्यका क्षेत्रमा समर्पित देखिन्छ । ढकालका सम्पूर्ण फुटकर लेख रचनाहरू तथा पुस्तकाकार कृतिहरू नेपाली भाषा र साहित्यका विभिन्न विषय-क्षेत्रसँग सम्बन्धित छन् । साहित्यिका क्षेत्रमा ढकालले कविता, निबन्ध सिर्जना गरी आफ्नो स्रष्टा व्यक्तित्वलाई बढावा दिएका छन् भने द्रष्टा व्यक्तित्व पनि प्रस्तुत गरेकै छन् ।

विश्वनाथ ढकालको सार्वजनिक लेखनयात्राको थालनी काठमाडौंबाट प्रकाशित हुने 'विवेक बिन्दु' पत्रिकाबाट भएको पाइन्छ । तीनधारा संस्कृत छात्रावासबाट प्रकाशित हुने अरूणोदय द्वैमासिक पत्रिकामा प्रकाशित 'नेपालको सिम्रिक' कविताबाट भएको मानिन्छ ।[१] त्यसपछि उनका कविता, लेख, निबन्ध विभिन्न पत्रपत्रिकामा प्रकाशित हुँदै आएका छन् । विश्वनाथ ढकालको डोल्पाको विषयमा रचना गरिएको निबन्धसङ्ग्रह 'डोल्पाली सेरोफेरो' (२०३५) शीर्षकको पुस्तक एक मात्र पुस्तकाकार कृति हो ।

ढकालको साहित्यलेखन विशेषगरी उनको औपचारिक अध्ययन र सक्रिय जागिरे जीवनका सुरुवातका वर्षहरूमा बढी क्रियाशील देखिन्छ । ढकालको मुख्य लेखनको क्षेत्र कविता र निबन्ध नै हुन पुग्यो । समग्रमा हेर्दा विश्वनाथ शर्मा ढकालको लेखनयात्रा वि.सं. २०२३ मा कविता प्रकाशन गरी सार्वजनिक भएर उनको जीवन अवधिसम्म नै चलेको देखिन्छ ।

---

[१] विश्वनाथ ढकालको डायरीमा लिखित

### ३.२ लेखनयात्राको चरण विभाजन

वि.सं. २०२३ देखि सार्वजनिक रूपमा लेखन क्षेत्रमा उदाएका विश्वनाथ ढकालको साहित्ययात्रा उनको जीवनको अन्तिम प्रहरतिर त्यति सक्रिय देखिँदैन । तीन दशक लामो समयावधिसम्म साहित्यको उन्नति र श्रीवृद्धिमा उनी समर्पित भएका छन् । साहित्य सिर्जना र लेखनमा ढकालको अतुलनीय प्रतिभा, पेसा, अध्ययनशील व्यक्तित्व र विज्ञताले सहयोग पुग्यो । त्यसका अतिरिक्त अनेक क्षेत्रसँगको सम्बन्धका कारण उनी जीवनमा अत्यन्तै व्यस्त हुन पुगे । व्यस्त जीवनको परिणाम स्वरूप उनको प्रतिभा, अभ्यास र व्युत्पत्तिको अर्थात् क्षमताको पूर्ण उपयोग उनका लेखनमा हुन पाएन । त्यसैले ढकालले तीन दशक लामो आफ्नो सार्वजनिक लेखनयात्रामा थोरै कृतिहरू मात्र लेखेका छन् । तिनमा पनि केही हराएका छन् र केही मात्र प्रकाशित छन् साथै पाण्डुलिपिको रूपमा सीमित छन् । प्रकाशित कृतिहरू पनि सङ्कलन र सङ्ग्रहको अभावमा विभिन्न पत्रपत्रिकाहरूमा यत्रतत्र छरिएर रहेका छन् । ढकालका लेख-रचनाहरू नियमित र निरन्तर प्रकाशित भएका छैनन् जसले गर्दा उनको लेखनयात्रामा क्रमिकता र शृङ्खलाबद्धता पाइँदैन । वि.सं. २०२० को दशकको उत्तरार्द्ध र २०३० को दशकको पूर्वार्द्ध नै ढकालको सक्रिय लेखनको समय हो । उनका धेरै प्रकाशित लेख रचनाहरू यसै समयमा लेखन भएका र प्रकाशित भएका छन् । वि.सं. २०२३ देखि २०६१ सम्मको लामो अवधिमा विश्वनाथ ढकालले साहित्यसम्बन्धी जे जस्ता लेख रचनाहरू लेखे तिनीहरूका विधागत सचेतता र प्रकाशनका अर्थात् अभिव्यक्तिगत वैशिष्ट्यका आधारमा तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

#### ३.२.१ प्रथम चरण (वि.सं. २०२३-वि.सं. २०२६ सम्म)

विश्वनाथ शर्मा ढकालको लेखनयात्राको प्रथम चरण वि.सं. २०२३ मा प्रकाशित 'नेपालको सिम्रिक' शीर्षकको कविताबाट सुरु हुन्छ । यस अगाडिको

नेपथ्यकालीन समय पृष्ठभूमिका रूपमा रहेको छ । यो चरण ढकालको कविता सिर्जना तथा प्रकाशनको समय हो । यस समयावधिका ढकालका रचनाहरू यत्रतत्र छरिएर रहेका छन् । यस चरणका उनका लेख रचनाहरू चिन्तन मनन, दर्शन, समसामयिक युगबोध जस्ता प्रवृत्तिहरूले बौद्धिक र गहन बन्न पुगेका छन् । यस समयका ढकालका रचनामा जति वैचारिकता छ, त्यत्तिकै मात्रामा सौन्दर्यात्माकता पनि प्रचुर छ । तसर्थ ढकालका साहित्यिक रचनाहरू न तीव्र वैचारिकताले लादिएका छन् न भावको विपुलता र कल्पनाको प्रचुरताले स्वच्छन्द बनेका छन् । यिनका साहित्यिक रचनाहरू विचार र सौन्दर्यशक्तिको उत्कृष्ट समीश्रणबाट समीकृत बन्न पुगेका छन् । यस अवधिका उनका रचनाहरू प्रारम्भिक लेखन प्रकाशन भए पनि विधागत सचेतताको कमी, शैलीशिल्प र साङ्गठनिक कमजोरी, बौद्धिक परिपक्वताको अभाव पटक्कै पाइँदैन । उनका यस समयअवधि भित्रका फुटकर रचनाहरू निम्नानुसार छन्-

१. हिमालकी काली, कविता (२०२४) विवेक बिन्दु

२. मुनाको यादमा, कविता (२०२५) विवेक बिन्दु

३. जीवन एक वटवृक्ष, कविता (२०२६) विवेक बिन्दु

४. एक गीत, (२०२७) विवेक बिन्दु

यसका अतिरिक्त ढकालका प्रकाशित तर अनुपलब्ध फुटकर कविताहरू निम्न रहेका छन्-

५. नेपालको सिम्रिक

६. यो देश स्वर्ग बन्छ

७. आमाको सन्देश

८. प्रजातन्त्रको घामपानी

यस चरणमा उनका रचनाहरू फुटकर कविताका रूपमा आएका छन् । यसर्थ उनी कवि हुन् । कविताका विषयवस्तु प्रकृति, समाज, संस्कृति र जीवनजगतसँग सम्बन्धित छन् । स्वच्छन्द किसिमले मनका भावहरूलाई प्रस्तुत यस अवधिका कविताहरूमा पाइएको हुँदा उनी स्वच्छन्दतावादी कवि ठहरिन्छन् ।

### ३.२.२ दोस्रो चरण (वि.सं. २०२७- २०३४ सम्म)

विश्वाथ शर्मा ढकालको लेखनयात्रको दोस्रो चरण वि.सं. २०२७-२०३४ सम्म मान्न सकिन्छ । दोस्रो चरणमा ढकाल समसामयिक विषयमा लेख लेखनमा केन्द्रित हुन्छन् । तत्कालीन परिवेश, राष्ट्रिय अवस्था, शिक्षा, स्वास्थ्य तथा राजनीतिसँग सम्बन्धित लेखहरू नै उनका यस चरणका लेखन उपलब्धि हुन् । विश्वनाथ ढकालको दोस्रो चरणको श्रीगणेश गर्ने प्रकाशित लेख 'पृथ्वी राजमार्ग एक सरसरी दृष्टिमा' (२०२७) हो । सगरमाथा साप्ताहिक पत्रिकामा वर्ष १, अङ्क ४ पहिलोपटक ढकालको प्रस्तुत शीर्षकको लेख प्रकाशित भएको हो । विश्वनाथ शर्माका नामबाट प्रकाशित उनको यो लेख दोस्रो चरणको पहिलो लेख बनेको छ ।

विश्वनाथ ढकालको यसपूर्वको कवि व्यक्तित्वको चरणलाई चटक्क छोडी लेख लखनतर्फ सक्रिय भएको दोस्रो चरण भावात्मक साहित्यतर्फ भन्दा वस्तुपरक शोधखोजतर्फ बढी केन्द्रित छ । उनको यस चरणमा प्रकाशित लेखहरूको सूची निम्नानुसार रहेको छ ।

१. 'पृथ्वी राजमार्ग एक सरसरी दृष्टिमा' (लेख) २०२७ सगरमाथा साप्ताहिक, वर्ष १, अङ्क ४ ।

२. 'शुभकामना छ एक बहुमुखी नारी व्यक्तित्वलाई' (लेख) २०२७, स.सा., वर्ष १, अङ्क ६ ।

३. ‘प्रजातन्त्रमा निर्दलीयता’ (लेख), २०२७, स.सा., वर्ष १, अङ्क ७ ।

४. ‘नेपाली साहित्यमा तनहुँको देन’, (लेख) २०२८ भोलि पत्रिका

५. ‘प्रेरणाकी प्रतिमूर्ति श्री ५ बडामहारानी’ (लेख) २०२८, स.सा., वर्ष २, अङ्क १० ।

६. ‘नेपालको इतिहासमा शाहवंश र श्री ५ वीरेन्द्र’ (लेख) २०२९, स.सा., वर्ष ३, अङ्क १ ।

७. ‘नयाँ शिक्षा योजनामा राष्ट्रिय विकास सेवा’ (लेख) स.सा., वर्ष ३, अङ्क १७ ।

८. ‘शाहवंश र श्री ५ वीरेन्द्र’ (लेख) वि.सं. २०३० स.सा., वर्ष ४, अङ्क १ ।

९. ‘नयाँ शिक्षा नीतिमा अतिरिक्त कार्यकलाप’ (लेख) २०३० स.सा., वर्ष ४, अङ्क १३ ।

१०. ‘नेपालमा आयुर्वेदीय चिकित्सा’ (लेख) २०३० स.सा., वर्ष ४ अङ्क १४ ।

११. ‘भानुभूमि चुँदी रम्घा’ (लेख) २०३०, स.सा., वर्ष ४, अङ्क ९ ।

ढकाल कविबाट समसामयिक लेखमा पदार्पण गरेपछिको यो समय प्रायः लेख लेखनमा नै केन्द्रित हुन पुगेका छन् । फाट्टाफुट्ट कविता रचना गरेपनि ती यस अवधिमा प्रकाशित हुन सकेका छैनन् । यो चरण उनको साहित्यिक व्यक्तित्वलाई वस्तुमुखी बनाउन सफल देखिन्छ । यस चरणमा प्रकाशित रचना लेखनमा उनको प्रथम चरणको चिन्तन भन्दा भिन्न राजतन्त्रप्रतिको विशेष समर्थन पनि देखिन्छ । यो प्रवृत्ति उनले जागिरमा प्रवेश गरेपछि विकसित प्रवृत्तिका रूपमा देखा परेको छ । सम्भवतः जागिरे जीवनलाई असल बनाउनका निम्ति उनले अरू प्रकारको लेखनमा आफूलाई सक्रिय तुल्याइएको हुन सक्छ ।

### ३.२.३ तेस्रो चरण (वि.सं. २०३५-२०६१ सम्म)

विश्वनाथ ढकालको तेस्रो तथा अन्तिम चरण २०३५-२०६१ मानिएको छ । उनी पहिलो चरणमा भन्दा दोस्रो चरणमा भिन्न देखिए जस्तै तेस्रो चरणमा पनि फरक प्रवृत्तिका साथ देखिएका छन् । उनको यस चरणको प्रतिनिधित्व गर्ने निबन्धहरूको सङ्कलन 'डोल्पाली सेरोफेरो' (२०३५) पुस्तकाकार कृति हो । यो चरण दोस्रो चरणको विस्तारका रूपमा देखा परेपनि ढकाल यस चरणमा लेखहरूभन्दा निबन्ध लेखनमा सक्रिय रहेका छन् । डोल्पाकै विषयमा वर्णनात्मक शैलीशिल्पमा आधारित १३ ओटा शीर्षकका निबन्धको सङ्ग्रह डोल्पाली सेरोफेरो कृतिमार्फत् देखा परेका छन् । लेखहरूको विषय र विद्यागत रूपमा फरक-फरक भएकाले यसलाई अर्को चरण मानिएको हो । यस चरणमा ढकालको एउटा फुटकर कविता पनि प्रकाशित भएको छ । अतः तेस्रो चरणका प्रकाशित कृति निम्नलिखित छन् ।

१. 'डोल्पाली सेरोफेरो' निबन्धसङ्ग्रह (२०३५)
२. 'असार पन्ध्र' (कविता) २०५०, स्वर्णजयन्ती स्मारिका

विश्वनाथले कविताबाट समसामयिक लेखनमा र त्यसबाट निबन्धमा आफूलाई प्रवेश गराउँदै आफ्नो विविध साहित्यिक व्यक्तित्वलाई उजागर गराएका छन् ।

## ३.३ जीवनी, व्यक्तित्व र साहित्यिक रचनाहरूको अन्तर्सम्बन्ध

विश्वनाथ ढकालले जीवनका उकाली-ओरालीमा सँगालेका अनुभवहरूलाई नै आफ्ना रचनाको रूप दिएका छन् । उनको व्यक्तित्वले साहित्यिक रचनामा प्रशस्त प्रभाव पारेको छ । प्रारम्भमा कविताप्रति आकर्षित देखिन्छन् । आफूले देखेका वनपाखामा भोगेका आरोह अवरोहहरू र सोचेका माया प्रेम उनका कविताका विषयवस्तु बनेबाट उनी सरल हृदयका भावुक व्यक्तित्व हुन् र उनको जीवनको सहज अनुभव नै उनको कवित्व हो भन्ने

स्पष्ट हुन्छ । सानैदेखि स्वाभिमानी र दृढ स्वभावका ढकाल यस अवधिमा उनी प्रथम चरणका अनुभवभन्दा नितान्त भिन्न अनुभव र क्षेत्रमा प्रवेश गेका छन् र पहिलो चरणको स्वतन्त्र आचरणबाट केही टाढिंदै जाागिरे जीवनलाई क्रियाशिल तुल्याउन प्रयत्नशील देखिएका छन् । फलतः यस चरणका उनका लेखहरू सोही पेसातर्फ उन्मुख हुन पुगेका छन् । विश्वनाथ तेस्रो चरणमा प्रवेश गर्दा परिपक्व प्रशासक बनीसकेका छन् र फलतः आफू घुमेका वा आफूले देखेका अनौठा वस्तुहरूका वर्णनतर्फ एकोहोरिएका छन् । ढकालले विविध समयमा देशका अधिकांश जिल्ला र गाउँहरू घुम्ने, भोग्ने र अनुभव गर्ने अवसर पाएका थिए । यिनै विविध भोगाइलाई आफ्नो अध्ययन, चिन्तन र तर्कनाका साथमा आफ्ना अभिव्यक्तिमा उतारेका छन् । जीवन यथार्थ हो र जीवनको यथार्थसँग गाँसिएका घटनाक्रम र अनुभूति नै उनका संस्मरण हुन् । त्यसर्थ उनको जीवनी, व्यक्तित्व र रचनाहरू आपसमा पूर्णतः सम्बन्धित र अन्योन्याश्रित छ ।

विश्वनाथ शर्मा ढकालले वि.सं. २००४-२०६१ का बीच जम्मा ५७ वर्षको जीवन अवधिमा अनेक विषयक्षेत्रमा संलग्न भई महत्वपूर्ण कार्यहरू गरेका छन् । तिनै महत्वपूर्ण कार्यहरूले ढकालको जीवनी एक सामान्य व्यक्तिभन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित हुन पुग्यो । शारीरिक अस्वस्थता र अत्यन्त व्यस्तताका कारण ढकालले आफ्नो क्षमता र शैक्षिक प्राज्ञिक आवश्यकता अनुरूप परिमाणात्मक रूपमा अत्यधिक कृतिहरूको सिर्जना गर्न सकेनन् तर पनि उनले जे जति रचेका छन् ती अत्यन्त गहन, आफैमा पूर्ण र गुणवत्ताका दृष्टिले उच्च कोटिका देखिन्छन् । ढकालको मानसिक अवस्थाको प्रभाव पनि उनका कृति लेखनमा धेरथोर परेकै छ । ढकालको मानसिक अवस्थामा भएको भावनाको विपुलता र कल्पनाशक्तिको प्रचुरताको परिणामस्वरूप उनको साहित्य सिर्जना भएको देखिन्छ । ढकाल धेरै कल्पनामा डुब्ने भावुक व्यक्ति भने थिएनन् । त्यसैले उनले साहित्य सिर्जनालाई निरन्तरता

दिइरहन सकेनन् । विश्वनाथ विभिन्न कार्यहरू र भ्रमणका सिलसिलामा देशका विभिन्न भागहरू र देश बाहिर पनि अनेक ठाउँमा पुगेका छन् । भ्रमणका क्रममा त्यहाँका जातीय साँस्कृतिक तथा भाषिक अध्ययन र दृष्यावलोकन गरेका ढकालका लेख रचनाहरूमा तत्सम्बन्धी प्रभाव पनि यथेष्ट मात्रामै भेटिन्छ तर उनी असमयमै दिवङ्गत भएका हुँदा उनले अन्तर्राष्ट्रिय जगतबाट बटुलेका अनुभवले भने साहित्यिक रचनाका रूपमा अभिव्यक्त हुने अवसर नै पाएन ।

यसरी हेर्दा विश्वनाथ शर्मा ढकालका समग्र जीवनका मूलभूत घटनाहरू महत्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको राष्ट्रिय व्यक्तित्व तथा तिनै जीवनीका विविध घटनाहरू र व्यक्तित्वको प्रभाव उनका सिर्जनात्मक रचनाहरूमा परेको देखिन्छ । त्यसमा पनि ढकालको पारिवारिक अवस्था, तत्कालीन सामाजिक परिवेश, उनको राजनैतिक धरातल, शिक्षा र पेसा विश्वनाथ शर्मा ढकालको जीवनी, व्यक्तित्व र कृतित्वलाई अन्तरसम्बन्धित तुल्याउने मूलभूत पक्ष हुन् । समग्रमा स्वतन्त्र पारिवारिक अवस्थाबाट जीवनका विविध उद्देश्य प्राप्तिका लागि सक्रिय भएका ढकालले साहित्यिक कृतिहरूमा तत्कालीन सामाजिक परिवेशको पर्यायवर्णनको यथार्थ वर्णन गरेका छन् । ढकालको प्रशासनिक क्षेत्रमा विविध स्थानमा भिन्दै पेसाको परिणामस्वरूप उनले गहन अध्ययन, अनुसन्धान र कृतिलेखन गरे । यसरी हेर्दा अत्यन्त परिश्रमी, व्यस्त र गहन अध्येता विश्वनाथ शर्मा ढकालको जीवनी, व्यक्तित्व र कृति लेखनका बीच परस्पर एक अर्काको प्रभाव र प्रेरणा प्राप्त भई अन्योत्याश्रित अन्तः सम्बन्ध स्थापित भएको पाइन्छ ।

## ३.४ निष्कर्ष

विश्वनाथ ढकाल सुरुमा कवि हुन् र कवितालाई एक उच्च अवस्थामा पुऱ्याउन सफल भएका छन् । जसको उदाहरण विभिन्न प्रतियोगितामा पुरस्कृत

हुनु एक थियो । त्यसपछि समसामयिक विषयमा लेखहरू लेखे ती केही राजनीतिसँग, केही शिक्षासँग, केही राज्यावस्था तथा केही स्वास्थ्यसँग सम्बन्धित छन् । तसर्थ ढकालको साहित्यिक स्रष्टा व्यक्तित्व एकै धार र प्रकारको देखिँदैन, बहुमुखी प्रतिभाको देखिन्छ । नेपालको दुर्गम जिल्ला जहाँ लेखकको आँखा निकै कम परेको बुझिन्छ, त्यस्तो विषयलाई विश्वनाथले निबन्धात्मक अभिव्यक्ति दिनु उनको लेखकीय विविध प्रवृत्तिमध्येको महत्वपूर्ण पक्ष हो । तीनवटै चरणमा मुख्य रूपमा भिन्न प्रयोग गर्न र सफल बन्न सक्ने क्षमता नै ढकालको लेखकीय प्रवृत्ति हुन् ।

चौथो परिच्छेद

# विश्वनाथ ढकालका कविताहरूको अध्ययन

## ४.१ साहित्यको सामान्य परिचय

'सहित्' शब्दमा 'यत्' प्रत्यय लागेर साहित्य शब्द बन्दछ । यो संस्कृत भाषाबाट नेपालीमा आएको हो । साहित्यको अर्थ विविध विषयमा सौन्दर्य, रूप, गुण, भावुकता आदिका दृष्टिले अभिव्यक्त हुने हृदयस्पर्शी लेख वा ग्रन्थ भन्ने हुन्छ । संस्कृत साहित्यपरम्परामा साहित्यलाई 'काव्य' भनिन्थ्यो र साहित्यका पद्य विधालाई यसले सङ्केत गर्दथ्यो । आज गद्यकवितालाई समेत कविताविधाको रूपमा लिइन्छ । यसर्थ कविता साहित्यको प्राचीन कालदेखि मानिदै आएको एक प्रमुख विधा हो ।[१]

## ४.२ कविताका प्रमुख तत्त्वहरू

कविताको परिभाषा प्राचीन समयदेखि हुँदै आएको छ । कसैले कविताका शिल्प पक्षमा र कसैले भावपक्षमा केन्द्रित भई परिभाषा दिएका छन् । कविता भनेको रसयुक्त मनोमुग्ध पार्ने शब्दार्थले युक्त अभिव्यक्ति हो, त्यस्तै गरी भाषाका माध्यमबाट अभिव्यक्त सङ्गीत, जीवनको आलोचना, अनुभूतिको उच्छलन, रागात्मक, आनन्दात्मक जीवनको व्याख्या पनि हो र बौद्धिक हार्दिक कोमलता कल्पना अनुभूति र विचारको लगाममा भावुकता चढेको जीवन जगत्‌को कलात्मक भाषिक सङ्कथन, शब्द र  अर्थको योगात्मक गुम्फन, पद्य लयको भाषिक सङ्कथन र कविको अनुभूति स्फूर्त रूपमा प्रकट भएको साहित्यिक रचना हो । कविता विधाको सेरोफेरोमा देखा पर्ने उपयुक्त लयात्मक विधागत आयामसम्बन्धी र धारागत स्थितिको समष्टिलाई समात्ने गरी परिभाषित गरेर नै कविताा तत्व समेतलाई चिनाउन सकिन्छ । कविताका मुख्य तत्व निम्न रहेका छन् । क. शीर्षक

---

[१] त्रिपाठी र अन्य, नेपाली कविता-४, चौ.सं., पृ. १ ।

ख. संरचना ग. लयविधान घ. भाषाशैली ङ. कथनपद्धति च. केन्द्रीय कथ्य र भावविधान छ. बिम्ब तथा अलङ्करण विधि ज. व्यञ्जना ।

### ४.२.१ शीर्षक

प्रत्येक साहित्यिक कृतिलाई चिन्नका निम्ति नामकरण गरिन्छ त्यो नै शीर्षकीकरण हो । कविताको विभिन्न किसिमले शीर्षकीकरण गरिएको हुन्छ संरचना र विषयवस्तुसँगको सामञ्जस्य कवितामा भए उपयुक्त शीर्षक मानिन्छ ।

### ४.२.२ लयविधान

कवितालाई साहित्यका अन्य विधाबाट अलग्याउने एक तत्व लयविधान हो । कवितामा प्रयोग गरिने सौन्दर्यपूर्ण भाषाका वर्णगत, पङ्क्तिगत, अनुच्छेदगत संरचनाबाट नै लय उत्पन्न हुन्छ । लयढाँचा बद्धलय र मुक्तलय गरी दुई वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

### ४.२.३ भाषाशैली

कविताको महत्वपूर्ण तत्व भाषाशैली हो । रागात्मक सौन्दर्यमय प्रयोगलाई साहित्यको भाषाशैली भनिन्छ । रीति, शब्दालङ्कार, लय, गुण आदि पनि भाषाशैलीममा आधारित हुन्छ । सामान्य, मध्य र उच्च प्रयुक्त एक, दुई वा तीनै थरिको भाषा प्रयोग कवितामा संभव छ ।

### ४.२.४ कथ्य र भावविचार

कथ्य भन्नाले कवितामा चित्रण गरिएको जीवनजगत्सम्बन्धी खास विषयवस्तु नै भन्ने बुझिन्छ । प्रकृति, मानवसमाज, धर्मसंस्कृति, इतिहास र पुराण, राजनीति, अर्थनीति, शिक्षा, स्वास्थ्य आदि विविध पक्षलाई कविताको कथ्य बनाउन सकिन्छ ।

## ४.३ हिमालयकी कली कविताको विश्लेषण

### ४.३.१ सामान्य परिचय

विश्वनाथ ढकालको 'हिमालयकी कली' शीर्षकको कविता विवेक बिन्दु पत्रिकाको बिन्दु १, अङ्क १, २०२४ सालमा प्रकाशित भएको छ । गण्डकी छात्र समितिको आयोजनामा २०२४ जेठ ९, १० र ११ गते पोखरामा सम्पन्न भएको अञ्चलव्यापी साहित्यसम्मेलनमा पद्यतर्फ द्वितीय भएको प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दका १४ अनुच्छेद/पङ्क्तिपुञ्जमा संरचित छ । उत्तरतिर हिमालले घेरिएको हाम्रो देश र यहाँको हराभरा प्रकृतिलाई केन्द्रीय विषयका रूपमा विषयबद्ध गरिएको प्रस्तुत कवितामा भाषाशैलीगत सहजता र भावगत कलात्मकता पाइन्छ ।

### ४.३.२ शीर्षक

प्रस्तुत कवितामा कवि विश्वनाथ ढकालले हाम्रो देश नेपालको हिमाली परिवेशलाई नवीन ढङ्गले प्रस्तुत गर्दै कविताको मूल भावभूमि र फैलावटलाई समेत सबल रूपमा नेतृत्व गर्न सक्ने शीर्षक चयन गरेका छन् । कविताको भावभूमि शीर्षककै परिधिमा फन्को मारी टुङ्गिएको हुनाले उनमा शीर्षक चयन-क्षमताको कुशलता देखिन्छ । प्रकृतिपरक भावभूमि र प्रकृतिकै विशेषतापूर्ण नामकरण भएको शीर्षक चयनले शीर्षक र भाव सन्तुलनताको पूर्ण चिनारी हुन्छ ।

### ४.३.३ संरचना र लयविधान

प्रस्तुत कविता १४ पङ्क्तिपुञ्जको बाह्य संरचनामा संरचित छ । प्रत्येक श्लोकमा चार पाउ हुनाले जम्मा ६५ पङ्क्ति रहेका छन् । यस कवितामा रहेको प्रत्येक श्लोक आ-आफ्नै किसिमले पूर्ण हुँदै केन्द्रीय कथ्यसँग आन्तरिक संरचनामा एकाकार भएको छ । भाव र भाषाशैलीको सन्तुलित लयप्रवाह कविताको संरचनासँगै तादात्म्य साथ प्रकटीकरण हुन पुगेकाले यो उनको उत्कृष्ट कविता मध्येको एक बनेको छ । आन्तरिक संरचना शार्दूलविक्रिडित छन्द र गीति चेतको

सामीप्य प्राप्त गरी प्रभावकारी बन्न पुगेको छ । शास्त्रीय छन्दको 'म स ज स त त गु' गण भएको उन्नाइस अक्षर संरचनाको एक चतुष्पदी श्लोक हुने, ४, ७, १२ अक्षरमा यति रहेको शार्दूलविक्रिडित छन्दमा रचित प्रस्तुत कवितामा कवि विश्वनाथ ढकालले अन्त्यानुप्रासको प्रयोग प्रत्येक दुई-दुई पङ्क्तिमा गरेका छन् । यस कवितामा छन्द र गेयात्मक अन्तर्लयको उचित संयोजन पनि रहेको छ ।

### ४.३.४ भाषाशैली

भाव, शैली र शिल्पयोजनामा कवि ढकाल विशेष ध्यान दिन्छन् । भाव संयोजनअन्तर्गत सुन्दरताको वर्णनबाट राष्ट्रियता प्रकट गर्न खोजेको देखिन्छ भने शिल्पसंयोजन विषयको क्रम आलङ्कारिक शब्द संयोजनमा महत्व दिएको देखिन्छ । वर्ण र शब्दको अन्त्यानुप्रासलाई ढकालले प्रस्तुत कवितामा महत्व दिएकै छन् । भावमाथि शैलीले थिचोमिचो गरेको छैन । परिष्कृत शैलीले भाव संक्षिप्त, सघन र मार्मिक रूपमा अभिव्यक्त गर्न सफल छ । कविनिबद्धवक्तृप्रौढोक्ति उक्तिढाँचामा संस्कृत स्रोतका शब्द प्रयोग बढी गरिएको प्रस्तुत कविता सहज र सरल छ । जो सुकै पाठकले भावग्रहण गर्न सक्ने एवं विषय र काव्य विशिष्टताको प्रयोगले ढकालको यो कविता उदाहरणीय मान्न सकिन्छ ।

### ४.३.५ केन्द्रीय कथ्य र भाव

यस कविताले नेपाल र फक्रन नसकेको यहाँको अवस्थालाई मानवीकृत गरी प्रकृतिलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेको छ । बिहानी सूर्यको उज्यालो लाली र सन्ध्याको रमणीय गोधूलिको प्रसङ्ग उल्लेख गर्न हिमाल, पहाड, नदी-नाला, छाँगा-छहराका सौन्दर्यलाई विषयवस्तुका रूपमा उतारिएको छ । यसैगरी यस ठाउँमा पाइने फलफूल, चराचुरुङ्गी र जनावरहरूको रमाइलो गतिविधि, प्रकृतिको यो स्वच्छ प्रवाह र त्यसको अतुलनीयता यस कवितामा विषयवस्तुका रूपमा व्यक्त भएका छन् । रमाइलो स्वर्गीय भूमि, शैलका फूल र फलले युक्त चराचुरुङ्गीका नाच, छाँगाछहरा, मिर्मिरे प्रातमा देखिने अरूणको सिन्दुर र क्षितिजको एकान्तता र

रमणीय गोधुलिले बाह्रैमास वैशाख बन्दछ भन्दै प्रकृतिको कतै वर्णन कतै आत्मालापीय रहस्यात्मक प्रस्तुति र तिनै पङ्क्तिहरूमा कवि हराएको अन्तर्भावहरू नै कविताको कथ्य बन्न पुगेको छ । नेपाल र नेपालको प्राकृतिक अवस्थाबाट कवि मोहित भई त्यसैमा हराउने इच्छा जाहेर भई कविताको विषयवस्तु निर्मित हुन पुगेको प्रस्तुत कविता कविले कुँदेको उत्कृष्ट काव्यात्मक अभिव्यक्ति हुन पुगेको छ ।

प्रकृति सदैव जीवन्त रहन्छ र यो सबैको साझा सम्पत्ति हो । यस कवितामा प्रकृतिले दिएको एक फूलबारीका रूपमा नेपाललाई अर्थ्याउँदै स्वर्गको टुक्रा यहाँ आएको भाव प्रस्तुत गरिएको छ । यहाँका प्राकृतिक छटालाई पुष्टि गर्न आएका प्रसङ्गहरूले कथ्यको आन्तरिक संरचना मनमुग्धकारी बनेको छ । विविध प्रसङ्गलाई एकै ठाउँमा समेट्दा पनि भावप्रवाहमा बाधा उत्पन्न भएको छैन । झन् भावले उत्कर्षता प्राप्त गरेको छ । यी प्राकृतिक सौन्दर्यका अभूतपूर्व छटामा रमाउन, कल्प-कल्प यिनकै छाया बनी जन्मन चाहने, मनका कुरा निर्जन ठाउँमा खोली चिन्तनमा डुब्दा यहाँकै चराचुरुङ्गीको 'काफल पाक्यो' शब्दले ब्युँझाइदिने र सूर्यले भञ्ज्याङ ओर्लेपनि माया लाउन खोजिरहन्छ भन्ने अभिव्यक्ति नै यस कविताको केन्द्रीय भाव देखिन्छ । जस्तै-

"चोखो कञ्चन रङ्ग भर्न हिमका पाखा पखेरा महाँ ।
नौलो प्रकृति सिर्जना छ विधिले पोखी दिएको यहाँ ॥
छाया रूप बनेर नित्य धरती माया यहाँ लाउँछिन् ।
बाह्रैमास यहाँ छ साम्य प्रकृति वैशाख भै आउँछिन् ॥"

कवि ढकाल प्रकृतिले निर्माण गरिदिएको नौलो सिर्जना यस ठाउँमा बाह्रैमास नयाँ वर्षको जस्तो अर्थात् नव पालुवाको जस्तो मुस्कानात्मक सौन्दर्य थपिई आएको भाव यस पङ्क्तिमा प्रस्तुत भएको छ भन्दछन् । यस कवितामा

कविको काव्यमान्यता र जीवनदृष्टिको चिन्तन भावात्मक अभिव्यक्ति बनेर आएको छ ।

### ४.३.६ शिल्पविधान

कुनै कृतिमा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुत वा सहवर्ती अर्थ बिम्ब हो[२] भने समान गुणका आधारमा दृश्य वा अदृश्य अन्य कुनै वस्तुको कल्पना गरी प्रतिबिम्बका रूपमा राखिएको वस्तु वा चिनु प्रतीक हो ।[३] प्रस्तुत कवितामा हिमालयलाई स्त्रीत्व प्रदान गरी प्रतीकात्मक रूपमा देशको सौन्दर्यका वा नारी सौन्दर्यका रूपमा भाव अभिव्यक्त गरिएको छ ।

कवितामा ढकालले शब्दालङ्कार तथा अर्थालङ्कारलाई कुशल संयोजन गरी काव्यिक सौन्दर्य थपेका छन् । सबै हरफहरूमा अन्त्यानुप्रासको योजना छ । "ओडी स्वच्छ पछेउरा झिलमिले तारासरी झल्मल" अंशमाा उपमा अलङ्कार प्रयुक्त छ । विविध अलङ्कारहरूको एकै स्थानमा प्रयोगले संकर अलङ्कारसमेत यस कवितामा प्रस्तुत भएको छ ।

## ४.४ मुनाको यादमा कविताको विश्लेषण

### ४.४.१ सामान्य परिचय

'मुनामदको यादमा' शीर्षकको कविता विवेक बिन्दु पत्रिकामा वि.सं. २०२५ मा प्रकाशित एक मध्यम आयामको कविता हो । यसमा ल्हासाबाट फर्केका मदनले मुनाको मृत्यु सुनेपछिको कवितात्मक अभिव्यक्ति दिइएको छ । मुनामदन कथामा आधारित यस कवितामा ढकालले वर्णमात्रिक छन्दलाई अँगाल्दै मदनका मनमा आएका उजाड भावहरूलाई प्रस्तुत गरिएको छ । गण्डकी छात्र समिति (काठमाडौं) द्वारा मोती जयन्तीको उपलक्ष्यमा भाद्र १६ गते (२०२५) आयोजित साहित्यसम्मेलनमा ढकालको यो कविता विशेष पुरस्कृत भएको थियो ।[४]

---

[२] बासुदेव त्रिपाठी र अन्य (सम्पा.) पूर्ववत्, पृ. २० ।

[३] बालकृष्ण पोखरेल (सम्पा.) पूर्ववत् पृ. ८३७ ।

[४] विवेक बिन्दु पत्रिकामा लिखित जानकारी ।

### ४.४.२ शीर्षक

शीर्षक कविताकृतिको नामकरण मात्र नभई कविताको मूलभ ाव र विचारको सूचक पनि हो ।[५] यस परिभाषा अनुसार शीर्षक र कविताको मूलभाव वा विचारसँग नङ र मासुको जस्तो सम्बन्ध हुनुपर्ने देखिन्छ । विश्वनाथ ढकालको यस 'मुनाको यादमा' कवितामा त्यस प्रकारको सम्बन्ध पाइन्छ । शीर्षक र भावका बीच अन्तःसङ्गति भएको कविताको उपयुक्त उदाहरणका रूपमा यसलाई लिन सकिन्छ । पदावलीको तहमा शीर्षक चयन गरी कविताको भावसँग सङ्गति मिलाउनु कवि विश्वनाथ शर्मा ढकालले शीर्षक चयनको वैशिष्ट देखिन्छ । यस दृष्टिले उनी निकै सफल बन्न पुगेका छन् ।

### ४.४.३ संरचना र लयविधान

कवि ढकालको 'मुनाको यादमा' शीर्षकको यो कविता १९ अनुच्छेद र प्रत्येक अनुच्छेदमा चार-चार हरफ हुँदै जम्मा ७६ हरफमा संरचित गरिएको छ । शार्दूलविक्रीडित छन्दमा संरचित यस कवितामा भावसँग आन्तरिक संरचनाको सम्बन्ध स्थापित गरिएको छ । अन्तर्लयात्मक आन्तरिक संरचनालाई बाह्य पद, पङ्क्ति वा अनुच्छेदमा विषय नखज्मजिने गरी निर्माण गरिएको छ । शास्त्रीय छन्दको 'म स ज स त त गु' गण हुने उन्नाईस अक्षरको (चतुष्पदी) शार्दूलविक्रीडित छन्दमा कवि ढकालको 'मुनाको यादमा' कविता रचिएको छ । अन्तर्लयात्मक अन्त्यानुप्रासारको कुशल संयोजनका साथ रचना गरिएको ढकालको यो उत्कृष्ट कविता मान्न सकिन्छ ।

### ४.४.४ भाषाशैली

प्रस्तुत कवितामा तत्सम, तद्भव तथा आगन्तुक स्रोतका शब्दहरू प्रशस्त प्रयोग गरिएका छन् । छन्दको नियमलाई पूर्णता दिँदा एकाध ठाउँहरूमा वर्ण विन्यासगत त्रुटि रहेको देखिन्छ तर पनि यसमा शैलीले भावको थिचोमिचो भने

---

[५] त्रिपाठी र अन्य, पूर्ववत् १८ ।

गरेको छैन । एक अक्षरदेखि पाँच अक्षरसम्मका शब्दहरूको प्रयोग यो कवितामा पाइन्छ । जति पढ्दै गयो उति अब के हुन्छ भन्ने कुतुहलता यहाँ सिर्जना गरिएकाले कविता रोचक बनेको छ । यसको सूक्ष्म कथात्मक अभिव्यक्तिले कवितामा सुन्दरता र रोचकता थपिन पुगेको छ ।

### ४.४.५ केन्द्रीय कथ्य र भावविधान

मुनाको मृत्युले मदनमा ल्याएको विरह-वेदनाको करुणरसात्मक अभिव्यक्ति नै केन्द्रीय भावका रूपमा यहाँ आएको छ । मुनाको सानो र स्वर्गीय घरमा अझ बढी खुसीयाली ल्याउन मदन भोट गएको र घर फर्कंदा मुनाको मृत्युको अवस्था आएको प्रसङ्ग उल्लेख गरिएको छ । यस्तो खुशीको क्षणलाई विधिले देख्न नसकेर उल्ट्याएको भन्ने भाव प्रकट भएको छ । यसैको एउटा श्लोक उदाहरणका रूपमा हेरौं-

"यो ठाऊँ वन पातमा प्रकृतिका शोभा उडेछन् अब ।
यो गाउँ र छिमेकमा नजरमा मान्छे मरेछन् सब ॥
उम्लेछन् हर ठाउँमा रहरिला उल्लास औं माधुरी ।
सम्झन्छु मत विश्व नै विरहमा कल्पेर रोए सरी ॥"

यस ठाउँका वन पाखाका प्राकृतिक सुन्दरता उडिसकेका, गाउँ टोलका नजरका मान्छे मेरका, उल्लास हराएको र विश्व नै विरहमा कल्पेर रोएको भाव यस पङ्क्तिमा आएको छ । आफ्नो दुःखलाई प्रकृतिले तथा विश्वले नै साथ दिइरहेको अनुभूति हुने भाव यहाँ प्रस्तुत छ ।

गुँडमा बचेरा रुँदै छन् भने नजरकी छाँया रुँदैछिन् भने यात्री साँझमा अवश्य फिर्छन् तर कसैको लास अगाडि पर्दा अर्थात् मसानमा कुनै मान्छे पुग्छ भने हाँसेर अवश्य फर्कंदैन त्यस्तै प्रभाव सबैमा पर्छ भन्ने भाव स्पष्ट पारिएको छ । मुना तिमी अहिले कुन विरहले कस्तो अवस्थामा बसेकी छौ ? यस धर्तीबाट

बिदा हुन तिमीलाई प्रकृतिले किन नरोकेको भन्ने प्रश्नात्मक अभिव्यक्तिका साथै कैयौं वनकुञ्जमा तिम्रो सुख, कयौं पुष्पमा हाँसो यही छोडी एक्लै कसरी बसेकी हौली भन्ने भाव प्रष्ट पारेको देखिन्छ । तिम्रो अभाव एकातिर र तिम्रा सुखका क्षणले अर्कातिरसँगै मष्तिष्कमा आइदिँदा म पागल जस्तै रुने, हाँस्ने, एकान्तमा टोलाउने, गीत गाउने भएको छु भन्ने भाव व्यक्त भएको छ । ढकमक्क कैलाशको बादल बनी फर्क, मेरो नयन तिम्रो प्रतीक्षामा पग्लँदै गयो जस्ता अभिव्यक्ति यहाँ आएको छ ।

### ४.४.६ शिल्पविधान

मुनाको यादले गर्दा यहाँका प्राकृतिक छटालाई मुनामा परिणत भएको देख्ने मदन कुनै बेला संसार नै रोइरहेको देख्न पुग्छ । फलतः कवितामा मुना र संसारको बिम्बात्मक अभिव्यक्ति प्रयोग हुन पुगेको छ । यहाँका सुन्दर फूलहरूमा मुना हाँसेको खेलेको वा हाँसो छोडेको अनभूति देख्ने ढकालले प्रकृतिलाई मानवीकृत गरी प्रतीकात्मक पनि अभिव्यक्ति दिएका छन् ।

प्रस्तुत विषयको वर्णनबाट अप्रस्तुत वस्तुको बोध यहाँ प्रतीत भएको छ । यस कवितामा मुनामदनको कथावस्तुलाई नवीन ढङ्गमा व्याख्या गरिएको छ । फलतः यो कविता नेपाली संस्कृतिको मिथकीय अभिव्यक्ति बन्न पुगेको छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाले नेवारी लोककथाको अन्तर्वस्तुलाई नेपालीमा झ्याउरे छन्दमा पोख्त गरिएको ‘मुनामदन’ को अन्तिम अंशलाई सन्दर्भ बनाई लेखिएको हुँदा कविता दुःखान्त प्रेम कथाको सजीव अभिव्यक्ति बन्न पुगेको छ ।

यस कवितामा कवि विश्वनाथ ढकालले शब्दालङ्कार तथा अर्थालङ्कारको पनि प्रयोग गरेका छन् । अप्रस्तुत प्रशंसा अलङ्कारको एउटा नमुना यसप्रकार पाइन्छ ।

“हे रुन्छौ किन पिल्पिले जुन ! तिमी विस्तीर्ण आकाशमा ।
के तिम्री पनि प्रेयसी अलपिइन् वैरागको देशमा ?
जाऔला पछि एक साथ उनकै सामू लजाइकन ।

जाऊ साथ मिलेर एक सँगमा रोइ बसौँ क्यैछिन ॥

## ४.५ 'जीवन : एक वटवृक्ष' कविताको विश्लेषण

### ४.५.१ सामान्य परिचय

'जीवन एक वटवृक्ष' शीर्षकको कविता विवेक बिन्दुको वर्ष ३, बिन्दु ३ २०२६ सालमा प्रकाशित भएको छ ।

### ४.५.२ शीर्षक

प्रस्तुत कवितामा कवि विश्वनाथ ढकालले जीवनको परिभाषालाई वैचारिकता प्रदान गरी कविताको मूल भावभूमि तथा त्यसको फैलावटलाई सबल रूपमा नेतृत्व गर्न सक्ने शीर्षक चयन गरेका छन् र प्रतीकात्मक रूपमा शीर्षकअनुसारको वर्णन प्रतीकात्मक रूपमा गर्दै जीवन र वरको वृक्षलाई तुलना गरी कलात्मकताले सिंगार्ने काम गरेका छन् । यस कवितामा जीवन ओइली झर्ने फूल जस्तो हो कहिले सुख कहिले दुःख परिरन्छ अन्त्यमा एक दिन मर्नु पनि पर्छ भन्ने भावाभिव्यक्तिलाई कविले वृक्षको पात झर्दा र पलाउँदाको अवस्थासँग तुलना गरी जीवन यस्तै हुन्छ भन्ने भावात्मक अभिव्यक्तिलाई 'जीवन एक वटवृक्ष' शीर्षकले प्रष्ट पारेको छ । शीर्षक र केन्द्रीय कथ्य अत्यन्त तालमेल मिलेको यो कविता ढकालको शीर्षक, नामाकरण र विषयवस्तुका बीचको कुशल सजकताको चिनारी हो ।

### ४.५.३ संरचना र लयविधान

प्रस्तुत कवितामा चार-चार हरफका नौ वटा पंक्ति र एउटालाई पुनः दोहोऱ्याई प्रस्तुत गरिएको हुँदा सिङ्गो कविता ३७ हरफमार विस्तार हुन पुगेको छ । कविताको आयाम विषयवस्तुगत फैलावट धेरै भएपनि यसको आकार भने सानो देखिन्छ । यस कवितालाई २९ मात्राको मात्रा छन्दमा रचिएको छ ।

### ४.५.४ भाषाशैली

यस कवितामा संस्कृत मूलका शब्दहरू धेरै समावेश गरिएको छ । यसले गर्दा कविताको भाव त्यति सहज देखिंदैन । श्रान्त, पथिक, पारावार, आशालता, वय जस्ता संस्कृत स्रोतका शब्दहरूलाई पनि कवि ढकालले आफ्नो जीवनसम्बन्धी

विचार आलङ्कारिक ढङ्गले सहज शैलीमा प्रस्तुत गरेका छन् । सहज बनाउन खोज्दा खोज्दै भाव कतै कतै जटिल बन्न पुगेको छ । १ देखि ६ अक्षरसम्मको संरचनामा प्रस्तुत कवितामा ढकालको कविताको भाषाशैली अन्य कविताभन्दा केही पृथक् देखिन्छ ।

### ४.५.५ विषयवस्तु र भावविधान

कवि विश्वनाथको यस कविताको विषयवस्तु जीवन र यसको व्याख्या नै हो । जीवनको व्याख्याका क्रममा ढकालले दिन, रात, हिउँद, वर्षा, आदिले जसरी अडिक वरको रुखमा घामपानी चोट पीडा र शीतलताको प्रभाव पार्छ त्यसरी मान्छेको जीवन पनि दिनप्रतिदिन दुःख सुखले बित्दै जान्छ भन्ने कथ्यलाई विषयवस्तु बनाएका छन् ।

जीवनमा कहिले सुखको बादल छाउँछ भने कहिले दुःखको आँसु हुरी बनी आउँछ । मानव जीवनको दुःखको त्यो क्षणमा उपचार समवेदना शब्द नै काफी हुन्छ भन्ने भाव यहाँ प्रकट पारिएको छ । एक दिन सम्पूर्ण प्राणी माटोमा मिल्छन् तर केही मान्छेले जीवनमा आकाशका तारा खसाल्ने जस्ता कठिन कार्य गर्नसक्छन् भने कोही खान लाउन नपाएर केही गर्न नसक्दै मृत्युवरण गर्छन् भन्दै जीवन भनेको घामछायाँ जस्तो सुख दुःख हो र थकित बटुवाले हिँड्दै गरेको पारावार हो भन्ने भाव यहाँ अभिव्यक्त गरिएको छ ।

जीवनकै परिभाषा स्वरूप कविले यस पंक्तिमा यस्तो अभिव्यक्ति दिएका छन्-

पुष्पहरूको मीठो स्पन्दन पल्लवहरूको नाच अपार ।
मिल्दछ केही छिनको निम्ति भ्रमरहरूको नकली प्यार ॥
जाई झर्दछ वैली जब अनि भ्रमरा सर्दछ जुईमा ।
कुसुम कलीको सच्चा माया मिल्दछ छिनमै भुईंमा ॥

जीवनमा कयौं समय फूलहरूको स्पन्दन जस्ता रमणीय हराभरा क्षण आउँछन्, नक्कली प्यार भ्रमरा रूपधारीहरूबाट केही क्षणका निम्ति बसाउँछन् ।

सोही भ्रमरारूपी रस आउन छाडेपछि त्यसलाई छाडी अन्यत्र पलायन हुन्छन् वा स्वार्थी हुन्छन् । मर्ने र बाँच्ने समयको निश्चितता कसैलाई हुँदैन र जीवन यस्तै अनिश्चित, स्वार्थी हुन्छ भन्ने भाव यहाँ व्यक्त गरिएको छ । अल्पावस्थामा नै प्रौढ दार्शनिक चिन्तनले  मुक्त यस कविताले ढकालको काव्ययात्रा निकै परिष्कृत बन्दै गएको देखिन्छ ।

### ४.५.६ शिल्पविधान

कवि विश्वनाथ ढकालले यस कवितामा वटवृक्ष, पुष्प, बादल, नभका तारा, भ्रमरा, रातदिन जस्ता प्राकृतिक पक्षलाई बिम्बात्मक अभिव्यक्ति दिएका छन् । ढकाल शीर्षकलाई नै प्रतीकात्मक रूपमा स्थापित गरी जीवनमा वटवृक्षको अनुभव गराउँदछन् । आफ्नो वैचारिक चिन्तन सबल रूपमा यस कवितामा व्यक्त गरेका छन् ।

## ४.६ ‘एक गीत’ शीर्षकको गीतिकविताको विश्लेषण

### ४.६.१ सामान्य परिचय

‘एक गीत’ शीर्षकको गीतिकविता विवेक बिन्दु पत्रिकामा वि..सं. २०२७ मा प्रकाशित भएको छ । गीत निश्चित संरचनामा आबद्ध हुन्छ । गीतको बनावट वा सङ्गठन नै यसको संरचना हो । गीतमा एक वा अनेक अनुच्छेद (झाँकी) हुन सक्छन् । गीत मुख्यतया दुई भागमा विभक्त हुन्छ- स्थायी र अन्तरा । स्थायी भागलाई ध्रुबपङ्क्ति पनि भन्ने गरिन्छ । अर्को अन्तरा भाग हो । स्थायी भागमा गीतको मूलभाव समेटिएको हुन्छ भने अन्तरा भागमा स्थायी भावमा भएको मूल कुरालाई पुष्टि गर्ने वा स्थायीमा अभिव्यक्त भावको कारण बताउने कार्य गरिन्छ ।[६] गीतको स्थायी भागमा सम्पूर्ण गीतको सारवस्तु प्रस्तुत हुने र अन्तरामा त्यसै कुरालाई पुष्टि गरिन्छ भने स्थायी र अन्तरा भागका बीचमा कार्य र कारणको सम्बन्ध पनि हुन सक्छ ।[७]

---

[६] कृष्णहरि बराल, गीत सिद्धान्त र इतिहास, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं पृ. १४ ।

[७] कृष्णहरि बराल, संसृष्टि (२०५५), साझा प्रकाशन, पृ. ९ ।

### ४.६.२ भाषाशैली

सरल भाषाशैलीमा कविताहरू लेख्ने विश्वनाथको प्रवृत्ति नै हो । यस गीतमा पनि पंक्षीलाई मानवीकृत गरी एक पंक्तिमा आएको प्रसङ्ग अर्को पंक्तिले स्पष्ट पार्दै गीति संरचना अनुरूप प्रस्तुत गरिएको छ । बुझ्न सहज प्रस्तुत गीत रोचक र माधुयै थपिएको देखिन्छ । तत्सम, आगन्तुक र तद्भव स्रोतका शब्द चयन गरी रचिएको यस गीतमा अन्त्यानुप्रासको योजना अत्यन्त कुशल रूपमा गरिएको छ । अन्तिमका शब्दहरू पाखामा, आँखामा, वनमा, मनमा आदि पूर्ण मिलाइएको छ । पंक्षीलाई प्रेमीको बिम्बात्मक अभिव्यक्ति दिएर लेखिएको यस गीत र यसको भाषाशैलीगत श्रुतिमाधुर्यताले ढकालको कुशल गीतकार व्यक्तित्वको पहिचान गराउँछ ।

### ४.६.३ विषयवस्तु र भावविधान

यस गीतिकवितामा माया-प्रीतिका, दुःख, वेदना र विरहका क्षणलाई सम्झना स्वरूप विषयवस्तुका रूपमा व्यक्त गरिएको छ । विषयलाई रोचकता दिन अर्थात् गीतलाई लयात्मक र आलङ्कारिकता प्रदान गर्न मायालुले छोडेर जाँदा पिरती फाटेको, छुटिनुपर्दा हाँसो पनि रोदन सरह देखिने, साथीको दिल बुझ्न् नसकेको, रुवाइका वेदनाका समयमा हाँसोलाई पर्खन कसैले नसक्ने कुरा र माया सँधै खेलौना भएका छन् भन्ने कथ्यलाई विषयवस्तुका रूपमा विषयीकरण गरिएको छ । अन्यत्र टाढा जाने र बेलाबेलामा घर फर्कदै पुनः टाढा रहने मायालुको विरह वेदनालाई नै मुख्य विषयवस्तु बनाइएको छ ।

यस कवितामा पन्छी एक्लै उडेर जाँदा मायालुको आँखा रसाएको, दुःख सुखको साथी त्यसरी अन्यत्र टाढा जाँदा मायालुले आफ्नो पिरती फाटेको जस्तो अनुभव भावात्मक रूपमा व्यक्त भएको छ । पहिलेपहिलेको माया अहिले विरहमा डुबेको छ र त्यो हाँसो पासोसरह भएको छ । भित्री हृदयले भाव बुझ्ने यो दुनियाँमा को हुन्छ र कोही छैन । टाढा भए पनि एक्लै भए पनि चोखो माया गाँसेको दख्ने आफू नै हो भन्ने प्रसङ्ग उल्लेख गदै ढकालले जसरी हिउँद, वर्षा

आउँछ जान्छ त्यसैगरी परदेशी मायालु आउँछ जान्छ जस्ताको तस्तै भन्ने भाव व्यक्त गरिएका छन् । विरह, वेदना, पीडा सह्य हुन सक्दैन, त्यो चोट आँखाले देखिँदैन अनुभूतिले थाहा पाउने हो, चोखो माया हृदयदेखि नै आउँछ त्यसलाई शब्दचित्रले वर्णन गर्न सकिदैन भन्ने भाव व्यक्त भएको छ । आफन्त टाढा रहेको छ, त्यसले गर्दा विरह लाग्छ, याद आउँछ, विरह बेदना मात्रै छोडेर जान्छ । दु:खको मात्रै कुरा गर्छ त्यही अधुरो पुरा नहुने फेरी थपेर जान्छ, आफू त सधैं खेलौना जस्तो भन्ने भाव एक गीतिकवितामा व्यक्त भएको छ ।

## ४.७ असार पन्ध्र कविताको विश्लेषण

### ४.७.१ सामान्य परिचय

'असार पन्ध्र' शीर्षकको कविता भानु संस्कृत माध्यमिक विद्यालय स्वर्णजयन्ती स्मारिका २०५० मा प्रकाशित भएको छ । प्रकृतिको नियमअनुसार ऋतुमा हुने परिवर्तनलाई केन्द्र मानी मानव जीवन र प्रकृतिबीच गास, बास र कपासका लागि कर्म गर्दाको अनुभव यस कवितामा समेट्ने प्रयास गरिएको छ । यसको केन्द्रीय कथ्य ग्रीष्मका प्राकृतिक छटा र यसैका सेरोफेरोमा प्रकृति तथा जीवनजगतको परिवर्तनशीलता र अनन्तताको अभिव्यञ्जना हो ।

### ४.७.२ शीर्षक

शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक सङ्केत वा उद्घाटकसमेत हुनुपर्ने हुन्छ ।[८] यसले समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ । प्रस्तुत असार पन्ध्र शीर्षकको कवितामा शीर्षक र केन्द्रीय कथ्यका बीच भित्री सङ्गति रहेको छ । असार किसानहरूका लागि खेती लगाउने समय हो । आफ्नो कडा परिश्रमलाई घामपानी नभनी रमाइला गीतका साथ दु:ख बिर्सने र असारे हिलोमा प्रकृतिले होली खेल्ने जस्ता विषयलाई शीर्षकका रूपमा असार पन्ध्र दिइएको छ ।

[८] वासुदेप त्रिपाठी र अन्य पूर्ववत्, पृ. १८ ।

### ४.७.३ संरचना र लयविधान

प्रस्तुत कविता १० पद्यमा संरचित छ । प्रत्येक पद्यमा १७ अक्षरका चार-चार पाउ रहेका छन् । फलतः सिङ्गो कविता ४० हरफमा विस्तारित हुन पुगेको छ । यस कविताका  प्रत्येक पाउमा 'म भ न त त गु गु' को गण सङ्केत रहेको हुँदा यो मन्दाक्रान्त छन्दमा संरचित कविता रूपमा देखा पर्दछ । यस छन्दमा चार पाँच अक्षरमा यति वा विराम पाइन्छ । वर्णमात्रा छन्द वर्णमात्रिक छन्द भएको हुँदा यसमा शास्त्रीय प्रकृतिको लयविधाान पाइन्छ ।

### ४.७.४ भाषाशैली

नेपालीपनले भरिएका झर्रा शब्दहरूलाई ढकालले यस कवितामा बढी स्थान दिएका छन् । संस्कृत स्रोतका कठिन शब्दहरू पनि प्रशस्तै छन् तर अर्थ र भाव लय कुनैमा बाधा पुऱ्याएको छैन । विशेषगरी यो कविता नेपाली जनजीवनसँग सम्बन्धित भएको हुँदा शब्द र वाक्यमा त्यस्तै परिवेश छ । लामा वाक्यात्मक किसिमका अभिव्यक्ति नभएर छोटो-छरितो भएका हुनाले कविता जो कोही पाठकले सहजै बुझ्न सक्ने किसिमको छ ।

### ४.७.५ विषयवस्तु र भावविधान

'असार पन्ध्र' कविताको विषयवस्तु असार महिना नै हो । यस समयमा सबै मानिस रोपाईंमा सरिक हुन्छन् । यसले कृषकहरूको जीवनमा सुखको क्षण ल्याउँछ, युवा युवतीको मोतीका दानारूपी पसिना चुहाइ कर्म गर्न सिकाउँछ । असार प्राणको, सृजनाको र श्रमको भरमा अडिन्छ, नेपालीलाई असारले बिउँझाउँछ र बाँझो धर्तीलाई सुन फल्ने बनाउँछ । प्रजातन्त्रको घामपानी गरी वर्षा बहन्छ र संजीवनी रस लिई असार आफैँ आउँछ, अनि सबैको रक्षा पनि गर्छ भन्ने जस्ता विषयलाई समेटिएको छ । विश्वनाथ ढकालका कवितामा नेपाली पाखा पखेरा, द्यौराली, भञ्ज्याङ्ग, डाँडाकाँडा, चौतारी, लेक बेंसी हिमशृङ्खलालाई

उतार्न यिनैलाई विषयवस्तुको स्रोत मान्दछन् । यो कविता पनि यिनै विषयवस्तुमा आधारित छ ।

कवि ढकाल ग्रामीण परिवेशको नजिक यस कवितालाई पुऱ्याई कृषकको चाड जस्तै गरी काम गर्ने औजार मोतीका रूपमा प्रयोग हुन्छन् भन्दै प्राकृतिक सौन्दर्य र साँस्कृतिक प्रतिबिम्बित तिर भावाभिव्यक्ति यहाँ प्रस्तुत गरेका छन् । असार पन्ध्र कवितामा बिम्बात्मक रूपमा मानवीय नृत्य झल्काइएको छ । बिम्बात्मक अभिव्यक्तिको झलक नेपाली समाजलाई आधार मानेर छर्लङ्ग पारिएको भाव प्रस्तुत छ । असार नै एउटा जीवन हो, यो संसारलाई सुखद क्षणका रूपमा हेरिएको भाव कतै बिम्बात्मक रूपमा कतै लक्षणा तथा कतै व्यञ्जनाका तहसम्म पुगी व्यक्त गरिएको छ ।

### ४.७.६ शिल्पविधान

कविले यस कवितामा काव्यिक सौन्दर्यता थप्न शब्द तथा अर्थालङ्कारको प्रयोग पनि गरेका छन् । अन्त्यानुप्राको कुशल संयोजन एकतिर छँदैछ भने रूपक, दृष्टान्त, वक्रोक्ति जस्ता शब्द र अर्थालङ्कार यस कवितामा आएका छन् ।

### ४.७.७ व्यङ्ग्य

कविता भनेको साधारण कथन नभई व्यञ्जनामूलक कथन हो । जति धेरै व्यञ्जनामूलक अर्थ निस्कन्छ त्यो उति उत्कृष्ट कविता बन्दछ । एकातिर असार नै नबुझ्ने व्यक्तिलाई असारको रमाइलोको बखान गरी व्यङ्ग्यवाण प्रहार गरिएको छ भने अर्कातिर माया प्रीति सुरु गर्ने दुई हृदयको दुरी कम गर्ने प्रसङ्ग उठाउँदै ठट्टालाई चोखो मायाको रूपमा व्यङ्ग्य गरिएको छ । फलतः यो कविता व्यञ्जनाधर्मी कविता बन्न पुगेको छ ।

## ४.८ निष्कर्ष

विश्वनाथ ढकालका फुटकर कविताहरू विशेष गरी वर्णमात्रिक छन्दमा र केही मात्रामा मात्रिक छन्दमा आबद्ध रहेका छन् । उनका कवितामा विषयवस्तुका रूपमा प्रकृतिलाई बढी स्थान दिएको र ती कवितामा माया र प्रीतिका भाव समेटी जीवनका दार्शनिक अनुभूति सम्मका भाव अभिव्यक्त भएका छन् । ढकालका कवितामा कार्वशिल्प परिष्कृत देखिन्छ । बिम्ब, प्रतीक र अलङ्कारका साथै केही कवितामा मिथकीय अभिव्यक्ति पनि पाइन्छ । फलतः ढकालका कविता अभिधा व्यञ्जनामूलक अर्थममा केन्द्रित देखिन्छन् । भावनात्मक गहनतातर्फ उन्मुख देखिन्छन् । ढकालको भाषा प्रयोग सरल देखिन्छ तर जटिल भावलाई व्यक्तव गर्दा कुनै कवितामा तत्सम शब्दहरूको प्रयोग बढी नै देखिन्छ । ढकालका उपलब्ध कविताको विश्लेषणका आधारमा के निष्कर्ष निकाल्न सकिन्छ भने उनी भावका दृष्टिले देवकोटा जस्तै स्वच्छन्दतावादी कवि हुन् भने शिल्पगत परिष्कारका दृष्टिले घिमिरेका अनुयायी कवि हुन् । उनले जीवनको प्रारम्भिक चरणमा मात्र कविता आफ्नो अभिव्यक्तिको माध्यम बनाएका हुँदा उनको काव्ययात्राले पूर्ण परिष्कार गर्न भने सकेन ।

## पाँचौं परिच्छेद

# विश्वनाथ ढकालका फुटकर लेखहरू र निबन्ध सङ्ग्रहको अध्ययन

## ५.१ विश्वनाथ ढकालका फुटकर लेखहरूको अध्ययन

### ५.१.१ पृथ्वी राजमार्ग : एक सरसरी दृष्टिमा

वि.सं. २०२७ असार २६ गते शुक्रवार सगरमाथा साप्ताहिकमा प्रकाशित भएको 'पृथ्वी राजमार्ग एक सरसरी दृष्टिमा' विश्वनाथ ढकालको पहिलो फुटकर लेख हो । विश्वनाथ शर्माले यस लेखमा यातायातको विकासले मानिसको जीवनमा सहजता ल्याएको, नेपालमा लामा-लामा राजमार्ग निर्माणले विकासको कार्यहरू, दैनिक जीवनमा पर्ने अप्ठ्याराहरू हट्दै जान थालेका र देश विकासमा राजमार्गको भूमिकाका बारेमा आफ्ना धारणाहरू व्यक्त गरेका छन् ।

ढकालले पृथ्वी राजमार्गको वरिपरी भएका महेश खोला त्रिशूली, मर्स्याङ्दी र सेती नदीको किनारको रमणीय ठाउँलाई पर्यटकीय रूपमा चर्चा गरेका छन् । उनले गोर्खा, धादिङ चितवन, तनहुँ र कास्कीका केही भागलाई यस राजमार्गको प्रत्यक्ष सुविधाभोगी स्थलका रूपमा व्यक्त गर्दै मुगलिम र बेनीबजार निम्नतम उचाइमा रहेका र नौविसे उच्चतम उचाइका ठाउँ हुन् भन्दै १७६.५ मिटर लामो र ५.६ मिटर चौडाको यो राजमार्ग भएको जानकारी गराएका छन् । विश्वनाथ ढकालले पृथ्वीराजमार्गमा निकै कष्टकर रूपमा निर्माण गरिएका परेवाभीर, बाँदरभीर, कृष्णभीरलाई खतराका रूपमा यहाँ उल्लेख गरेका छन् र यी भीरहरू १५० फीटभन्दा बढी अग्ला रहेका चर्चा गरेका छन् । ढकालले खतरा स्थल ठहर गरेका यी क्षेत्र बाढी पहिरोका कारण हाल पनि निकै खतरा छन् । अनुमानित लागत रकम, निर्माण गर्ने क्रममा रोडा माटो विच्छ्याउने तथा मोटर सञ्चालन भइसकेका पक्षलाई पनि ढकालले यस लेखमा समेटेका छन् । साना पुल ८६ मझौला पुल २६ र २ वटा ठुला पुल तयार हुने, अधिराज्यकै ठूलो पुल तयार बन्ने

सम्मको प्राविधिक जानकारी पनि उनले यहाँ दिएका छन् । प्रकृतिको राजधानी पोखरालाई यस राजमार्गले अझ पर्यटकको आकर्षण केन्द्र बनाउन यसले सक्ने र विकासको मार्ग खोल्न यो सक्षम भएको ठहर ढकालको छ ।

### ५.१.२ शुभकामना छ एक बहुमुखी नारी व्यक्तित्वलाई

काठमाडौंबाट प्रकाशित हुने सगरमाथा साप्ताहिकको २०२७ भाद्र ५ गते शुक्रवार प्रकाशित वर्ष १ अङ्क ६ मा विना रम्घाली नामबाट ढकालको यो लेख प्रकाशित भएको छ । यसमा ढकालले नारीलाई एक रथका दुई पाङ्ग्रा, कुशल गृहिणी, वीर रमणी, वीरमाता, महिमामयी सुन्दरी, प्रतिभासम्पन्न विदुषी आदिका रूपमा पहिलेदेखि नारीले महत्ता पाएका र त्यो महानता हालका नारीले पनि प्राप्त गर्न सक्छन् र सक्नुपर्ने धारणा यहाँ व्यक्त गरेका छन् । ढकालले नारीलाई सौन्दर्यका रूपमा पृथ्वी, नदी, फूल, चन्द्र र आकारका रूपमा चन्द्र, भ्रमर, सूर्य, नारी आदिको चर्चा गर्दै सरस्वती, लक्ष्मी, महाकाली, पार्वती, सती, सावित्री, सीता आदि नारीले पाएको महत्वपूर्ण स्थानको बारेमा पनि यस लेखमा चर्चा गरेका छन्, साथै मैत्री, गार्गी, गौतमी जस्ता प्राचीन विद्वषीहरू र कुन्ती जस्ता वीरमाता र सीताको महत्वलाई स्वीकार्न कर लाग्ने धारणा व्यक्त गरेका छन् ।

“यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता”, “नस्त्री स्वतन्त्र मर्हति” जस्ता उक्तिको प्रसङ्ग ल्याउँदै अब समाजले नारी भोग्या र गृहिणी मात्र हुन् भन्ने स्वीकार्न नसक्ने विचार यस लेखमा व्यक्त गरिएको छ र नारीलाई कलम र तरबार एकसाथ चलाउन सक्ने शक्तिको रूपमा, फूललाई पत्थर र पत्थरलाई फूल बनाउन सक्ने क्षमताको रूपमा अनि संसारलाई उजाड मरुभूमि र मरुभूमिलाई सुनौलो बिहान ल्याउन सक्ने रूपमा चर्चा गरिएको छ । नारी आमा, स्नेहमयी बहिनी, वात्सल्यमयी  छोरी, जीवनको आधारशीला या अर्धाङ्गिनी पत्नी हुन् । नारी सबै हुन् र त बालकदेखि वृद्धसम्मका मानिसले दुःखको घडीमा ‘आमा’ शब्द उच्चारण गरी आफ्नो मानसिक शान्तिको अनुभव लिन्छन् भन्दै एकातिर नारीको व्यक्तित्वको चर्चा गरिएको छ भने यसै लेखमा विश्वको हराभरा, सृष्टि, सरलता र

सरसताको सङ्गम, कठोरता र कोमलताको जादुगर्नी, महालक्ष्मी या चण्डी पतिव्रता, धैर्यवती आदिका स्थान नारीले लिन सकेका छन् भन्ने विचार व्यक्त गरिएको छ । धर्तीमा दूबो उमार्न र रापिलो मरुभूमि पार्न नारीले सक्छिन् भन्दै नेपालका नारी विश्वका दिदीबहिनी बन्नु परेको छ, म्याडम क्युरी र नाइट्रेङ्गलको जस्तै कार्य गर्नु परेको छ । नारीले भोग्या मात्रै होइन समस्त पक्षको हिस्सेदार बन्न परेको छ । पुरुषको काँधमा काँध मिलाई अघि बढ्नु परेको छ भन्दै यस लेखमा उनले बडामहारानी लगायतका समस्त नारीलाई शुभकामना दिएका छन् ।

### ५.१.३ प्रजातन्त्रमा निर्दलीयता

सगरमाथा साप्ताहिकको वर्ष १, अङ्क ७ मा २०२७ असोज ९ गते विना रम्घालीको नामबाट प्रकाशित प्रस्तुत लेखमा ढकालले कुनै पनि देशको शासन व्यवस्था आफ्नै वातावरणमा प्रगतिको शिखरमा पुग्न सक्छ भन्दै प्रजातन्त्रको कैयौं असफलताका उदाहरण दिँदै निर्दलीयता नेपालको परिवेश उपयुक्त भएको विचार व्यक्त गरेका छन् ।

ढकालले परस्पर आलोचना र प्रत्यालोचना भैकन पनि तर्कसङ्गत, सही माझिएका र शुद्ध भावनाले प्रजातन्त्र जन्मने हुँदा प्रजातन्त्र वा दलीयतातर्फ विश्वलाई आकृष्ट गऱ्यो र यसको सफल प्रयोग प्रजातन्त्रको जननी देश बेलायतमा छ भन्ने विचार पनि यहाँ व्यक्त गर्दछन् । "जनताद्वारा जनताको लागि जनताको शासन" लिङ्कनको सिद्धान्त "दलद्वारा दलको लागि दलको शासन" ब्राइसीको विचार हनर्सले बहुमतको तानाशाही शासन, इन्डोनेशियामा राजतन्त्र र पाकिस्तानमा आधारभूत प्रजातन्त्र जस्ता पद्धतिको चर्चा गर्दै हाम्रो देशमा पनि बेलायत र भारतबाट प्रजातन्त्र हुर्केको तर दलका आपसी स्वार्थ, गुटबन्दी कलह जस्ता दुष्परिणामको फलस्वरूप वर्षाका च्याउँ उम्रेझैं दलहरू उम्रन थालेको अवस्थाको चर्चा गर्दै "प्रजातन्त्र कुनै सिङ जुरो उम्रेको वस्तु होइन, वास्तविक बहुमतले रुचाएको हुने तन्त्र हो प्रजातन्त्र, भन्ने राजा महेन्द्रको धारणाबाट निर्दलीय प्रजातन्त्रको सूत्रपात हुन पुगेको अवस्था यस लेखमा स्पष्ट पारिएको छ ।

उत्तर दक्षिणका शक्तिशाली राष्ट्रबीच भू-परिवेष्टित भएर तटस्थ रहेको वफर राज्य नेपालको लागि भौगोलिक दृष्टि एवं विकासशील राष्ट्रको हैसियतले पनि पूर्णतः असंलग्न रूपबाट विश्वमा मैत्री राख्न र विश्वको होडबाजीमा नलागी विश्व समस्यालाई मानव अधिकार घोषणापत्र अनुसार आपसी सम्बन्ध कायम गरी विश्वमा शान्ति स्थापित गर्न निर्दलीय व्यवस्था अत्यन्त उपयुक्त छ भन्ने यस लेखको ठहर देखिन्छ ।

### ५.१.४ प्रेरणाकी प्रतिमूर्ति श्री ५ बडामहारानी

विश्वनाथ ढकालको नामबाट सगरमाथा साप्ताहिक वर्ष २, अङ्क १० मा २०२८ भाद्र ४ गते प्रकाशित प्रस्तुत लेख यसअघि विना रम्घालीका नामबाट 'शुभकामना छ एक बहुमुखी नारी व्यक्तित्वलाई' शीर्षकमा पनि प्रकाशित भएको छ । सोही विषयवस्तु अक्षरसः यहाँ प्रस्तुत गरिएको हुँदा यसको छुट्टै चर्चा गर्नु आवश्यक देखिंदैन ।

### ५.१.५ नेपाली साहित्यमा तनहूँको देन

'नेपाल विद्यार्थी सङ्घ' तनहुँ शाखाबाट वि.सं. २०२८ मा प्रकाशित विचारप्रधान समसामयिक सङ्कलन भोलि पत्रिकामा प्रकाशित प्रस्तुत लेख साहित्यकार विश्वनाथ ढकालको द्रष्टा व्यक्तित्वको उपजका रूपमा देखिन्छ । विश्वनाथ ढकाल एम.ए. (नेपाली), तनहुँ चुँदी रम्घाका नामबाट प्रकाशित प्रस्तुत लेख 'भोलि' पत्रिकाको समालोचनात्मक लेख/निबन्ध शीर्षक अन्तर्गतको खण्डमा प्रकाशित छ । यस लेखमा ढकालले साहित्यका बारेमा आफ्ना विचार व्यक्त गर्दै साहित्यले समाजको उतार्न सक्ने प्रतिबिम्ब, विश्वमा साहित्यको विकास र नेपाली साहित्यको उन्नाइसौं शताब्दीबाट भर्खर बामे सर्दो अवस्था जस्ता विविध पक्षलाई सूत्रात्मक रूपमा प्रस्तुत गरिएको छ ।

उदयकालीन रातो सूर्यले धरतीको अन्धकारलाई हटाएजस्तै भानुभक्तको नयाँ रोशनीले पथप्रदर्शक गरेका बताउँदै ढकालले यस लेखमा भानुभक्तले

तत्कालीन समाज तथा शासकीय रूपले आलोचित हुँदाहुँदै पनि जुन योगदान दिन सके त्यो समाजको लागि तिरेर नसक्ने ऋण भएको भन्ने विचार प्रस्तुत गरेका छन् । विश्वनाथ भन्छन्- विभाजित राष्ट्रहरूको एकीकरण गरेको श्रेय पृथ्वीनारायण शाहलाई छ भने विभिन्न भाषाभाषी, धर्माबलम्बी तथा सानासमूहमा विभाजित नेपाली जनसमाजलाई भाषा र साहित्यका माध्यमले एकबद्ध गर्ने श्रेय भानुभक्तलाई छ । यही योगदानको कदर स्वरूप भानुभक्त राष्ट्रिय कवि तथा आदिकविले विभूषित भएका हुन् ।

भानुभक्तपूर्वका साहित्यकारहरू भानुभक्तको शैलीमा पाइने प्रवीणता, परिमार्जन, धारावाहिता एवं मौलिकपन र लोकप्रियताले पछि परे पनि मौलिक, अर्धमौलिक र भौतिक जे-जस्तो साहित्यिक देन दिएका थिए, त्यसको मह□व पनि कम नभएको ढकालको तर्क छ । ढकाल भानुभक्तलाई आदर्श पुरुष बन्न प्रेरित गर्ने, तथा समाजमा भातृत्वको महिमा देखाउने र आदर्श समाजको स्थापना गर्ने गराउने व्यक्तिका रूपमा चर्चा गर्छन् । यसको उदाहरणस्वरूप उनले रामायणका अंश प्रस्तुत गरेका छन् । रामायण नेपाली कारखानामा तयार भएको उनको ठहर छ । रामायणका अतिरिक्त अनेकौं फुटकर रचना र बोलचालको प्रसङ्गमा रचिएका प्रसङ्गलाई उदाहरण दिँदै भानुभक्त ‘बधूशिक्षा’, ‘अमरावती कान्तिपुरीनगरी’ जस्ता अनेकौ रचनामार्फत् राष्ट्रवादी कविका रूपमा उदाएको ढकालको तर्क पाइन्छ । विश्वनाथ यस लेखमा भानुभक्तको योगदान नेपाली साहित्यको सर्वप्रथम र सर्वश्रेष्ठ देन हो भन्दछन् ।

समालोचकीय निर्णय र निष्कर्ष दिइएको ढकालको यस लेखमा तनहुँ जिल्लाका अन्य साहित्यकार र उनीहरूका विशेषता समेत समेटिएको छ । छोटो लेखमा समग्र साहित्यकार र उनीहरूका मूलभूत विशेषता तथा नवोदित लेखक र भविष्यप्रतिको धारणा समेत यस लेखमा यदुनाथ खनाललाई समालोचकका रूपमा स्थापित गरिएको छ भने रमानाथ आचार्य, विश्वनाथ आचार्य तथा रामप्रसाद खनाल र तीर्थराज पाण्डे सम्मान गर्दै ढकालले कविका रूपमा र उपेन्द्र श्रेष्ठ,

द्वारिका श्रेष्ठ, क्षेत्रप्रताप अधिकारीलाई नेपाली साहित्यमा योगदान पुऱ्याउने नयाँ व्यक्तित्व स्वीकार गरिएको छ । यी कविका विभिन्न कवितासङ्ग्रह र तिनीहरूका विषयमा चर्चा गर्दै ढकालले साहित्यिक योगदानको चर्चासमेत गरेका छन् । निबन्धकार विजयराज भट्टराई, कल्याणविक्रम अधिकारी, कान्तलाल प्रभात, भेषबहादुर थापालगायत अनेकौं साहित्यकार तनहुँमा रहेका र उनीहरूको पनि साहित्यमा योगदान रहेको ढकालले जनाएका छन् । प्रा. शिवराज आचार्य प्रा. जुननाथ पण्डित, प्रा. प्रयागराज शर्मा, प्रा. वासुदेव त्रिपाठी, रेवतीरमण खनाल, दुर्गाभक्त ढकाल आदिलाई यदुनाथ खनाल पछिका समालोचकीय धारका रूपमा आएका ठहर गर्दै उनले भविष्यमा प्रवीण समालोचक बन्ने प्राक्कल्पनासमेत गरेका छन् । नरनाथ आचार्य, विजयराज रम्घाली, मुक्तिनाथ आचार्य, सागर श्रेष्ठ, गंगाराम, प्रेमविनोद नन्दन, ईश्वर पिया आदिलाई पनि नेपाली साहित्यको फूलबारीका रूपमा लिइएको छ । साहित्यको सम्बर्द्धन र परिशीलनका उद्देश्यबाट प्रकाशित भएका बन्दीपूरे उकाली, भानुका लघुकृतिहरू, बेनी आदि साहित्यिक प्रकाशनलाई यस लेखमा चर्चा गरिएको छ । साथै विधागत रूपमा आख्यान (उपन्यास र कथा) का क्षेत्रमा योगदान पुऱ्याउन तनहुँका साहित्यकारले त्यति नसकेको जनाउँदै ढकालले त्यसतर्फ ध्यानाकर्षण गराएका छन् ।

छोटो छरितो यस लेखमा अनुल्लेख साहित्यकार धेरै हुन सक्ने ठान्दै कलमको घेरामा, परिचायक रूपमा समेटिन नसकेको उल्लेख गरेका छन् । यो ढकालको साहित्यकार र उनीहरूको योगदानको सम्मान हो । यसरी विश्वनाथले सर्वेक्षणात्मक रूपमै भए पनि तनहुँका साहित्यिक गतिविधिमा संलग्न व्यक्तिहरू, तिनीहरूको साहित्यिक देन र विधागत वर्गीकरणसमेत यस लेखमा गरेका छन् । ढकालको त्यतिबेलाको समालोचकीय गुण वा उनले मूल्याङ्कन गरेका कवि, समालोचक, निबन्धकार र भविष्यका फूलबारी आदि अकाट्य सिद्ध भएका छ । छोटा-छोटा वाक्यात्मक अभिव्यक्ति र सरल शैलीमा लेखिएको प्रस्तुत लेख ढकालको साहित्यसम्बन्धी प्रौढ लेखका रूपमा देखापर्दछ ।

## ५.१.६ नेपालको इतिहासमा शाहवंश र श्री ५ वीरेन्द्र

वि.सं. २०२९ वैशाख ३ गते सगरमाथा साप्ताहिक पत्रिकामा प्रकाशित भएको यस लेखमा विना रम्घालीको नाम दिइएको छ । यसमा उनले द्रव्यशाहको वीरतापूर्ण वैज्ञानिक राज्यप्रणालीको देन, राजनैतिक उकाला-ओराला, रामशाहजस्ता न्यायवीर एवं सामाजिक र भौगोलिक अखण्डताका पक्षपाती रणदुल्लभ जस्ता साहसी र कूटनीतिक, नरभूपालजस्ता महत्वकांक्षी प्रगतिउन्मुख पृथ्वीनारायण र उनका आर्थिक र वैदेशिक नीतिहरू भएका प्राचीन राजाहरूजस्तै वीरेन्द्र पनि एक हुन सक्छन् भन्ने धारणा प्रस्तुत गरेका छन् । उनले इतिहासको सन्दर्भमा बहादुर शाहको महत्व र उनले जीवनका परिस्थितिमा आएका उज्याला र अँध्यारा पक्षहरूमा नेपालको हित र उत्तरोत्तर प्रगतिको कार्य, राणाशासनको पन्जाबाट मुक्त गराउने त्रैलोक्यको प्रयास, आदिलाई यस लेखमा ऐतिहासिक महत्व दिँदै राष्ट्रिय सङ्कट र दुःखमा शाहवंशको संरक्षण नेपालले पाएको छ भन्ने विचार व्यक्त गरेका छन् ।

उज्यालोका अतिरिक्त अँध्यारा पक्ष शाहवंशमा आएपनि सार्वभौमिक एवं भौगोलिक अखण्डताको लागि सजकता र कर्तव्यनिष्ठालाई यस वंशले निर्वाह गरेको कुरा पनि यहाँ व्यक्त छ । त्यसैको परिणाम नेपाल उपनिवेशको सिकार हुन पुगेन भन्ने ठहर उनको पाइन्छ । राजा र प्रजाका बीच कटु सम्बन्ध भएर विश्वमा रक्तपातपूर्ण क्रान्ति, हिंसात्मक नृशंस काण्डहरू घटेका छन् भन्ने प्रसङ्ग उठाउँदै ढकालले अधिकार फिर्ती गर्न राजाले गद्दीको बाजी लगाई जनताको साथ दिएको स्व त्रिभुवनको नमुना पनि पेश गरेका छन् र शाहवंशका महान् विभूतिका रूपमा ढकालले महेन्द्रलाई प्रस्तुत गर्दै उनको देन महान् भएको चर्चा गरेका छन् । आज उनको दूरदर्शी र सफल नेतृत्वको रूपमा नेपालले नयाँ वाद र दर्शनलाई अँगाली आफ्नो हावापानी र माटो सुहाउँदो राज्य व्यवस्था पाएको धारणा यस लेखमा व्यक्त गरिएको छ । महेन्द्रका आधारभूत कार्यअन्तर्गत गाउँ फर्क, मुलुकी ऐनजस्ता राष्ट्रिय विकास हित र प्रगतिका कार्यहरूको चर्चा गर्दै जस्ता गुरु उस्तै चेला भने

जस्तै त्यस्ता पिताका पुत्र वीरेन्द्र आजको परिस्थितिमा कटिबद्ध हुनु कर्तव्य हुन आएको विचार व्यक्त गरेका छन् । ढकालले नेपालको इतिहासमा शाहवंशले राष्ट्रिय एकताको प्रतीकका रूपमा, आपतकालको संरक्षक, प्रजातन्त्रको प्रवर्तक र प्रभावशाली एवं दूरदर्शी नेताका रूपमा रहेकाले टुक्रे राज्य तथा उपनिवेशबाट साथै १०४ वर्ष जहाँनिया शासनबाट मुक्त गराएको विचार व्यक्त गरेका छन् । यस वंशकै नेतृत्व र वरदान पाएर दिन दोम्बर रात चौबर प्रगति पथमा लम्कदै गएको र पुँजी, कलकारखाना, नवनिर्माणको द्वारमा श्री ५ वीरेन्द्र पाएका छौं भन्ने धारणा व्यक्त छ । नेपाली समाजलाई आत्मनिर्भरतासाथ उच्चतम विकासको स्थितिमा पुऱ्याउन जो दृढ अभियान श्री ५ वीरेन्द्रको सशक्त नेतृत्वमा चालू भएको छ त्यसलाई सफल बनाउने नेपालीले आफ्नो सम्पूर्ण शक्ति र क्षमताको उपभोग गर्नुपरेको छ भन्ने निष्कर्ष यस लेखमा पाइन्छ ।

### ५.१.७ नयाँ शिक्षा योजनामा राष्ट्रिय विकास सेवा

यो लेख सगरमाथा साप्ताहिक पत्रिकाको वर्ष ३ अङ्क १ मा वि.सं. २०२९ असोज २७ गते प्रकाशित भएको छ । यसमा "ज्ञान भार क्रिया विना" भन्ने उक्ति आज हाम्रो देशमा चरितार्थ हुन आएको छ भन्ने विचार व्यक्त गरिएको छ । यहाँका सामग्री कुहेका त्यसैखेर गएका र विदेशी सामग्रीहरू खरीद गर्न बाध्य भएकाले नयाँ शिक्षा योजनामा राष्ट्रिय विकास कार्यक्रम एक आशा गर्न सकिने योजना व्यक्त गरिएको छ । राष्ट्रिय विकास सेवा चाहिँ उच्च शिक्षा प्राप्त गर्ने विद्यार्थीका लागि गठन गर्ने व्यवस्था गरिएको छ र देशले त्यसबाट निकै फाइदा लिन सक्छ भन्ने विचार उनको यस लेखमा पाइन्छ ।

### ५.१.८ शाहवंश र श्री ५ वीरेन्द्र

सगरमाथा साप्ताहिक पत्रिकाको वर्ष ४, अङ्क १, २०३० वैशाख ४ गते विश्वनाथ शर्मा ढकालको नामबाट प्रकाशित भएको प्रस्तुत लेख यसै पत्रिकाको वर्ष ३ अङ्क १, २०२९ वैशाख ३ गते शुक्रवार विना रम्घाली उनको उपनामबाट

प्रकाशित भएको लेखसँग अक्षरसः मिल्दछ । अतः यसको छुट्टै चर्चा गर्नु आवश्यक देखिँदैन ।

## ५.१.९ भानुभूमि चुँदी-रम्घा

सगरमाथा साप्ताहिकको वर्ष ४, अङ्क ९, २०३० श्रावण ५ गते एक रम्घाली विद्यार्थीका नामबाट प्रकाशित भएको प्रस्तुत लेख विश्वनाथ ढकालको हो भन्ने जानकारी पाइन्छ ।[१] यसमा आदिकवि भानुभक्त आचार्यको आध्यात्मिक या भौतिक पक्षको बारेमा ठोस काम गरिएको छैन जति उनको भाषिक एकताको पक्षमा भएको छ भन्दै भानु जन्मभूमि चुँदीको साधारण परिचय दिइएको छ । मर्स्याङ्दी नदी, फाउँदीटारलगायत वरिपरिका परिवेशलाई जबसम्म सम्यक दृष्टिले अध्ययन अवलोकन हुन सक्दैन तबसम्म भानुभक्तको साहित्यमा रहेको संवेदनशीलता, तन्मय अनुभूति र तत्सम्बन्धी सूक्ष्म तारतम्यको ज्ञान अधूरो नै रहन्छ भन्ने विचार यहाँ प्रस्तुत गरिएको छ । भर्खर निर्माण हुँदै गरेको पोखरा काठमाडौं सडकले चुँदी आवतजावतलाई केही सहज बनाएको भए पनि यसलाई राष्ट्रिय तीर्थ बनाउन सबैको ध्यान पुगोस् भन्ने विचार यस लेखको सार देखिन्छ ।

## ५.१.१० नयाँ शिक्षा नीतिका अतिरिक्त कार्यकलाप

सगरमाथा साप्ताहिकको वर्ष ४, अङ्क १३ २०३० भाद्र १५ गते प्रकाशित प्रस्तुत लेख विश्वनाथ शर्मा ढकालको नामबाट प्रकाशित देखिन्छ । शिक्षित वर्ग काम नपाई बेरोजगार बस्तु पर्ने स्थिति एवं किताबी ज्ञान र कोरा सिद्धान्तको बोधले समस्याहरू हल नहुने हुँदा नयाँ शिक्षा नीतिले अतिरिक्त कार्यकलापमा जोड दिएको कुरा उठाइएको छ ।

ढकालले यसलाई पञ्चायती व्यवस्था सुरु भएपछिको राम्रो काम मध्येको एक ठानेका छन् र जीवनको सम्भाव्यतालाई ध्यानमा राखी होशियारीपूर्वक चालिएको कदम भनेका छन् । हाम्रो देशको शिक्षा पद्धति राष्ट्रको अनुकूल हुनुपर्ने

---

[१] राजेन्द्रदेव आचार्यबाट प्राप्त जानकारी ।

र उपयोगी हुनुपर्ने ढकालको ठहर छ । ढकालले हाम्रा अमूल्य प्राकृतिक साधनहरू भिल्लको देशमा मणि जस्ता भएका छन् भन्दै साधनहरू शिल्पी हात र विवेकी दृष्टि पाएमा अनमोल रत्नको रूपमा सजिलै परिणत हुन सक्छन् भन्ने धारणा व्यक्त गरेका छन् । यस कार्यकलापको उद्देश्य शिक्षण संस्थामा हासिल गरेको ज्ञानलाई वास्तविक जीवनमा प्रयोग गरी शिक्षामा वैज्ञानिकता एवं कलात्मकता एक साथ प्रदान गर्नु राष्ट्रियता, संस्कृति, आत्मनिर्भरता, व्यवहारिकताका साथै उपयोगिता जस्ता विषयसँग सम्बन्धित रहेको र किताबी ज्ञानका छुटेका कुरालाई अतिरिक्त क्रियाकलापका रूपमा अनिवार्य गर्नु यस नीतिको विशेषता रहेको ढकालले यस लेखमा जानकारी गराएका छन् । विषयवस्तुको जानकारी दिने क्रममा पाठ्यपुस्तकले मात्र मस्तिष्कको आवश्यक खुराक पाउँदैन, दक्षता, कार्यकुशलता एवं सर्वाङ्गीण विकासको पूरा मूल्याङ्कन हुँदैन, यसको अभावले छात्रहरू अपाङ्ग हुन्छन् भन्ने विचार प्रस्तुत गरेका छन् । विद्यार्थीहरूको क्षमता र अनुकूलता हेरी भिन्न किसिमले प्रस्तुत गर्नुपर्ने, अज्ञात रूपबाट गहन विषयको ज्ञान दिनु, हस्तकला, लेख, चित्रकला आदिबाट जिज्ञासा एवं उत्सुकता पैदा गराउनु, स्वास्थ्य शिक्षाको महत्व दर्साउनु, भ्रमणबाट ऐतिहासिक, सामाजिक प्राकृतिक, लोकसाहित्यिक विषयवस्तु बुझाउने जस्ता पक्षमा यो प्रभावकारी सिद्ध रहेको जानकारी ढकालले दिएका छन् । यस्तै खबर पाटी, वादविवाद प्रतियोगिता खेलकुद उच्चतम विषयको श्रेणीमा राख्न सक्ने धारणा उनले परिचय गराएका छन् । विभिन्न जनजाति, भाषाभाषी र साँस्कृतिक महत्व बुझाउनु, प्रतियोगितात्मक रूपले स्कुलबाट अञ्चल हुँदै राष्ट्रिय स्तरमा पुऱ्याउनु जस्ता पक्षको चिनारी दिँदै यो नयाँ शिक्षा नीतिमा अतिरिक्त कार्यकलाप पुस्तक राखेर मात्र नहुने र कार्यान्वयन सवल हुनुपर्ने र सहयोग सबैले पुऱ्याउनुपर्ने विचार व्यक्त गर्दछन् ।

### ५.१.११ नेपालमा आयुर्वेदीय चिकित्सा

सगरमाथा साप्ताहिक पत्रिकामा वि.सं. २०३० भदौ २२ गते प्रकाशित विश्वनाथ शर्मा ढकालको प्रस्तुत लेख विषयवस्तुका दृष्टिले केही भिन्न देखिन्छ । यो लेख उनमा रहेको ज्ञान र रुचिको विविधता तथा आयुर्वेदीय चिकित्सामा रुचि भएको परिणाम स्वरूप आएको देखिन्छ । आयुर्वेद चिकित्साको इतिहास, नेपालमा वैज्ञानिक किसिमबाट प्रयोग हुन नसकेको यसको अवस्था, अन्वेषण र अनुसन्धानद्वारा सामयिक प्रगति आयुर्वेदमा ल्याउने दिशातर्फ समेत ढकालले यस लेखमा दृष्टि पुऱ्याएको पाइन्छ ।

आयुर्वेदीय चिकित्सा प्राचीन समयमा भारत वर्षको गौरवमय प्रयोग थियो र जनसामान्यको नशामा भिजेको थियो तर हाल यसको आशय राम्ररी बुझ्ने व्यक्ति ज्यादै न्यून छन् भन्दै प्राचीन पद्धतिलाई वैज्ञानिक किसिमले प्रयोग ल्याउन पर्ने ढकालको धारणा रहेको छ । भौगोलिक कठिनाइ र आर्थिक कारणले  एलोप्याथिक उपचार गराउन हामी असमर्थ रहेका र हामी नेपाली ९९ प्रतिशत आयुर्वेदीय उपचारको सहारामा हुर्की आएको कुराको चर्चा  गर्दै यस लेखमा ढकालले यसै पद्धतिले प्रोस्टेट ग्ल्यान्डका रोगीहरू विनाअपरेशन स्वास्थ्य लाभ गर्न सफल भएको उदाहरणसमेत प्रस्तुत गरेका छन् । ढकालले जन्डिसलगायतका उपचारमा यो चिकित्सापद्धति निकै फलदायी सिद्ध देखिएको हुँदा समेत आयुर्वेद क्याम्पसमा आचार्य तहमा यस विषयको भर्नासम्म हुन नसकेकोमा जिज्ञासा राखेका छन् र वैज्ञानिक किसिमले जडिबुटी खेती लगायत औषधोपचार पद्धतिमा सबल बनाउन यसतर्फ सम्बन्धित सबै पक्षको ध्यान पुगोस् भन्ने धारणा व्यक्त गरेका छन् ।

## ५.१.१२ निष्कर्ष

विश्वनाथ ढकाल समसामयिक विषयमा लेखमार्फत आफ्ना विचारहरू व्यक्त गर्ने व्यक्ति हुन् । उनक लेखहरू प्रायः सबैमा ऐतिहासिक सर्वेक्षण गर्दै उचित मार्गनिर्देशसमेत गरिएको पाइन्छ । 'नेपाली साहित्यमा तनहुँको देन' शीर्षकमा भाषा र साहित्यको इतिहाससहित आधुनिक जल्दाबल्दा आशलाग्दा

समालोचकसम्म ध्यान केन्द्रित गरिएको छ भने त्यसैगरी 'शाह वंश र श्री ५ वीरेन्द्र' शीर्षकमा पनि ऐतिहासिक सर्वेक्षणात्मक किसिमले प्राचीनदेखि आधुनिक युगसम्मको विवरण दिएका छन् । अर्को 'नयाँ शिक्षा नीतिमा अतिरिक्त क्रियाकलाप' शीर्षकको लेख शिक्षासम्बन्धी केन्द्रित शिक्षा नीतिमा गरिएको व्यवस्थाको जानकारी छ । त्यसैगरी ढकालको 'नेपालमा आयुर्वेदिक चिकित्सा' शीर्षकको लेख पनि सर्वेक्षणका रूपमा नै देखिन्छ । ढकाल आफ्ना लेखहरूमा निश्चित क्षेत्रमा मात्र समेटिन चाहँदैनन् । विविध क्षेत्र र विषयमा आफ्ना अभिव्यक्तिहरू प्रस्तुत गर्न पुग्दछन् । अतः उनको एक लेख मात्र अध्ययन गर्दा पनि त्यस विषयसँग धेरै ज्ञान प्राप्त गर्न सकिने क्षमता उनका लेखहरूले देखाएका छन् । छोटा लेखहरू लेख्ने र निकै गहन लामा ज्ञानात्मक भण्डार सूचनात्मक रूपमा प्राप्त गर्न सकिने ढकालका लेखकीय वैशिष्ठ्य देखिन्छ । छोटा वाक्य, सहज र सरल भाषाशैलीको प्रयोग, वाक्य गठनमा निकै सजगता, विषयवस्तुलाई समालोचकीय पुष्टि तथा आफ्ना धारणालाई वस्तुपरक किसिमले प्रस्तुत गर्नु विश्वनाथ ढकालको लेखकीय विशेषता देखिन्छ । उनका अधिकांश लेखहरूमा यस किसिमका प्रवृत्ति स्पष्ट रूपमा देख्न सकिन्छ ।

## ५.२ डोल्पाली सेरोफेरो निबन्धसङ्ग्रहको अध्ययन

### ५.२.१ कृतिको सामान्य परिचय

कविता, समसामयिक विषयवस्तुमा लेख र प्रलेखमा कलम चलाएर विषयवस्तु र शैलीशिल्पमा आफ्नो बेग्लै निजी परिचयका साथ देखा पर्ने विश्वनाथ ढकालपछि प्रबन्धकारका रूपमा देखापरेका छन् । 'डोल्पाली सेरोफेरो' (२०३५) यस्तै प्रकृतिको कृति हो । यसमा नेपालको विकट हिमाली जिल्ला डोल्पा र यस क्षेत्रमा अवस्थित धार्मिक साँस्कृतिक तथा पर्यटकीय महत्व बोकेका स्थलहरूको लेखहरू परिचयात्मक विवरणमा आधारित गरिएको छ ।

विषयवस्तुलाई विवरणात्मक रूपमा प्रकटीकरण गर्नु ढकालको मूल वैशिष्ठ्य हो । यहाँ ढकालले विषयलाई वर्णनात्मकता तथा कलात्मकताले सिँगारेका छन् । यस पुस्तककार कृतिमा ढकाल आफूले देखेका, जानेका वा ज्ञानार्जन गरेको वस्तुस्थितिलाई नढाँटीकन जस्ताको तस्तै ऐना हेरेजस्तो गरी चित्र उतार्न अत्यन्त सफल भएका छन् । प्रबन्धको गुण पनि यही नै हो । 'डोल्पाली सेरोफेरो' मा विविध १३ वटा शीर्षकमा सङ्गहीत वस्तुवर्णनमा वा परिचयात्मक विवरणमा केन्द्रित लेखहरू समाविष्ट छन् । यहाँ डोल्पा जिल्ला र त्यहाँका भौगोलिक, प्राकृतिक, सामाजिक, शैक्षिक, जडिबुटी र भाषा सम्बन्धी विषयवस्तु वर्णन पनि गरिएको छ । ढकालले यस कृतिमा डोल्पाको बाह्य रूपअन्तर्गत सभ्यता, संस्कृति, प्राकृतिक सौन्दर्यका रूपमा रहेका खोच, दून, ताल, तलैया र विविध धार्मिक मान्यतालाई त्यहाँका समाजले दिएका अन्धविश्वास, परम्पराका प्रमुखता आफ्नै शैलीमा प्रस्तुत गरेका छन् । कुनै ठाउँमा ती प्राकृतिक स्रोत जुन देशको आर्थिक अवस्था उँचो पार्न सक्ने त्यसै खेर गएको स्रोत साधनलाई उपयोगमा ल्याउन सके यस क्षेत्रका बासिन्दा आर्थिक रूपले समुन्नत बन्न सक्ने टिप्पणी समेत ढकालले यस सङ्ग्रहका कतिपय ठाउँमा दिन्छन् । यसरी एक सानो पुस्तक कृतिका रूपमा समग्र पक्ष समेट्ने कोशिस ढकालले गरेका छन् ।

### ५.२.२ कृतिभित्रका अन्तर्वस्तु

'डोल्पाली सेरोफेरो' भित्रका मुख्य अन्तर्वस्तु भनेको छिरोलिएका यथार्थलाई प्रकाशमा ल्याउनु नै देखिन्छ भने लेखको प्रमुख उद्देश्य पनि यही रहेको छ । यस कृतिभित्रका अन्तर्वस्तु मूलतः भौगोलिक अवस्थिति, चाडपर्व, धार्मिक प्रचलन, देवदेवीप्रतिको श्रद्धा, अनेकौ किंवदन्ती जोडिएका ताल तलैया, अन्न अनाज र त्यसको आर्थिक दुरावस्था गरिबी र कष्टप्रद जीवनको विकराल चित्रण, प्राकृतिक सौन्दर्यको वर्णन हुन् ।

यस सङ्ग्रहभित्रका अन्तर्वस्तुलाई यसरी परिचयात्मक रूपमा देखाउन सकिन्छ-

| शीर्षक | विषयवस्तु |
|---|---|
| क) ‘डोल्पाली सेरोफेरो’ | भोगौलिक स्थिति, चार किल्लाको जिल्ला सीमाना, हावापानी, नदीनाला, बाटोघाटो, उद्योग व्यवसाय, शिक्षा र आर्थिक स्थिति आदिको विवरण, |
| ख) ‘डोल्पाली साँस्कृतिक परम्परा र कौतुकमय चाडपर्व’ | डोल्पा जिल्लाका विविध समाजका मानिसले मनाउने आफ्नै विशेषतासहितको चाड पर्व तथा मनाउने शैली आदिको वर्णन, |
| ग) ‘धार्मिक परम्परा’ | देवदेवी, मठ मन्दिर र ती प्रति विश्वास, श्रद्धा अनि तिनीहरूका विषयमा चल्दै आएको ऐतिहासिक किंवदन्तीहरूको वर्णन, |
| घ) ‘त्रिपुरा सुन्दरी’ | त्रिपुरा सुन्दरी देवी र उनको उपासनासम्बन्धी ऐतिहासिक किंवदन्तीसम्बन्धी विवरण, |
| ङ) ‘व्यास गुफा’ | प्राचीन महाभारतकाल र अठार पुराणका लेखक मानिने व्यास ऋषिको तपोभूमि र तपस्यारत स्थान, |
| च) तारा श्री (तारा नगरी) | तारा नगर धेरै भएका र तिनीहरूको नामाकरण सिलसिलाको किंवदन्तीसम्बन्धी विवरण, |
| छ) ‘फोक्सुन्दो’ | हिमाली काखमा रहेको फोक्सुन्दो तालको सेरोफेरो र उत्पतिको विवरण, |
| ज) ‘जग्दुला ताल’ | ऐतिहासिक र प्राकृतिक दृष्टिले महत्वपूर्ण जग्दुला ताल र त्यसको कथा, |
| झ) ‘सुन दह’ | प्राकृतिक सौन्दर्यको अतुलनीय निधि सुन दहको स्थानीय बासिन्दामा प्रचलित कथा र महत्व । |

| | |
|---|---|
| ञ) 'छयो कार्वो-छयो डुम्बो-छयो न्हाक्पो' | अनेक रूपरङ र आकार-प्रकारका रूपमा रहेका विभिन्न तालमध्येका त्रिभुजाकार ताल र यसको रूपरेखा, |
| ट) 'पुथा दह' | धार्मिक र प्राकृतिक उभय दृष्टिले महत्व राख्ने ताल मध्येको थोरै परिचित तालको वर्णन, |
| ठ) 'यार्चा गुम्बो' | जीव र वनस्पतिका रूपमा रहने, विशेष गरी औषधी उपचारका निम्ति प्रयोग हुने जडिबुटी यार्चा गुम्बो र यसैको उत्पत्ति, उपचार विधि र पाइने स्थानसम्बन्धी विवरण |
| ड) 'भाषा' | संवाद एवं उच्चारण शैलीका रूपमा नेपाली भाषासँग डोल्पाली भाषाका केही नमुनाका रूपमा तुलना । |

विश्वनाथ ढकालका निबन्धको निजात्मक परात्मक भेदमध्ये परात्मक निबन्धको वस्तुपरक उपभेदका वर्णनात्मक निबन्धहरू रचना हुन पुगेका छन् अर्थात् विश्वनाथ ढकालले निबन्ध भनेर कही पनि लेखेका छैनन् र पनि उनका रचनाले विचार अभिव्यक्तिको रूपमा नैबन्धिक सौन्दर्य पाएका छन् । वैयक्तिक वा आत्मपरक निबन्धहरू भावात्मक विचारात्मक, वर्णनात्मक र विवरणात्मक निबन्धभन्दा पृथक् हुन्छन् । यिनका निबन्धमा व्यक्तिका निजी व्यक्तित्वलाई प्राथमिकता दिइन्छ र सहानुभूतिको प्रदर्शन गरिन्छ । यस्ता निबन्धमा निबन्धकारले आफ्ना निजी मानसिक कुराहरू प्रकट गर्दै आफ्नो यथार्थ गाथा प्रस्तुत गर्दछन् । विश्वनाथ ढकालका निबन्धहरू खासगरी आफूले देखेभोगका र अनुभव गरेका कुराका निबन्धात्मक अभिव्यक्ति हुन् । 'डोल्पाली सेरोफेरो' (२०३५) सङ्ग्रहभित्र समेटिएका उनका निबन्धात्मक कृतिहरूको सामान्य परिचय र तिनमा प्रस्तुत विषयलाई छुट्टाछुट्टै शीर्षकमा चर्चा गरिएको छ ।

### ५.२.३ डोल्पाली सेरोफेरो

'डोल्पाली सेरोफेरो' पुस्तकमा सङ्ग्रहित प्रस्तुत शीर्षककै यस लेखमा ढकालले डोल्पाप्रतिको जानकारी र धारणालाई निबन्धात्मक रूपमा वर्णन गरेका

छन् । डोल्पा जिल्ला दुर्गम र अल्पसङ्ख्यक जातिको बसोबास भएपनि प्राकृतिक सुन्दरता, जडिबुटी आदिले सम्पन्न भएको र पर्यटकीय महत्व बढी रहेको वर्णन यस शीर्षकमा उनले दिएका छन् । ढकालले 'डोल्पाली सेरोफेरो' भित्र विभिन्न १० उपशीर्षक राखेका छन् । ती निम्न रहेका छन् - १) भौगोलिक स्थिति २) सीमाना ३) प्राकृतिक स्वरूप (क) उत्तरी हिमाली भोट क्षेत्र, (ख) बीच क्षेत्र (ग) दक्षिणी क्षेत्र ४) हावापानी (वर्षा र तापक्रम), ५) नदीनाला ६) वनस्पति ७) यातायात ८) उद्योग तथा व्यवसाय ९) शिक्षा १०) आर्थिक स्थिति । यी उपशीर्षकलाई पनि विभिन्न उप-उपशीर्षकमा वर्णन गर्दै ढकालले यस लेखलाई पूर्णता प्रदान गरेका छन् ।

### ५.२.३.१ भौगोलिक स्थिति

डोल्पा जिल्लाको भौगोलिक जानकारीअन्तर्गत उनले दुर्गम पिछडिएका, उत्तरबाट दक्षिण तर्फ ढाल परेका पर्वत शृङ्खलाहरू, पत्रे चट्टान, भीर पहरा, बाह्रै महिना हिउँले ढाक्ने असङ्ख्य हिमाल फोल्ड माउन्टेनको नमुनाका रूपमा रहेको प्रस्तुत शीर्षकमा परिचय गराएका छन् । कम आवादी भएको नेपालको सबैभन्दा ठूलो (धेरै) क्षेत्रफल आगेटेको यो डोल्पा जिल्लाको वर्णन निकै सरल किसिमले ढकालले यहाँ प्रष्ट पारेका छन् ।

### ५.२.३.२ सीमाना

डोल्पा जिल्ला पहिले धवलागिरि अञ्चलमा रहेको र हाल कर्णाली अञ्चलमा परेको प्रसङ्ग ढकालले उल्लेख गरेका छन् । सीमानाका प्रसङ्गमा ढकाल रुकुम, म्याग्दी, जाजरकोट जस्ता जिल्ला र विभिन्न हिमालको प्राकृतिक सुन्दरताको वर्णनसमेत यहाँ गर्न पुग्छन् । एक दृष्टिले प्राकृतिक जेलका रूपमा वर्णन गर्ने विश्वनाथले प्राकृतिक अथाह भण्डारको रूपमा बढी वर्ण्य विषय खर्चेका छन् ।

### ५.२.३.३ प्राकृतिक स्वरूप

ढकालले डोल्पाको प्राकृतिक स्वरूपलाई उत्तरतर्फ हिमाली प्रदेश बाह्रै महिना हिउँले ढाक्ने भोट क्षेत्रको चर्चा गरेका छन् । डोल्पा जिल्ला करिब ६० स्थान हिउँले ढाक्ने र त्यस क्षेत्रमा रुख, घाँसपात रहन नसक्ने तथा अधिक उचाइका कारण अक्सिजनको कमी हुने अनुभवनात्मक अभिव्यक्ति प्रस्तुत गरेका छन् । तिब्बतसँग व्यापार गर्ने र पशुपालन मुख्य पेसा यहाँको बासिन्दाको रहेको बताउँदै ढकालले डोल्पाको तीन क्षेत्रमध्ये बीच क्षेत्र जिल्लाको मुटु र सांस्कृतिक अनि प्राकृतिक दृष्टिले प्रकृतिको वरदानका रूपमा चित्रण गरेका छन् । उनले डोल्पाको उच्चहिमाली प्रदेशभन्दा तलको यस क्षेत्रमा विभिन्न ताल-तलैयाहरू वरिपरिका रङ्गीविरङ्गी फूलले रमणीय देखिने प्राकृतिक स्वरूपको वर्णन गरेका छन् । अनेक जातजाति र भाषाभाषी रहेको यस क्षेत्र (मध्य क्षेत्र) मा डोल्पा जिल्लाका अन्य बासिन्दाभन्दा आर्थिक रूपमा अगाडि भएको ढकालको विचार छ । डोल्पाको सबभन्दा तल्लो क्षेत्र आर्थिक तथा सामाजिक दृष्टिले निकै पछाडि छ भन्दै ढकालले जम्मा ३□ मात्र खेती योग्य जमिन भएको यस लेखमा उल्लेख गरेका छन् ।

### ५.२.३.४ हावापानी

डोल्पा जिल्ला उचाइमा रहेको र हापापानी निकै चिसो भएको जानकारी दिँदै ढकालले पानी हिउँकै रूपमा र वर्षामा पानीको रूपमा पर्ने यस शीर्षकमा बताएका छन् । वर्षा कम हुने हुँदा घरहरू माटाले छाइएका प्रसङ्ग समेत उनले उल्लेख गरेका छन् ।

### ५.२.३.५ नदीनाला

यस जिल्लाका सबै नदीहरूको मुहान हिमाल भएको र साना ठूला अनगिन्ती नदीहरू रहेको वर्णन गर्दै मुख्य नदी तथा खोलाको परिचय र बहने स्थानका बारेमा ढकालले परिचयात्मक जानकारी यस लेखमा दिएका छन् ।

### ५.२.३.६ वनस्पति

डोल्पा जिल्ला अन्य कारणले पृथक् रहेजस्तै वनस्पतिका रूपमा पनि निकै महत्व रहेको छ । हिउँ बढी पर्ने स्थानमा त्यस्तै किसिमका घाँसदार वनस्पति र कम पर्ने स्थानमा सल्लो, उत्तिस, आदि वनस्पति पाइन्छ भन्दै ढकालले काँढे बुट्टाहरू दूबो लत्रे झैँ भुईंमा पाइने बताउँछन् । जङ्गली जनावर, पशुपंक्षी प्रशस्त भएका र यार्चा गुम्बो, निरमसी, पाँचऔंले, उत्तीस, बोझो जस्ता औषधीजन्य वनस्पतिको प्राप्त स्थान यस क्षेत्रलाई मान्दछन् । ल्होरो काँचै बल्ने र धूँवा नआउने वनस्पतिको समेत वर्णन ढकाल यहाँ गर्दछन् ।

### ५.२.३.७ यातायात

ढकालको जिल्लाका केही प्रमुख बाटाहरूको चर्चा गर्दै प्रस्तुत लेखमा यातायातको कारणले पनि जिल्ला पछि परेको उल्लेख गरेका छन् । एकमात्र विमानस्थल रहेको जानकारी गराउँदै उनले विद्युतगृह निर्माण, रोप-वे सेवा सञ्चालन गर्नतर्फ दृष्टि पुगोस् भन्ने भाव यहाँ व्यक्त गरेका छन् । जिल्लाका विभिन्न बाटाहरूको चर्चा गर्ने ढकालले दुनैबाट जुम्ला जोड्ने बाटो, छार्का भोटदेखि तुषारेसम्मको बाटो, रुकुम, म्याग्दी, बागलुङ, मस्ताङ्ग, मुगु, तिब्बत आदि ठाउँसँग जोड्ने गोरटो, घोडेटो बाटाहरू रहेका छन् तर हिउँ पर्ने समयमा आवतजावत हुन नसक्ने जानकारी समेत उनले दिएका छन् । यस लेखमा विश्वनाथले प्रयाप्त बाटाघाटा नभएको उल्लेख गरेका छन् ।

### ५.२.३.८ उद्योग तथा व्यवसाय

यस जिल्लाको मुख्य पेसा कृषि हो । जिल्लामा उत्पादन हुने गहुँ, जौ, आलु, कोदो, मकै, उहा, फापर आदि खेती गरिन्छन् भन्दै उनले व्यवसाय कृति रहेको जानकारी दिएका छन् । कृषि नर्सरी उपकेन्द्रमार्फत् विभिन्न ठाउँहरूमा फलफूल उत्पादन फाट्टफुट्ट भएका छन् भने पेसाकै रूपमा पशुपालन देखिने ढकालको कथन छ । यसरी सानातिना घरेलु ऊनसम्बन्धी व्यवसाय केही नोकरी र व्यापार नै यस जिल्लाको मुख्य व्यवसाय भएको चर्चा गरेका छन् । अधिकांश पुरुषको हातमा ऊन कात्दै गरेको देखिने यस ठाउँमा फेरुवा, चाँरीपट, राडी, पाखी, पटुका,

पस्विना, मोजा, स्वीटर, टोपी, जुत्ता जस्ता कपडा निर्माण गरी व्यापार गर्दछन् भन्दै ढकालले तिब्बतबाट नुनको व्यापारसमेत गर्ने गरेको जानकारी दिएका छन् । डोल्पा जिल्लामा उत्पादित खाद्यान्न वर्षभरी अपुग हुने हुँदा जडिबुटी प्रबर्द्धन र निकासीतर्फ ध्यान दिई आर्थिक सबल तुल्याउनु पर्छ भन्ने उनको धारणा यहाँ व्यक्त छ ।

### ५.२.३.९ शिक्षा

यस जिल्लामा धेरै विद्यालय संख्या नभएको र शैक्षिक गुणस्तर कम भएको ढकाल यहाँ चर्चा गरेका छन् । एकातिर भौतिक भवन निर्माण पूर्वाधारको समस्या विद्यमान छ भने अर्कातिर फर्निचर लगायत हिमपातले विद्यालय बन्द गर्नुपर्ने बाध्यता छ भन्दै ढकालले शिक्षक, पुस्तकालको समस्या भएको चर्चा पनि यसमा समावेश गरेका छन् ।

### ५.२.३.१० आर्थिक स्थिति

अन्य जिल्लाको तुलनामा यो जिल्ला आर्थिक स्थितिको दृष्टिले निकै पछाडि छ । मुख्य व्यवसाय मिश्रित कृषि हो । अधिक उचाइका कारण हिमपातले घाँसको अभाव हुने र त्यस समयमा पशु मृतप्रायः हुने अवस्था सिर्जना हुनाले लगभग ९५□ जनतालाई हातमुख जोर्ने समस्या हुने जस्ता आर्थिक दूरावस्थाको स्थितिलाई यहाँ ढकाल जानकारी गराउँछन् र आर्थिक अवस्था उकास्न सम्बन्धित क्षेत्रको ध्यान पुगोस भन्न पुग्दछन् ।

विश्वनाथ ढकालले यस लेखमा चाहे वैयक्तिक जीवनका परिदृष्य हुन्, चाहे सामाजिक परिवेशका वर्णनका यथार्थता हुन्, तिनलाई अधिमूल्यन र अवमूल्य नगरीकन प्रस्तुत गर्ने काम गरेका छन् । प्राकृतिक छटासँग रहँदाको अनुभव र अनुभूति अनि देखेभोगेका दृष्यहरूलाई यत्तिको साधरणीकरण गरिएको कमैमात्र भेटाउन सकिन्छ । यसरी वैयक्तिकताको साँधुरो घेराबाट माथि उठेर सार्वजनिक हुनु विश्वनाथ ढकालको कलात्मक चातुर्य हो । यस दृष्टिले पनि कृतिभित्रका तेह्रवटै शीर्षक महत्वपूर्ण छन् ।

### ५.२.४ डोल्पाली सांस्कृतिक परम्परा र कौतुकमय चाडपर्व

विश्वनाथ ढकालले यस उपशीर्षकमा नेपालका विभिन्न सांस्कृतिक परम्पराको अध्ययन अनुसन्धान हुन नसकेको अवस्था छ । साझा फूलबारीका रूपमा रहेका विभिन्न चाडपर्व र त्यसको छोटकरीमा परिचय आफ्नो अध्ययनको

केन्द्र बनाइ जानकारी दिएका छन् । यस उपशीर्षकभित्र पनि ढकालले विभिन्न शीर्षकमा राखी छुट्टै जानकारी दिएका छन् । ती हुन् - माघे संक्रान्ति, खुल्लाप्रथा र चैती ।

## ५.२.४.१ माघे संक्रान्ति

नेपाल अधिराज्यका सम्पूर्ण हिन्दूधर्मावलम्बीहरूले माघे संक्रान्ति पर्व नदी नाला, धारा तलाउ आदिमा स्नान गरी सूर्य उत्तरायण हुने दिन मानी विभिन्न प्रकारका खानेकुरा खाई मनाउँछन् तर ढकालले डोल्पाको काई गाउँ र हुरीकोटमा बस्ने बासिन्दाले मनाउने माघे संक्रान्ति भने छुट्टै प्रकारले मनाउने जानकारी यहाँ दिएका छन् । त्यहाँका मानिसले सात दिनसम्म यो पर्व मनाउँछन् भन्दै ढकालले पर्व मनाउँदा गरिने विधि यस लेखमा समावेश गरेका छन् ।

पहिलो दिन उषाकालको प्रारम्भसाथ धारा वा नदीमा गई सिद्धि वा बैश्यन्त ल्याउने प्रतियोगिता गर्दछन् । फूल, अक्षता, टीका, जमरा, तिलकसहित नदीमा गई पूजा गर्ने र पहिलो पटक पानीमा हात राख्दा जे भेटिन्छ त्यही सिद्धिका रूपमा लिने गर्दछन् भन्दै ढकालले पूजाआजासाथ सो सिद्धि घरमा भित्र्याउने जानकारी गराउँदछन् । सो प्रतियोगितामा सबैभन्दा पहिले जसले जित्यो त्यसलाई महत्व दिन्छन र अन्यले पानी मात्र ल्याउने चलनको अंश यहाँ प्रस्तुत गरेका छन् । पूजाआजा दानदक्षिणाकासाथ कागको पूजा स्वरूप अक्षता, भात, रोटी दान, यस पर्वमा गर्ने गर्दछन् र त्यस अवसरमा जमरासहित टीका गाउँभरी घरघरमा गई लगाउने र नाचगान गर्ने गर्दछन् भन्ने प्रसङ्ग उल्लेख गरेका छन् । विश्वनाथ ढकालले यस्तो अनौठो विजयादशमीकै झल्को हुने गरी यो पर्व मनाउने कुरा यहाँ प्रष्ट पारेका छन् । ती बासिन्दा नाचगानमा सात दिनसम्म भैलो खेल्ने गर्दछन् । यी दिनमा यहाँ छोरा बढाऊ र विवाह बढाऊ दिने चलनसमेत रहेको ढकालले जानकारी दिएका छन् । सबैलाई भोजभतेर दिने र शुभदिनमा विवाह गर्ने चलन पनि यसै पर्वसँग जोडिएको कुरा यस लेखमा व्यक्त गरेका छन् । सिद्धि वा वैश्यन्तको उपासना चेलीबेटी एवं पंक्षीलाई दान दिने, मान्यजनबाट टीका

लगाउने, भैलो खेल्ने, बढाउ दिने र भोजभेतरको बन्दोबस्न गर्ने हुँदा निश्चय नै यो चाड विजयादशमीभन्दा कुनै फरक नभएको ढकालको ठहर छ ।

### ५.२.४.२ खुल्ला प्रथा

डोल्पा जिल्लाका विशेष गरी रोकाया, बूढा जातिहरूले मनाउने यो प्रथा केही चैतीको नामबाट त केही खुल्लाको नामबाट प्रचलित छ तर चैती र खुल्ला फरक छन् । कतिपय डोल्पाका ठाउँहरूमा मङ्सिर १ गतेबाट सुरु हुने यो प्रथा कतिपय स्थानमा पौष १६ बाटै सुरु हुन्छ र माघ १५ सम्म मनाउने गरिन्छ । यो पर्व ७ वर्षभन्दा माथिका अविवाहिता किशोरीहरूले मनाउने गर्दछन् । मङ्सिर १ देखि १५ दिनसम्म भैलो खेली अन्न पैसालगायत आवश्यक सामग्री जम्मा गर्दछन् । त्यसपछि उनीहरू एकान्तबास जान्छन् । यस बेला उनीहरूको घरसँगको सम्बन्ध प्रायः विच्छेद हुन्छ भन्ने जानकारी ढकालले यसमा दिएका छन् । त्यसरी एकान्तबासको क्रममा ती किशोरीहरू विभिन्न किसिमका पुतली बनाई तथा भजन गरी बस्छन् । कुनै आगन्तुक आए स्वागत विविध खानेकुराबाट गर्ने र माघे संक्रान्तिमा नदी किनारमा गई आफूहरूले बनाएका पुतली जलाउने कार्य गर्दछन् । सो अवसरमा गाउँका सबैलाई निम्त्याउँछन् भन्दै यस्तो रहस्यात्मक पर्वको जानकारी यस लेखमा गराएका छन् । जलाएको पुतलीको सम्झनास्वरूप कृत्रिम रुवाइ गरिने र घर जाँदा बेहुलाबेहुली बनाई जाने गर्दै मनाउने हुँदा यो पर्व छुट्टैपन भएको पर्वका रूपमा ढकालले चत्रिण गरेका छन् ।

### ५.२.४.३ चैती

डोल्पामा मनाइने साँस्कृतिक परम्परामध्येको लोकप्रिय पर्व अर्को चैती पनि एक हो । डोल्पा सदरमुकाम आसपासका बासिन्दाले यो पर्व मनाउने गर्दछन् । यो पर्वको केही प्रसङ्गहरू खुल्ला प्रथासँग मिल्ने र मनाउने समय एउटै भएको जानकारी ढकालले यहाँ कोट्याएका छन् । गाउँमा किशोरी माहिलाहरू नाचगान गरी टीका लगाइ पैसा लिने र पैसा नदिएमा बेइज्जतसमेत गर्ने रूपमा यो पर्वलाई लिइएको छ । यसलाई प्रणयका रूपमा कतै लिइन्छ भने कतै अश्लीलताका रूपमा

तर महिलाहरूबाट जस्तोसुकै व्यवहार गरिए पनि त्यो क्षम्य हुने चलन रहेको ढकालले जानकारी गराएका छन् ।

### ५.२.५ धार्मिक परम्परा

विकास र सभ्यताबाट पूरा परिचित नहुँदासम्म मानिस धर्मकै आश्रय एवं विश्वासमा अडेको हुन्छ । धेरै नेपाली जनता विभिन्न धामी झाँक्रीको विश्वास गर्छन् । डोल्पामा त एक गाउँमा एक न एक धामी/झाँक्री रहेका र शुभ तथा संस्कार कर्म तिनैका निर्देशनबाट गरिँदै आएका ढकालले यस लेखमा प्रष्ट पारेका छन् । यस्तै छल देवताका बारेमा विश्वनाथले यहाँ जानकारी गराएका छन् । डोल्पा जिल्ला तत्कालीन पहाडी गाउँ पञ्चायतको छल गाउँ स्थित गोसाइ (मष्टा) देवतालाई छल देवता भनिन्छ । त्यहाँ पुजारी कठोर उपासना गर्छन्, त्यसै उपासनाको क्रममा काम्न थाले र त्यतिखेर भनेको वाक्यांश देवीकै हो भनी सो देवताप्रति त्यहाँका जनतामा विश्वास भएको ढकालले जानकारी गराउँछन् ।

यहाँ चोरी भएको हराएको वा शुभकार्य गर्नमा र मानिसले गर्नुपर्ने कार्य सबै उनै मष्टा देवीको पूजारीद्वारा हेराउने गरिन्छ । यहाँ कुल देवताका रूपमा धेरै मष्टा देवीहरू रहे तापनि छल प्रमुख महत्वको रहेको ढकालले चर्चा गरेका छन् । विशेष गरी श्रावण, भाद्र, कार्तिक, वैशाख पूर्णिमामा एव बडा दशैं र चैते दसैंमा यहाँ ठूलो सङ्ख्यामा भक्तजनको भीड लाग्छ । बौद्ध धर्मवलम्बीहरूले पनि छल देवताको विश्वास गर्ने ढकालले प्रस्तुत लेखमा जानकारी गराएका छन् । स्थानीय जनजीवनका विविध पक्षबारे प्रकाश पार्ने क्रममा धार्मिक प्रचलनको छोटकरी परिचय दिने उद्देश्यले प्रस्तुत प्रकरणमा धार्मिक विषयमा चर्चा गरिएको ढकालको स्वीकारोक्ति छ ।

### ५.२.६ त्रिपुरासुन्दरी

हिन्दू धर्मावलम्बी नेपालीहरूको जनजीवनको विभिन्न देवी देवताहरू विद्यमान रहेझैं प्रस्तुत त्रिपुरासुन्दरी देवीले पनि महत्वपूर्ण स्थान यस डोल्पामा

लिएको ढकालले यस लेखमा चर्चा गरेका छन् । डोल्पा जिल्ला कोट गाउँमा अवस्थित यो मन्दिर अत्यन्त आकर्षण देखिने उल्लेख गर्दै ढकालले वि.सं. १४११ भन्दा अगाडि उक्त ठाउँमा एक ठूलो ओखल भएको विचित्रको कथा उल्लेख गरेका छन् । जति धान कुट्यो त्यति नै चामल हुने विश्वास गरिने उक्त ओखलको उत्खनन् गर्दा त्रिपुरासुन्दरीको दर्शन पाएको ऐतिहासिक किंवदन्ती यहाँ उल्लेख गरेका छन् । यस उत्खनन कार्यमा नौ वटा पुतली निस्केर विभिन्न स्थानमा गई देवीका रूपमा बसेका उल्लेख गर्दै त्रिपुरासुन्दरी (बाला, त्रिपुरा र सुन्दरी) लाई पुतलीका रूपमा समातेर राजाको समेत सहयोगमा त्यही मन्दिर स्थापना गरी राखिएको जानकारी ढकालले यस लेखमा उल्लेख गरेका छन् ।

भगवतीको विविध विधानपूर्वक नित्य पूजा एवं पाठ गर्न पूजारी ल्याई राखेको प्रसङ्ग उल्लेख गर्दै स्थानीय बासिन्दाबाट बली र पूजापाठ खर्चको व्यवस्था गरिएको प्रसङ्गको जानकारी दिएका छन् । तत्कालीन राजा विक्रम शाहीले आफ्नो दरबार मन्दिरको उत्तरतर्फ बनाएका र न्याय निसाफ गर्न त्यही गई मन्दिर साक्षी राख्ने गरेको वर्णन यस लेखमा छ । सोही स्थानमा राजा विक्रम शाही पृथ्वीनारायण शाहको एकीकरणमा हार खाई भगवती (त्रिपुरा) को मन्दिरमा आत्महत्या गरेको प्रसङ्ग उल्लेख गर्दै उक्त राजा, रानी र छोराहरूको सालिकलाई समेत मन्दिरमा पूजा गरिने वर्णन यहाँ दिएका छन् । विश्वनाथ ढकालले यो मन्दिर वरिपरिका अन्य विभिन्न मन्दिर स्थानका बारेमा यस लेखमा वर्णन गरेका छन् ।

### ५.२.६.१ वीर स्थान

डोल्पाको त्रिपुरा भगवती मन्दिरको पश्चिमतर्फ बीरको स्थान छ । राजा विक्रम शाहीको दूर्दशापूर्ण किसिमले मृत्यु भएको हुँदा सम्झनास्वरूप उक्त स्थान स्थापन गरिएको बुझिने ढकाल लेख्दछन् ।

### ५.२.६.२ टाँके बाहन स्थान

टाँके बाहनलाई त्रिपुरा सुन्दरीको बाहन भनी स्थान निर्माण गरिएको छ । भय तथा विघ्न बाधा उक्त मन्दिर र गाउँमा देखिन आएबाट सो स्थानको स्थापना गरी स्थान बनाइएको कुरा पुजारीहरूबाट बुझ्िन आएको ढकालले यस लेखमा उल्लेख गरेका छन् ।

यसैगरी मन्दिरमा पश्चिमतर्फ ब्रह्मा, विष्णु, महेश्वर, कृष्ण, बुद्ध, लक्ष्मी, सरस्वती र राजा पृथ्वीनारायणको मूर्तिहरू छन् । त्यस्तै मन्दिरको वरपर निकै अग्ल्ला लिङ्ग र तिनका ध्वजा देखिने वर्णन ढकाल गर्दछन् । उनले त्रिपुरासुन्दरी झण्डा, गुरु चन्दननाथको झण्डा, चण्डिका देवीको झण्डा र विक्रम शाहीको झण्डा पनि यस मन्दिरको शोभनीय पक्ष भन्दै यस मन्दिर, मठ तथा पाटीपौवा समेतको भर्खरै जीर्णोद्वारा सम्पन्न गरिएको उल्लेख गरेका छन् ।

यस प्रकारको विविध किंवदन्ती आधारभूत अभिलेखसमेतको आधारमा शक्तिमयी माता त्रिपुरासुन्दरीको बारेमा छोटो चिनारी गरी रहस्यमय आलेख, कौतुकपूर्ण उत्खनन र विचित्रतापूर्ण दैवी उद्गम चाखपूर्ण घटनाबारे अवगत गराउँदै पुरातात्विक अन्वेषण हुन गई यसको अस्तित्वको उद्बोधन सम्बन्धित क्षेत्रबाट हुने आशा यस लेखमा राखेका छन् ।

### ५.२.७ व्यास गुफा

हिन्दूहरूको प्रसिद्ध ऐतिहासिक ग्रन्थ महाभारतका विशिष्ट महापुरुष वेद व्यासको तपोभूमि आजसम्म अनभिज्ञ नै छ । डोल्पा जिल्लामा अनेकौं पुराना तपस्या गर्ने प्राचीन स्थानहरू रहेका छन् । त्यसमध्ये व्यास गुफाको नामले परिचित र उक्त ठाउँको प्राकृतिक बनोट तथा विशेषताका बारेमा चर्चा गर्नु नै यस अध्यायको लेखको मुख्य विषय भएको ढकालले उल्लेख गरेका छन् ।

डोल्पा जिल्लाको करिब २३ हजार फीट उचाइमा अवस्थित यो व्यास गुफा हर समय हिउँ पर्ने हुँदा मुस्किलले आषाढ, श्रावण र भाद्रमा मात्र बाटो खुल्ने गर्छ

भन्दै गुफाको ढोका टाढैबाट बन्द रहेको स्पष्ट देखिने अनि आधुनिक पम्पसेटबाट जोडसँग निस्कने पानीका ठूला धारा झैं दुईवटा धारा निस्किएका छन् भन्ने वर्णन यहाँ ढकालले गरेका छन् । धार्मिक तथा रहस्यात्मक कौतुहलले उक्त ठाउँमा मानिस जाने गर्दछन् भन्दै ढकालले महर्षि वेदव्यासको विषयमा स्थानीय प्रचलनको एक रमाइलो किंवदन्ती उल्लेख गरेका छन् ।

ढकाल राजा युधिष्ठिरले राजसूर्य यज्ञ गर्दा व्यासलाई निमन्त्रणा गरेको र राजाका दूतहरू व्यासलाई लिन त्यहाँ पुगेको, ती दूतहरूले वेदव्यासको रहस्यात्मक तेजस्वी स्वरूप चिन्दै गएको र वेदव्यासको सक्कली गुफा यही भएको किंवदन्तीगत प्रसङ्ग यस लेखमा कोट्याएका छन् । हिउँ कम पर्ने महिनाका पूर्णिमामा उक्त स्थानमा मेला भर्नेको धुइँचो हुने वर्णनसमेत यहाँ गरेका छन् ।

प्रस्तुत व्यासऋषि उनै महाभारतका व्यास हुन् र कलियुग सुरु भएदेखि संसारको छल प्रपञ्च एवं हिंसात्मक काण्डहरू देख्न पर्ने ठानी त्यही गुफाभित्र ढोका बन्द गरी बसेका छन् भन्ने स्थानीय धार्मिक विश्वासकारहरूको निश्चय र सत्य युगमा पुनः निस्कन्छन् भन्ने विश्वासको चर्चासमेत यस लेखमा गरेका छन् ।

### **५.२.८ तारा श्री** (तारा नगरी)

जिल्ला सदरमुकामबाट पश्चिम भेरी नदीको किनारमा पहिले राजा रहेका र त्यस ठाउँका राजालाई 'तारा नगरी राजा' भन्ने गरेको साथै त्यस वरपरका गाउँलाई नै ताराश्री गाउँ भन्ने गरेको प्रसङ्ग विश्वनाथले यहाँ उल्लेख गरेका छन् । यस लेखमा राजाहरूको एक आपसको कलह र राज्य व्यवस्था नै सखाप पारी अर्को वंशको स्थापना गरेको प्रसङ्ग, त्यहाँका बासिन्दा अन्यत्र भाग्दा गर्भवती एक महिलाको एक घरमा मुखियाले दिएको आश्रयको घटना, सत्यप्रतिको श्रद्धा विश्वास र झुटा घटनाका बेफाइदा जस्ता यस लेखमा विश्वनाथले चर्चा गरेका छन् । उनै गर्भवती महिला दुस्मनका सैनिकबाट उम्कन सफल भएको र तिनैका सन्तानले धेरै गाउँबस्ती बन्दै गए र सबै गाउँ तारा श्री नगरी नाम रहन गएको वर्णन पनि

ढकालले यहाँ गरेका छन् । ताराश्री गाउँको नजिकै पाइने शिलालेखको रूपमा विभिन्न पुस्तक खण्डहरू र त्यहाँका विभिन्न भग्नावशेषहरूको अनुसन्धान गर्न सके महत्वपूर्ण ऐतिहासिक तथ्य पत्ता लगाउन सम्भव हुनेतर्फ सम्बन्धित क्षेत्रको ध्यानाकर्षण गराउन ढकाल यस अंशमा चाहेका छन् ।

### ५.२.९ फोक्सुन्दो

यातायात र सञ्चारका दृष्टिकोणले डोल्पा जिल्ला अति दुर्गम र कठिन मानिए तापनि प्राकृतिक वैभव र सौन्दर्यका दृष्टिकोणले निकै महत्व भएको यस जिल्लामा अवस्थित फोक्सुन्दो तालको छुट्टै विशेषता भएको कुरा ढकालले यस शीर्षकमा वर्णन गरेका छन् । यस ठाउँमा भएका ताल तलाउहरूले प्राकृतिक सुन्दरतालाई दोब्बर वृद्धि गर्न सफल भएका छन् भन्दै यो फोक्सुन्दो तालको बारेमा यसमा छोटो परिचय दिएका छन् । डोल्पा तथा नेपालकै सबभन्दा ठूलो यो फोक्सुन्दो ताल रिग्म गाउँको नजिकै छ, यस तालको नामकरण भोटे भाषामा गरिएको छ र आकार झण्डै अङ्ग्रेजी ु‘ु अक्षरको रहेको वर्णन ढकालले गरेका छन् । एक भागबाट अर्को भाग देख्न नसकिने, वरपरका गुम्बा, बुट्यान र जङ्गलले साँच्चिकै प्राकृतिक सुन्दरताको प्रतीक योताललाई मान्न सकिने ढकालको धारणा छ ।

अनेक किसिमका किंवदन्ती यो ताल उत्पत्तिका बारेमा भएको चर्चा गर्दै ढकालले हालको ताल क्षेत्रमा पहिले ठूलो गाउँ भएको र पुरिएको स्थानीय प्रसङ्ग उल्लेख गरेका छन् । विभिन्न किसिमिका धार्मिक साँस्कृतिक पक्ष यस तालसँग जोडिएको, देवदेवीका मूर्ति तथा बहुमूल्य धातु यसभित्र रहेको अन्धविश्वास विद्यमान भएको कुरा ढकालले यस लेखमा स्थानीय व्यक्तिहरूसँगको छलफल उल्लेख गर्दै प्रस्तुत गरेका छन् । यो ताल अतिशय चिसो हिमालको काखमा अवस्थित हुँदा मानिस पौडेर वारपार गर्न नसकिने तर्क ढकालको पाइन्छ तर केही पर्यटकहरूले चाहिँ विविध साधनका साथ पार गरेको प्रसङ्ग पनि उल्लेख गरिएको छ ।

यस तालमा झण्डै बाह्रै महिना पानीहाँस देखिने र पानीमा कुनै घाँस, पात, फूल नदेखिने, वरिपरी चाहिँ हिउँ नजम्ने सिजनमा ढकमक्क फूल फुलेका देखिने ढकाल वणर्न गर्छन् । मौसमी परिवर्तनले गर्दा विभिन्न रङमा यो तालको परिवर्तन हुने तथा सूर्यका प्रकाशका कारण रङ परिवर्तन हुने गरेको ढकाल अनुमान गर्दछन् र बिहान निलो दिउँसो सेतो र साँझ कालो देखिन्छ भन्दछन् । यसबाट बगेको पानी झर्नाका रूपमा पुगेको र त्यसको उचित प्रयोग हुन सकेमा कर्णाली अञ्चलमा विद्युत पुग्ने गरी उपयोग गर्न सकिने अनुमान ढकालको मनमा उब्जन्छ । यस ताल वरपरका बासिन्दा बत्तीमुनिको अँध्यारोमा रहनु परेको उल्लेख गर्दै प्रस्तुत लेखमा ढकालले विभिन्न जातका जङ्गली जनावरहरू, पंक्षीहरू तथा प्राकृतिक छटाले मुग्ध यो ठाउँ पर्यटकलाई आकर्षित गर्न सक्ने र राष्ट्रले नै निकै फाइदा लिने सक्ने धारणा व्यक्त गर्दछन् ।

### ५.२.१० जग्दुला ताल

प्राकृतिक सुन्दरता र दर्शनीयताका दृष्टिले फोक्सोन्दो पछिको दोस्रो रूपमा (डोल्पामा) गणनामा आउने यो जग्दुला ताल धार्मिक महत्वले निकै उच्च छ । रिमी गाउँमा पर्ने यस ताललाई दूध कुण्डली ताल पनि भन्ने गरिन्छ । यस ताल वरपर प्रायः सधैं हिउँ जमिरहने हुँदा श्रावण, भाद्र र आश्विनमा मात्र बाटो सुगम हुने ढकाल बताउँछन् । यो तालको पानी बिहान हेर्दा सेतो, दिउँसो हेर्दा निलो र साँझमा हेर्दा कालो देखिन्छ भन्दै यस लेखमा साँझको कालो रङको पानीमा नुहाए भूत, प्रेत, डङ्किनी, बोक्सी आदिले छुन नसक्ने र सेतो, नीलो पानीको समयमा नुहाए अनिष्टनाश तथा पुण्य मिल्ने विश्वास विद्यमान रहेको वर्णन विश्वनाथले यस शीर्षकमा गरेका छन् । यो ताल वरिपरी पहिले जग्दुला बस्ती रहेको र त्यहाँबाट तिब्बतमा आवतजावत गर्ने छोटो बाटो भएकोतर्फ सङ्केत गर्दै ढकालले यो बाटोको प्रयोग ल्याउन पहल गरिएमा यातायातको सुगम हुनसक्ने बताएका छन् भने यस तालमा कुनै पनि चलचर प्राणी नरहेको र ताल वरपर नावर जाति (मृग विशेष) र डाँफे मात्र भएको समेत वर्णन गरेका छन् ।

यस तालका बारेमा धार्मिक बौद्ध ग्रन्थमा निकै उल्लेख भएको र यस वरपरका ठूलो क्षेत्र धार्मिक पवित्रताको दृष्टिले र प्राचीन धार्मिक ग्रन्थमा समेत उल्लेख भएबाट यसको महत्व ठूलो रहेको ढकाल लेख्दछन् । किंवदन्तीअनुसार एक लामाले उक्त स्थानमा कठोर तपस्या गरेको, भ्यागुतो प्रकट भई अन्यत्र तपस्या गर्न भनेको, सोहीबमोजिम गर्दा नौ दिनको रातमा देवी प्रकट भएको र लामालाई सोही तीर्थस्थलका बारेमा वर्णन गरेकी प्रसङ्ग यस लेखमा विश्वनाथ कोट्याउन पुग्दछन् । यो ताल यस क्षेत्रको ठूलो तीर्थ हो । यहाँको संरक्षण र सम्बर्द्धन गर्नेको भलो/हित हुने र नगर्नेलाई विविधप्रकारका समस्या, रोग महामारी हुने किंवदन्ती प्रस्तुत गर्दै ढकालले यस मन्दिरको नजिक ६० पाथी सुन भएको र ५०० वर्ष पछि एक लामाले त्यो झिकी सातवटा गुम्बा निर्माण गर्ने प्रसङ्ग यस शीर्षकमा राखेका छन् । धान चहुर गएर पूजा नाचगान सुरु गर्नु र त्यहीबाट तीर्थ सुरु हुने उक्त ग्रन्थमा भएको र जाँड, रक्सी निशेष गरिएको पनि यहाँ समावेश गरिएको छ । त्यस क्षेत्रमा जाँदा बाटामा तोप पड्केको आवाज आउने गर्छ भन्दै स्थानीय बासी जाँदा स्वागत र आउँदा बिदाइ सूचक आवाजका रूपमा त्यसलाई लिने गर्दछन् भन्ने चर्चा पनि यस लेखमा समावेश छ । यस लेखको उद्देश्य पनि अध्ययन अनुसन्धान गरी इयता पत्ता लगाउनु हैन र उपलब्ध स्रोत र शक्तिको सकेसम्म यस ठाउँको बारेमा छोटकरीमा जानकारी दिने हो भन्ने टिप्पणी ढकालले यसमा गरेका छन् ।

### ५.२.११ सुन दह

डोल्पाका विविध दहहरूमध्ये अर्को दह हो सुनदह । करिब १२ हजार फिट उचाइमा रहेको यो दह धार्मिक दृष्टिले अलग किसिमको छ । डोल्पा सदरमुकाम दुनैबाट करिब २० कोष दक्षिण पश्चिममा पर्ने यस दहमा श्रावण भाद्र पूर्णिमामा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको घुइँचो लाग्दछ । यो तालभित्र हात्तीको आकार देखिने र त्यसभित्र सुनको गाई भएको स्थानीय जनतामा विश्वाससमेत रहेको ढकाल यस लेखमा उल्लेख गर्दछन् । यो तालको एकै समयमा दुई आकार र दुई

रङ देखिने विशेषता छ भन्दै उक्त स्थानमा नुहाएर लाटो देवता आउने र उसलाई वायु चढ्ने तथा वायु चढेको समयमा इसारा गरेअनुसारको कार्य गरेमा भविष्यवाणी मिल्नेसम्मको परम्परागत मान्यता यस दहसँग जोडिएको ढकालले जानकारी दिएका छन् ।

यो तालको वरवर तामाको ठूलो खानी भएको र त्यहाँबाट तामा झिकिएको डोबहरू देख्न सकिने वर्णन यहाँ छ । यस किसिमका विभिन्न तालहरूका बारेमा विभिन्न किसिमका रहस्यात्मक विश्वास र परम्परागत मान्यताले सम्भावना भन्दा बढी र अधिक रहस्यमय मान्यतालाई स्थान दिई आएको पाइन्छ भन्दै विश्वनाथले विविध महत्वको यो दह भू-गर्ववेत्ताको अझ कौतूहलको विषय बन्न सफल भएको सङ्केत गर्दछन् ।

### ५.२.१२ छ्यो कार्बो-छ्यो डुम्बो-छ्यो न्हाक्यो

डोल्पा जिल्लाका विभिन्न स्थानमा रहेका तालहरूमध्ये आफ्नै किसिमको पहिचान भएका तालहरू हुन् छ्यो डुम्बो, छयो न्हाक्यो र छयो कार्बो । छ्यो कार्बो ताल कुनै खोलाको निकास विना बनेको र कुनै निकास पनि निक्सिएको छैन । यी तीन ताल अवस्थितिका दृष्टिले त्रिभुजाकार भएको छ भन्दै दुर्गम क्षेत्रमा भएकाले सबैले सहजरूपमा परिचय नभएको ढकालले व्यक्त गरेका छन् । यस जिल्लाका ताल तलाउहरूको वर्णन गरी साध्य नभएको, अनेकौँ रङ रूपले समय समयमा देखिने अपूर्व शोभा र वैशिष्यको चर्चा गर्दै धार्मिक महत्व र गरिमाविहीन भएर पनि आश्चर्यजनक प्राकृतिक बनोट र सौन्दर्यको दृष्टिकोणले विशेष महत्व राख्ने ढकालले वर्णन गरेका छन् । यो ताल स्थानीय भोटे भाषामा नामकरण गरिएको र सेतो, नीलो, कालो अलगअलग रङका र अलग अलग आकारका भएको बताएका छन् । परस्पर १ घन्टाको दूरीमा तीन तालहरू रहेका र तिनको प्रचारप्रसार गरी सौन्दर्यप्रेमी पर्यटकहरूलाई परिचित गराउने काम सम्बन्धित क्षेत्रबाट हुनेछ भन्ने आशा यस लेखमा उल्लेख छ ।

### ५.२.१३ पुथा दह

डोल्पा जिल्लाको उत्तरी भागमा रहेको पुथा दह धार्मिक तथा प्राकृतिक बनोटका दृष्टिले निकै महत्व रहेको छ । श्रावण पूर्णिमा र भाद्र पूर्णिमामा भक्तजनको भीड लाग्ने र हिमपातको समयमा भक्तजनको सङ्ख्या कम हुने कुरा ढकालले बताएका छन् । बराह र वरुण देवताको प्रतिनिधि बनेर रहेको यो ताल अनिकाल दैवी प्रकोपका समयमा विशेष भक्तजनको भेला हुन्छ भन्दै विशालता र सुन्दरताको दृष्टिले महत्व कम भए पनि प्राकृतिक एवं धार्मिक दृष्टिबाट विशेष स्थान ओगटेको चर्चा ढकालले गरेका छन् ।

### ५.२.१४ यार्चा गुम्बो

यस लेखमा हिमाली क्षेत्रमा पाइने विशेष किसिमका जडिबुटीअन्तर्गत एक बहुमूल्य बुटीको विषयमा चर्चा गरिएको छ, त्यो हो यार्चा गुम्बो । यार्चा गुम्बाको नाम त्यहीको स्थानीय भाषा (भोटे) मा नामकरण गरिएको छ । यस भाषामा ‘यार’ भनेको ‘वर्षा’ र ‘चा’ भनेको ‘घाँस’ हो अनि ‘गुम’ भनेको ‘हिउँद’ र ‘बो’ भनेको ‘किरा’ हो । यसरी वर्षामा घाँस र हिउँदमा कीरा (प्राणी) हुने भएको हुँदा यसको नामकरण उचित देखिन्छ । नेपालीमा यसलाई जीवन बुटी भनी नामकरण गरिएको ढकालको कथन छ ।

समुद्री सतहबाट १४ हजार फिट देखि १८ हजार फिट उचाइका लेखहरूमा हिउँददेखि जमेको हिउँ पग्लदै गई विस्तार विस्तार बुकी घाँसको जब बिस्तार हुन्छ तब यो यार्चा गुम्बो जीवित रूपमा बाहिर निस्कन्छ । बाहिरी भाग घाँसको रूपमा र भित्री भाग कीराको रूपमा यो बुटी चेतन शक्तिको रूपमा समेत रहने तथा मानिस वा अन्य जनावरहरूको चाल थाहा पाउन सक्छ भन्ने विश्वास गरिँदै आएको जानकारी गराउँदछन् । मानिस वा अन्य जनावरहरूको चाल थाहा पाउने बित्तिकै घाँसको साथै सोही रूपको अचेतन अवस्थामा आफूलाई राख्न सक्छ भन्ने कुरा यहाँ प्रकट पारिएको छ । उनले यार्चा गुम्बालाई पक्डन बकुल्लाको जस्तो

ध्यान हुनुपर्ने समेत चर्चा गरेका छन् । यस कीराको भाग सामान्य कीरासरह नाजुक र कमलो नभई रबर वा कमलो च्याउजस्तो चाम्रो खालको हुन्छ भन्ने जानकारी पनि विश्वनाथले यस लेखमा चर्चा गरेका छन् । सामान्य कीराजस्तो फाँड नहुने हुनाले यसलाई च्याउकीरा पनि भनिएको पाइन्छ भन्दै यसको कुनै अङ्ग चुँडेर हेर्दा रगत वा अन्य कुनै पदार्थ आउँदैन भन्दछन् तर जमिनको अवस्थामा त्यसको बाहिरको घाँस चुँडिदिँदा रछाया खालको केही तरल पदार्थ निस्कने गर्दछ भन्ने वर्णनसमेत गरेका छन् । यस जडिबुटीको स्वासप्रश्वास अनुसन्धानको विषय बनेको छ भन्दै विश्नाथले यो पाइने ठाउँका बारेमा पनि चर्चा गरेका छन् । १४ हजारदेखि १८ हजार फिटसम्मको भू-भागमा विशेषगरी रसिलो र पशुवस्तुका लागि तागतदार बुकी घाँस हुने पूर्वतर्फबाट लागेको घाम पूर्णतया पर्ने र झारपातबर्द्धक किसिमको भूभागमा पाइने जानकारी ढकालले यस लेखमा दिएका छन् ।

यो बुटी आषाढदेखि भाद्र महिनासम्म पूर्ण विकास भई कार्तिक सम्म अन्त्य हुन्छ भन्ने जानकारी दिँदै कसैले यो हिउँदमा माटोभित्र धमिरा, कमिला, सर्प झैं हिड्ने गति हुने हुन्छ साथै कसैले चाहिँ त्यस्तो नभई हिउँदमा चिसोले मर्ने भन्दछन् । यस्तो तर्क केलाउँदै यो बुटी अनुसन्धानको विषय भएको वर्णन गर्न पुग्दछन् । अनुसन्धानको रोचक ऐतिहासिक प्रसङ्ग उल्लेख गर्दै ढकालले यस लेखमा दाउरा खोज्ने क्रममा उक्त बुटी भेटिएको त्यसपछि उपचारको रूपमा प्रयोग र सो प्राप्त गर्ने स्थानीय ह्युन्तेन गोम्बो भएकोसमेत जानकारी यसमा दिएका छन् । यस बुटी मानिसको नपुंसकत्व हटाउन, पौरुषतत्व बढाउन, शारीरिक कमजोरी हटाउन र दीर्घरोगका निर्बल असक्त बिरामीलाई चाँडो उतार्न प्रयोग गरिँदै आएको जानकारी दिँदै ढकालले आधुनिक आयुर्वेदीय चिकित्सा पद्धतिको प्रयोग हुन थालेको चर्चा गर्दछन् । यस लेखमा यार्चा गुम्बो खाने तरिकाको पनि चर्चा गरिएको छ । दूधमा पकाउने, घिउमा फुराउने, कुखुरा वा भँगेराको टाउकोको मासुमा मिलाउने, कुटेर धूलो बनाई खाने जस्ता पक्षलाई पनि यो लेखमा स्थान दिएका छन् । यार्चा

गुम्बो व्यापार व्यवसायभन्दा चाख, अनौठो र उत्सुकताको दृष्टिकोणको बाहिर जाने गरेको पाइन्छ । यसलाई नबिग्रने गरी भण्डारण गर्ने, प्रजनन् बीज तथा पाइने विभिन्न लेखकहरूका बारेमा पनि उचित विवरण यसमा प्रस्तुत गरेकै छन् । समय र साधनविहीन खोजनीमा कतिपय त्रुटि र अधुरापनहरू मौजाद रहन गएका पनि हुनसक्नेतर्फ ध्यानाकर्षण गरेका छन् ।

### ५.२.१५ भाषा

'डोल्पाली सेरोफेरो' निबन्ध सङ्ग्रहअन्तर्गतको भाषा शीर्षकको यस लेखमा विश्वनाथ ढकालले पश्चिममा भाषा विकसित र सरलीकरणतर्फ नगएको बताउँछन् । अन्यत्र प्रचलित कतिपय ठेट नेपाली शब्द डोल्पामा कहिल्यै नसुनिएका छन् र ती शब्दले भाषिक क्लिष्टता बनाएको यसमा उल्लेख गरिएको छ । ढकालले उच्चारण गर्दा फरक भएका कतिपय सामान्य बोलचालका वाक्यांश उदाहरण दिँदै नेपाली भाषा र डोल्पाका बीचको तुलना उदाहरण स्वरूप यस लेखमा प्रस्तुत गरेका छन् ।

ढकालले कतै प्राकृत भाषाबाट जस्ताको तस्तै आएका भाषाको नजिकका वाक्यांश उदाहरणका स्वरूप प्रस्तुत गर्दछन् भने कतै भाषिक लोपको चर्चा गर्दछन् । प्रस्तुत यस लेखमा भाषाको विकासमा भएका कतिपय उच्चारण (स को ह मान्नु भन्दा ष मान्नु उपयुक्त हुने) को विवेचना आफ्नो किसिमबाट गरेका छन् । आश्चर्यबोध शब्द 'दे' शब्द 'लाउ' अर्थमा पनि प्रयोग हुने यस डोल्पाली सेरोफेरो शीर्षकको भाषा शीर्षकमा विवेचना गरिएको छ । ढकालले केही स्थानीय शब्दहरूको नेपाली भाषासँगको तुलनात्मक अध्ययन पनि यस लेखमा प्रस्तुत गरेका छन् ।

### ५.२.१६ निष्कर्ष

विश्वनाथ ढकालले शिक्षा, स्वास्थ्य, यातायात र सञ्चारका साधनबाट निकै पर रहेको नेपालको डोल्पा जिल्लाको बारेमा समग्र पक्षलाई समेट्ने प्रयास गर्दै

त्यसका परिचयात्मक जानकारी अध्ययन अनुसन्धान गरी प्रस्तुत डोल्पाली सेरोफेरो पुस्तक तयार पारेका छन् । राष्ट्रसेवाको सन्दर्भमा साढे दुई वर्ष यसै क्षेत्रमा रही त्यहाँका स्थानीय जनता तथा जिल्लाको वास्तविक दृश्यावलोकन गरेका बखत प्राप्त अनुभवलाई ढकालले पुस्तकमार्फत् सार्वजनिक गराएका छन् । आफ्नो अध्ययन र अनुसन्धानलाई विभिन्न शीर्षकका छोटाछोटा लेखमार्फत् परिचय गराएका छन् । यो उनको गौरवशाली कार्य हो । प्रत्येक शीर्षकका विभिन्न उपशीर्षकमा वर्गीकरण गर्दै निष्कर्ष स्वरूप अन्तिम अनुच्छेदमा आशावादी स्वर दिन कहीँ कतै चुकेका छैनन् । स्थानीय जनताहरूको भनाइ, विविध, किंवदन्ती तथा आफ्नो धारणा समेत यस सङ्ग्रहमा ढकालले जानकारी गराएका छन् । उनले भाषिक रूपमा स्थानीयतालाई बढी नै समावेश गरेका छन् । शीर्षक नै कतिपय जस्ताको तस्तै स्थानीय भाषामा राखेका छन् । यति हुँदा हुँदै पनि यस पुस्तकलाई भाषिक सरलतातर्फ डोऱ्याउन विश्वनाथले बिर्सेका छैनन् ।

## छैटौँ परिच्छेद

# निष्कर्ष

प्रस्तुत शोधपत्रमा पहिलो परिच्छेदभित्र शोधपरिचय समावेश गरिएको छ । दोस्रो परिच्छेदअन्तर्गत विश्वनाथ शर्मा ढकालको जीवन र व्यक्तित्वका विविध पक्षहरूको चर्चा गरिएको छ । तेस्रो परिच्छेदमा ढकालका लेखनयात्रा र चरणगत प्रवृत्तिलाई समावेश गरिएको छ । यस्तै चौथो परिच्छेदमा विश्वनाथ शर्मा ढकालका कवितकृतिको अध्ययन गरिएको छ । पाँचौं परिच्छेदमा ढकालका लेखरचनाहरूको अध्ययन र 'डोल्पाली सेरोफेरो' पुस्तककार कृतिको अध्ययन गरिएको छ र छैटौँ परिच्छेद निष्कर्ष समावेश गरिएको छ ।

विश्वनाथ ढकालको जन्म वि.सं. २००४ असोज ४ गते (सन् १९४७ सेम्टेम्बर २०) तनहूँको भानु गा.वि.स.-३ चुँदी (मध्यपुर) मा भएको थियो । पिता विष्णुप्रसाद र माता विष्णुदेवी (कपिला) का पाँच सन्तानमध्ये पहिलो सन्तानका रूपमा जन्मेका ढकालको न्वारनको नाम भने लेखनाथ थियो । विश्वनाथ ढकालको पारिवारिक पृष्ठभूमि शिक्षित थियो । सानै उमेरदेखि पण्डित लगायतका विविध व्यक्ति तथा विद्वान्हरूसँग उनको सम्पर्क हुन्थ्यो, जसले गर्दा उनी जिज्ञासु र पढाइप्रति तल्लीन हुँदै गए । उनको बाल्यकाल ग्रामीण परिवेशमा बित्यो भने औपचारिक रूपको एम.ए. तहसम्मको अध्ययन काठमाडौंमा पूरा भयो । यस बीचमा उनी विभिन्न सामाजिक तथा राजनीतिक कार्यममा संलग्न पनि हुँदै गए । वि.सं. २०२८ देखि २०६१ सम्म नेपाल सरकारका तर्फबाट विभिन्न ठाउँहरूमा सरकारी सेवामा जागिरे भई काम गरे । राम्रो प्रशासनिक कार्यदक्षताका लागि उनलाई विभिन्न समयमा सम्मान तथा पुरस्कारसमेत प्रदान गरिएको छ । ढकाल आफ्नो जीवनावधिमा कहिले कुशल कविका रूपमा, कहिले लेख तथा निबन्धलेखका रूपमा प्रस्तुत भए भने प्रशासनमा काम गर्दा शाखा अधिकृत (रा.प्र.तृ. श्रेणी) बाट प्रवेश गरी शिक्षा प्रशासनमा जिल्ला शिक्षा अधिकारीसम्म बन्न पुगे । त्यसैगरी

ढकाल उपसचिव र सहसचिवको पदमा रही पदीय जिम्मेवार बहन गरेका थिए । यसरी लगभग ६ दशकका दिनहरूमा बिस्तारै हिँड्ने क्रममा मिति २०६१ कार्तिक ५ गते विश्वनाथ ढकालको देहावसान भयो ।

बाल्यकाल देखि कै नम्र, भद्र, स्वभावले विश्वनाथ ढकालका आफ्नो स्कुले जीवन र जागिरे जीवनमा प्रशस्त प्रभाव पारेको देखिन्छ । उनको त्यो स्वभाव जीवनभर कायम रहेको छ । १६ वर्षको उमेरमा वैवाहिक दाम्पत्य जीवनमा बाँधिएका विश्वनाथ ढकालको व्यक्तिगत रुचि गीत सङ्गीतमा विशेष थियो । मिजासिलो स्वभाव भएका ढकालले आफ्नो जीवनकालमा एसियालगायत युरोपका विभिन्न देशहरू भ्रमण गरेका थिए । सामाजिक, कवि, गीतकार, लेखक तथा निबन्धकार व्यक्तित्वमा उनले आफूलाई उभ्याउँदै गएका थिए तर पनि प्रशासनिक व्यक्तित्व उनको जीवनमा महत्वपूर्ण रह्यो । उनको जीवनकालकै महत्वपूर्ण मानिएको आफ्नो पुस्तक त्यही जागिरकै सिलसिलामा रचना गरिएको थियो । विश्वनाथ शर्मा ढकालका अधिकांश लेखहरू अनुसन्धानात्मक किसिमका छन् । डोल्पा जिल्ला जस्तो दुर्गम र अनकन्टार क्षेत्र जहाँ धेरै लेखकका दृष्टि प्रायः टाढा रहने गरेका छन् । त्यस्तो विषयमा गहन किसिमले आफ्नो रचनाभित्र समावेश गर्नु वा लेखनको केन्द्र बनाउनु ढकालको लेखकीय वैशिष्ठ्य ठहरिन्छ । कवि ढकालका रूपमा उनलाई स्वच्छन्दतावादी प्रकृतिप्रेमी कविका रूपमा मान्न सकिन्छ ।

नेपाली भाषा, साहित्य र समालोचनाका क्षेत्रमा कलम चलाउने विश्वनाथ ढकालको सार्वजनिक लेखनयात्राको थालनी विवेक बिन्दु (२०२४) पत्रिकाबाट हुन्छ । विश्वनाथ ढकालको लेखनयात्राको पहिलो चरण वि.सं. २०२६ सम्म मानिएको छ । कविता सिर्जना गरी साहित्यमा सार्वजनिक भएका ढकालको लेखनयात्रालाई तीन चरणमा बाँडिएको छ । प्रथम चरणमा उनका कविता रचनाहरू प्रकाशित भएका छन् । फुटकर रूपमा रचिएका उनका प्रथम चरणका कवितामा प्रकृत्ति र मानव जीवन विषयवस्तुका रूपमा आएका छन् । विश्वनाथको लेखनयात्राको दोस्रो चरण वि.सं. २०२७ देखि वि.सं. २०३४ सम्म हो ।

समालोचनात्मक लेखमा बढी सक्रिय भई विश्वनाथले यस चरणमा लेखहरू लेखेका छन् । शिक्षा, स्वास्थ्य, राजमार्ग शासक र स्तुति साथै साहित्यिक विषयमा उनले कलम चलाएका छन् । पहिलो चरणभन्दा पृथक ढङ्गले ढकाल यो चरणमा देखिएका छन् ।  वि.सं. २०३५ देखि २०६१ सम्म उनको लेखनयात्राको तेस्रो चरण मानिएको छ । यस अगाडिका चरणमा पृथक पृथक देखिएजस्तै उनको अर्को यो चरण पनि भिन्न छ । निबन्धहरूको सङ्ग्रह डोल्पाली सेरोफेरो २०३५ मा प्रकाशित भएपछि ढकालको तेस्रो चरण सुरु भएको हो । कविता, समालोचनात्मक लेख हुँदै निबन्धमा ढकालले आफूलाई यस चरणमा अग्रसर तुल्याएका छन् । निबन्धमा वर्णनात्मक, विवरणात्मक दुवै पक्षलाई स्थान दिनु, सरल र सहज शैली अवलम्बन गर्नु, प्राकृतिक सौन्दर्यको वर्णन गर्नु, खेर गएका प्राकृतिक निधिलाई उपयोगमा ल्याउन ध्यान आकर्षित गर्नु आदि ढकालका तेस्रो चरणका विशेषता देखिन्छन् ।

विश्वनाथ ढकाल 'हिमालयकी कली' कवितामा प्रकृतिलाई मानवीकृत गरी राष्ट्रियकरण गर्न पुगेका छन् । नेपाल र यहाँको प्राकृतिक अवस्थाबाट कवि मोहित भई त्यसैममा आफू हराउने इच्छा व्यक्त गर्दछन् । 'मुनाको यादमा' कवितामा करुण रसात्मक अभिव्यक्ति व्यक्त गर्दै दुःख सुखमा प्रकृतिले समेत हातमा हात मिलाउँछ भन्न पुग्दछन् । ढकाल गीतिकवितामा होस् या छन्दबद्धकविताहरूमा होस मानवीय पक्षलाई कतै न कतै स्थान दिएकै हुन्छन् । प्राकृतिक सुन्दरतालाई झल्काउन र भाषिक मिठासता प्रदान गर्न विभिन्न स्रोतका शब्द चयन गरी कविता रोचक पार्दछन् । 'जीवन एक : वटवृक्ष' होस् या 'असार पन्ध्र' उनले कवितालाई प्रकृतिको सेरोफेरोभित्र समेट्दै आफ्नो भावाभिव्यक्ति प्रस्तुत गरेका छन् ।

विश्वनाथ ढकाल कविताका अतिरिक्त समसामयिक लेख लेखनमा पनि उत्तिकै सक्रिय देखिन्छन् । एकातिर जागिरे जीवनमा आबद्ध भएकाले त्यस पेसाप्रतिका कार्यलाई आफ्नो लेखमा स्थान दिएकै छन् भने अर्कोतिर देशको भौगोलिक प्राकृतिक सुन्दरतालाई पनि समेट्ने प्रयास गर्दछन् । उनको कतिपय

लेख शासक स्तुतिप्रति ढल्किएका छन् । विश्वनाथ एक विषय सीमित क्षेत्रमा मात्रै लेख लेखनमा सीमित भएका छैनन् । शिक्षा, स्वास्थ्य, साहित्यजस्ता विविध पक्षमा उनले लेख लेखेका छन् । पृथ्वीराजमार्ग एक सरसरी दृष्टिमा नेपाली साहित्यमा तनहुँको देन, भानुभूमि चुँदी-रम्घा, प्रेरणाकी प्रतिमूर्ति श्री ५ बडामहारानी, नयाँ शिक्षा नीतिमा अतिरिक्त कार्यकलाप, नेपालमा आयुर्वेदिक चिकित्सा पद्धतिजस्ता लेखहरूले विश्वनाथ समालोचक व्यक्तित्वका रूपमा पनि नेपाली साहित्यमा स्थापित हुन पुगेको देखिन्छ ।

विश्वनाथ ढकालका रचनाहरू वि.सं. २०२३ सालदेखि प्रकाशन हुन थालेका हुन् । उनका रचनामा तत्कालीन नेपाली समाज, विश्वपरिवेश, नेपाली परिवेश र शुद्ध प्राकृतिक झलक, नेपाली जनताका प्रथा परम्परा, साँस्कृतिक चाड पर्व भाषा, प्राकृतिक एवं भौगोलिक वातावरणगत अवस्थितिका विषयमा सँगालेका अनुभव-अनुभूति र त्यस विषयमा उब्जेका आफ्ना विचारहरको अभिव्यक्ति भएको छ । थोरै रचना रचेर पनि प्रशस्त अभिव्यक्तिकला देखाउन सक्षम ढकालका रचनामा कलात्मक सीप, सुन्दर अभिव्यञ्जना शैली, सरलता तथा सरसता जस्ता विशेषताहरू पाइन्छन् । हेरक घटना र भोगाइलाई कलात्मक शैलीमा यथातथ्य वर्णन गर्नु उनको लेखनको विशिष्ट पक्ष हो । उनले जे देखे, जे भोगे र जे अनुभव गरे ती सबै कुराहरू आफ्ना रचनामा उपस्थित भएका छन् । तसर्थ उनका रचनाहरू नेपाली इतिहासका सामग्री बनेका छन् । विश्वनाथ ढकालमा प्रशस्त विधागत सचेतता र भाषिक परिष्कार नदेखिए पनि अनुभूतिको सम्प्रेषण गर्ने सक्षम शैली छ । उनले सामाजिक, आर्थिक रूपले पछि परेका नेपाली जनतालाई जागरुक बनाउन राष्ट्रको ध्यान पुगोस् भन्ने अभिप्रायले आफ्ना भावना र विचारहरू व्यक्त गरेको देखिन्छ । भाषिक लचकता, मिठास र मधुरताले उनका साहित्यिक रचना पाठकका निम्ति सहज बनेका छन् । थोरै मात्र साहित्यको सिर्जना गरे पनि देवकोटाको जस्तै उच्च काव्यात्मकता र ताना शर्माको जस्तै ऐतिहासिक चेतना

ढकालमा प्रशस्तै पाइन्छ । जीवनको यथार्थलाई स्विकार्दै समयानुकूल परिवर्तन हुँदै जानुपर्छ भन्ने भाव ढकालका रचनामा पाइन्छन् ।

विश्वनाथ ढकालको आफ्नो जीवनलाई जागिरे रूपमा प्रशासनिक क्षेत्रमा पारिवारिक सामीजक रूपमा सोही क्षेत्रमा त कवि लेखकका रूपमा बदल्दै सँगसँगै लगेका छन् । उनी कवि हुन् । उनका कविताहरूले दिएको लयात्मक मिठास र सन्देश हालसम्म पनि उत्तिकै पठनीय र समयसान्दर्भिक देखिन्छ । प्रतियोगितात्मक रूपमा ढकालका अधिकांश कविता पुरस्कृत भएका छन् । तसर्थ थोरै लेखेर धेरै कविताका क्षेत्रमा उनको देन देखिन्छ । उनी निबन्धकारका रूपमा पनि त्यत्तिकै सक्रिय देखिन्छन् । स्थूल विषयवस्तु तर गहन अभिव्यक्ति उनका निबन्ध रचनाका विशेषता हुन् । नेपाली निबन्धका क्षेत्रमा संख्यात्मक तथा गुणात्मक श्रीवृद्धिमा ढकालको पनि महत्वपूर्ण योगदान देखिन्छ ।

# सन्दर्भसामग्रीसूची

अधिकारी, रामलाल, नेपाली निबन्धयात्रा, दार्जिलिङ : नेपाली साहित्य, १९७५ इ. ।

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रीविशाल, प्रयोगात्मक नेपाली शब्दकोश, दो.सं, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६३ ।

अब्राहम, एम.एच., ए ग्लोसरी अफ लिटररी टर्म्स, सातौं संस्क., बैङ्गलोर : प्रिज्म बुक्स प्रा.लि., सन् २००४ ।

उपाध्याय, केशवप्रसाद, साहित्यप्रकाश, पाँचौ संस्क., काठमाडौं : साहित्य प्रकाशन, २०४९ ।

))))))), पूर्वीय साहित्यसिद्धान्त, तेस्रो संस्क., काठमाडौं : साझा प्रकाशन, २०५५ ।

जोशी, कुमारबहादुर, देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना, काठमाडौं : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्, २०४८ ।

थापा, हिमांशु, साहित्य परिचय, चौ.संस्क., काठमाडौं : साझा प्रकाशन, २०५० ।

ढकाल, विश्वनाथ, डोल्पाली सेरोफेरो, काठमाडौं : आनन्दप्रेस, २०३५ ।

पोखरेल, बालकृष्ण र अन्य, (सम्पा.), नेपाली बृहत् शब्दकोश, काठमाडौं : ने.रा.प्र.प्र., २०४० ।

बराल, कृष्णहरि, गीत सिद्धान्त र इतिहास, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

शर्मा, तारानाथ, नेपाली साहित्यको इतिहास, दो.संस्क. काठमाडौं : सङ्कल्प, २०२९ ।

त्रिपाठी, वासुदेव र अन्य, नेपाली कविता भाग ४, पाँ.संस्क, ललितपुरः साझा प्रकाशन, २०६१ ।

**पत्रिकासूची**

ढकाल, विश्वनाथ, 'हिमालयकी कली', विवेक बिन्दु, बिन्दु १, बिन्दु १, २०२४ ।

))))))), 'मुनाको यादमा', विवेक बिन्दु, बिन्दु १, अङ्क १, २०२५ ।

))))))), 'जीवन एक वट वृक्ष', विवेक बिन्दु, बिन्दु ३, बिन्दु ३, २०२६ ।

))))))), 'एक गीत', विवेक बिन्दु, बिन्दु ४, बिन्दु ४, २०२६ ।

))))))), 'पृथ्वी राजमार्ग एक सरसरी दृष्टिमा', सगरमाथा साप्ताहिक, वर्ष १, अङ्क ४, २०२७ ।

रम्घाली, विना, 'शुभकामना छ एक बहुमुखी नारी व्यक्तित्वलाई', सगरमाथा साप्ताहिक, वर्ष १, अङ्क ६, २०२७ ।

))))))), 'प्रजातन्त्रमा निर्दलीयता', सगरमाथा साप्ताहिक, वर्ष १, अङ्क ७, २०२७ ।

ढकाल, विश्वनाथ, 'नेपाली साहित्यमा तनहुँको देन', भोलि, नेपाल विद्यार्थी संघ, तनहुँ, २०२८ ।

))))))), 'प्रेरणाकी प्रतिमूर्ति श्री ५ बडामहारानी', सगरमाथा साप्ताहिक, वर्ष २, अङ्क १०, २०२८ ।

))))))), 'नेपालको इतिहासमा शाहवंश र श्री ५ वीरेन्द्र', सगरमाथा साप्ताहिक, वर्ष ३, अङ्क १, २०२९ ।

))))))), 'नयाँ शिक्षा योाजनामा राष्ट्रिय विकास सेवा', सगरमाथा साप्ताहिक, वर्ष ३, अङ्क १७ ।

))))))), 'शाहवंश र श्री ५ वीरेन्द्र', सगरमाथा साप्ताहिक, वर्ष ४, अङ्क १, २०३० ।

))))))), 'नयाँ शिक्षा नीतिमा अतिरिक्त कार्यकलाप', सगरमाथा साप्ताहिक, वर्ष ४, अङ्क १३, २०३० ।

))))))), 'नेपालमा आयुर्वेदीय चिकित्सा', सगरमाथा साप्ताहिक, वर्ष ४ अङ्क १४, २०३० ।

रम्घाली, विना, ‘भानु भूमि चुँदी रम्घा’, सगरमाथा साप्ताहिक, वर्ष ४, अङ्क ९, २०३० ।

ढकाल, विश्वनाथ, ‘असार पन्ध्र’, स्वर्णजयन्ती स्मारिका, २०५१ ।

त्रिपाठी, वासुदेव, ‘साहित्यका मूलभूत विधाका सापेक्षतामा अन्य विधाको रेखाङ्कन’, अरूणोदय, वर्ष १, अङ्क २, २०३१ ।